# रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह**
**दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**टीकाराम फुलारा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**
**२०६३**

## शोधनिर्देशकको मन्तव्य

**रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली एम्.ए. दोस्रो वर्षका विद्यार्थी श्री टीकाराम फुलाराले मेरा निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रमपूर्वक तयार पारिएको उहाँको यस शोधपत्रसँग म पूर्ण सन्तुष्ट छु र यसको यथोचित मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति: २०६३/०९/२५

...............................

ईश्वरीप्रसाद गैरे

उपप्राध्यापक

नेपाली केन्द्रीय विभाग,

त्रि.वि. कीर्तिपुर ।

# त्रिभुवन विश्वविद्यालय

# मानविकी तथा समाजिक शास्त्रसङ्काय

# नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस शैक्षिक सत्र २०५९-६१ का छात्र श्री टीकाराम फुलाराले त्रि.वि.स्नातकोत्तर तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**' नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**१. प्रा. घनश्याम उपाध्याय कँडेल** ...............................
**नि. विभागीय प्रमुख**

**२. उपप्राध्यापक ईश्वरीप्रसाद गैरे** ...............................
**शोधनिर्देशक**

**३. प्रा.डा. केदारप्रसाद शर्मा** ...............................
**बाह्य परीक्षक**

**मितिः २०६३/१०/०५**

# कृतज्ञता–ज्ञापन

रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु उपप्राध्याक श्री ईश्वरीप्रसाद गैरेको निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोधपत्र तयार गर्ने सन्दर्भमा आफ्नो कार्य व्यस्तताका बीचबाट फुर्सद निकालेर प्रेमपूर्वक निर्देशन, सल्लाह र सुझाव दिनुका साथै शोधप्रतिवेदनको निरीक्षण र परिमार्जन गरिदिनुहुने श्रद्धेय गुरुज्यूप्रति हार्दिक आधार एवम् कृतज्ञता प्रकट गर्दछु ।

शोधशीर्षकलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने तात्कालिन आदरणीय गुरु विभागीय प्रमुख प्रा.डा. दयाराम श्रेष्ठप्रति तथा शोधपत्र स्वीकृति गरिदिनु हुने नि. विभागीय प्रमुख प्रा. घनश्याम उपाध्याय कँडेलप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह र सुझाव दिनुहुने श्रद्धेय गुरु प्रा.डा. व्रतराज आचार्य, प्रा. राजेन्द्र सुवेदी र उपप्राध्यापक कृष्णप्रसाद आचार्यप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

नेपाली भाषा, साहित्यका विविध शीर्षकहरूमा शोधकार्य गर्ने अवसर दिंदै आएकोमा नेपाली केन्द्रीय विभाग र शोधपत्र लेखनका सन्दर्भमा आवश्यक पुस्तक तथा पत्रपत्रिका उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति आभार व्यक्त गर्नलाई मैले आफ्नो दायित्व सम्झेको छु । त्यस्तै प्रस्तुत शोधपत्रको तयारीका क्रममा सामग्री सङ्कलनको स्रोत देखाइदिनुहुने तथा समाग्रीको प्रमाणिकता प्रदान गरिदिनुहुने श्रद्धेय शोधनायक प्रा.डा. रामचन्द्र भट्टप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनको वर्तमान क्षणसम्म हार्दिक उत्प्रेरणा प्रदान गर्नुहुने पुज्य पिता चन्द्रदेव फुलारा, माता स्वर्गीय पार्वतीदेवी फुलारा र दाजुभाउजू रघुनाथ फुलारा र शारदादेवी फुलाराप्रति आजीवन ऋणी रहनेछु साथै पढाइका लागि निरन्तर उत्प्रेरणा जगाईदिने आदरणीय समाजसेवी यज्ञराज पाठक, दुर्गाप्रसाद फुलारा, डिल्लीराज फुलाराप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा विभिन्न कोणबाट सहयोग गर्नुहुने मेरा सहृदयी मित्रहरू पवित्रा भट्ट, भीम श्रीस, अन्जान लामा, युवराज पाण्डेय, बालकृष्ण शर्मा, ताराप्रसाद शर्मा, गंगाधर अधिकारी ‘चिन्तन’ लगायत सम्पूर्ण साथीहरूलाई हार्दिक आधार व्यक्त गर्दछु । त्यसै गरी यस शोधपत्रको टङ्कण गरी सहयोग गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरका टङ्कारी अशोककुमार के.सी. र विष्णुदेवी के.सी.लाई धन्यवाद ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेस गर्दछु ।

..............................

टीकाराम फुलारा

मिति: २०६३/०९/२५

# सङ्क्षेपीकृत शब्दसूची

**सङ्क्षिप्त रूप पूर्णरूप**

आइ.ए. इन्टर अफ आट्स

इ.पू. इसा पूर्व

इ.सं. इश्वी सम्वत्

एम्.ए. मास्टर अफ आट्स

के.जी. किलोग्राम

दि.सि.न.पा. दिपायल-सिलगढी नगरपालिका

ने.के.वि. नेपाली केन्द्रीय विभाग

प्रा. प्राध्यापक

प्रा.डा. प्राध्यामक डाक्टर

पीएच्. डी. डाक्टर अफ फिलोसफि

बी.ए. ब्याचलर अफ आट्स

बी.एड् ब्याचलर अफ एजुकेशन

बी.एस्सी. ब्याचलर अफ साइन्स

वि.सं. विक्रम सम्वत्

पं. पण्डित

पृ. पृष्ठ

त्रि.वि. त्रिभुवन विश्वविद्यालय

दो.सं. दोस्रो संस्करण

सम्पा. सम्पादन

# विषयसूची

पृष्ठ संख्या

## पहिलो परिच्छेद
## शोधपरिचय


| | |
|---|---|
| १.१. शोधशीर्षक | १ |
| १.२ शोधपत्रको प्रयोजन | १ |
| १.३ विषयपरिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | ३ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ सामग्री सङ्कलन विधि | ५ |
| १.१० शोधपत्रको रूपरेखा | ६ |


## दोस्रो परिच्छेद
## रामचन्द्र भट्टको जीवनी


| | |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ बाल्यकाल | ७ |
| २.३ स्वभाव | ८ |
| २.४ शिक्षादीक्षा | |
| २.४.१ अनौपचारिक शिक्षा | |
| २.४.२ औपचारिक शिक्षा | ९ |
| २.४.३ स्वाध्ययन | १० |
| २.५ पारिवारिक पृष्ठभूमि र पूर्ख्यौली परम्परा | १० |
| २.६ उपनयन संस्कार | ११ |
| २.७ विवाह र सन्तान | ११ |
| २.८ पारिवारिक जीवन र आर्थिक अवस्था | १२ |
| २.९ बसोबास तथा आजीविका | १३ |
| २.१० जागिरे जीवन | १४ |
| २.११ भ्रमण | १४ |
| २.१२ रुचि तथा दिनचर्या | १५ |
| २.१३ लेखनका निम्ति प्रेरणा र प्रभाव | १६ |

२.१४ प्रकाशित पुस्तकाकार कृतिहरू १७
२.१५ प्रकाशित लेखहरू १८

## तेस्रो परिच्छेद

## रामचन्द्र भट्टको व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि २५
३.२ निजी व्यक्तित्व २
३.२.१ बाह्य व्यक्तित्व २६
३.२.२ आन्तरिक व्यक्तित्व २७
३.२.३ सार्वजनिक व्यक्तित्व २७
३.३.साहित्यिक व्यक्तित्व २८
३.३.१ स्रष्टा व्यक्तित्व २८
३.३.१.१. निबन्धकार व्यक्तित्व २९
३.३.१.२ काव्यकार व्यक्तित्व २९
३.३.२ द्रष्टा व्यक्तित्व ३०
३.३.२.१ अन्वेषक तथा समालोचक व्यक्तित्व ३०
३.३.२.२ सम्पादक व्यक्तित्व ३२
३.३.२.३ अनुवादक व्यक्तित्व ३२
३.३.२.४ लेखक व्यक्तित्व ३२
३.३.२.५ बहुभाषिक व्यक्तित्व ३३
३.४ साहित्येत्तर व्यक्तित्व ३३
३.४.१ धार्मिक-सांस्कृतिक व्यक्तित्व ३३
३.४.२ प्राध्यापन व्यक्तित्व ३५
३.४.३ राजनैतिक व्यक्तित्व ३५
३.४.४ दार्शनिक चिन्तक व्यक्तित्व ३५
३.४.५ जीवनदर्शन ३६
३.५ जीवनी, व्यक्तित्व र साहित्यलेखनको अन्तःसम्बन्ध ३६
३.६ निष्कर्ष ३७

## चौथो परिच्छेद

## रामचन्द्र भट्टको कृतित्वको अध्ययन

४. साहित्यिक कृतिको अध्ययन ३९

४.१ 'आमाको सम्झना' खण्डकाव्यको विवेचना ३९
४.१.१ संरचनाविधान ३९
४.१.२ पात्रविधान ४०
४.१.३ वस्तुयोजना ४१
४.१.४ उद्देश्य ४३
४.१.५ भावविधान ४४
४.१.६ लयविधान ४५
४.१.६.१ शार्दूलविक्रीडित ४५
४.१.६.२ स्रग्धरा ४६
४.१.६.३ मन्दाक्रान्ता ४६
४.१.६.४ अनुष्टुप ४७
४.१.७ कथनपद्धति ४७
४.१.८ अलङ्कार ४७
४.१.८.१ शब्दालङ्कार ४८
४.१.८.१.१ अन्त्यानुप्रास ४८
४.१.८.२ अर्थालङ्कार ४८
४.१.८.२.१ उपमा ४८
४.१.९ भाषाशैली ४९
४.२ निष्कर्ष ४९
४.२. कविता कामिनि विनोद खण्डकाव्यको विवेचना ५१
४.२.१ संरचना ५१
४.२.३ पात्रविधान ५१
४.२.४ वस्तुयोजना ५१
४.२.५ उद्देश्य ५५
४.२.६ भावविधान ५६
४.२.७ लयविधान ५७
४.२.७.१ शार्दूलविक्रीडित छन्द ५७
४.२.७.२ बसन्ततिलका छन्द ५८
४.२.७.३ उपजाति ५८
४.३ कथनपद्धतिः ५८
४.३.१ अलङ्कार ५९

४.३.२ शब्दालङ्कार : अत्यानुप्रास ५९
४.३.३ अर्थाङ्कार : उपमा अलङ्कार ६०
४.४ भाषाशैली ६०
४.५ निष्कर्ष ६२
४.६ प्राज्ञिक त्रिवेणी ६३
४.६.१ समाजको सापेक्षतामा दर्शन ६३
**४.६.२ एक सन्दर्भ : उपनिषद्को रचनाकाल तथा यसको पाश्चात्य जगत्मा अनुशीलन** ६४
४.६.३ उपनिषद् र आजको सन्दर्भ ६५
४.६.४ उपनिषद् शिक्षा कति सान्दर्भिक ? ६६
४.६.५ उपनिषद् : मानव अस्तित्वको लागि ६७
४.६.६ चित्रमेव हि संसारः तत्प्रत्ययनेन शोधयेत ६७
४.६.७ जनजीवनमा प्राकृतको प्रभाव ६८
४.६.८ श्री शैलेश्वरी : एक परिचय ६९
४.६.९ नेपाली साहित्यका क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल ७०
४.६.१० नेपाली भाषा शिक्षणमा प्राथमिकदेखि प्रमाणपत्र तहका कक्षागत उद्देश्य तथा क्रियाकलाप ७१
४.७ समीक्षाको नौलो पाइला ७२
४.८ पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक ७७
४.९ साहित्येत्तर कृतिको अध्ययन ७९
४.९.१ श्री पशुपतिनाथ एक परिचय ७९
४.९.२ प्रुफ रिडिङ्ग कला ८०

**पाचौँ परिच्छेद**
**उपसंहार**

उपसंहार ८१
सम्भावित शोध शीर्षकहरू ८५
**सन्दर्भसामग्रीसूची** ८६

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'रामचन्द्रभट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्रअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौंपत्रको प्रयोजनको निम्ति तयार गरिएको हो ।

## १.३ विषय परिचय

रामचन्द्र भट्टको जन्म सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चल, डोटी जिल्ला, दिपायल सीलगढी नगरपालिका वडा नं १ सीलगाउँमा बुवा उमाकान्त भट्ट र आमा विनोदिनी भट्टका साहिँला छोराका रूपमा वि.सं १९९८ भाद्र ३ गते सोमबार/ सन् १९४९ अगस्त, १८ भएको हो । मध्यमवर्गीय सम्पन्न परिवारमा हुर्किएका भट्टको पारिवारिक शैक्षिक वातावरण उच्च किसिमको थियो । बुवा पं. उमाकान्त भट्टबाटै अक्षरारम्भ गरिएका भट्टले स्थानीय पद्यमपब्लिक माध्यमिक विद्यालयबाट औपचारिक रूपमाअध्ययन सुरु गरेका हुन् । उनले सोही स्कुलबाटै द्वितीय श्रेणीमा टेस्ट परीक्षा उत्तीर्ण गरी चौखण्डा उच्च माध्यमिक विद्यालय वाराणसीबाट प्रवेशिका उर्त्तीण गरेका हुन् । तर पनि उनले बोर्ड अफ हाइस्कुल एण्ड इन्टरमिडियट एजुकेशन उत्तरप्रदेश इलाहावादबाट सन् १९६४ मा प्राइभेट परीक्षार्थीको रूपमा द्वितीय श्रेणीमा आइ. ए. पास गरे र त्रि.वि.बाट शास्त्री, बी.ए र बी. एड्., साहित्यमा आचार्य एम्. ए. नेपाली, र एम्. ए. संस्कृत र विद्यावारिधी समेत उत्तीर्ण गरेका छन् । उनको विद्यावारिधी शोधपत्रको शीर्षक 'उपनिषद् दर्शनको नेपाली वाङ्मयमा विवेचना' हो । उनले महेन्द्रविद्याभूषण 'क' र 'ख', शिक्षा दिवस पुरस्कार र दीर्घसेवा पदक प्राप्त गरेका छन् । भट्टले शिक्षामन्त्रालयबाट मनोनीत भई

अतिथि प्राध्यापकको रूपमा ई. १९८९ देखि १९९३ सम्म वनारस हिन्दू विश्वविद्यालयमा प्राध्यापन गरेका छन् । २०१५ देखि नै अध्यापनका क्षेत्रमा संलग्न भएका भट्ट त्रि. वि.अन्तर्गतका विविध आंङ्गिक क्याम्पसमा सहायक प्राध्यापक र उपप्राध्यापक भएर काम गरेका छन् भने संस्कृत केन्द्रीय शिक्षण विभागमा समेत प्राध्यापन गरी नेपाली विभाग त्रि.वि. कीर्तिपुरमा प्राध्यापन गरेका छन् र २०६१ सालमा प्राध्यापक पदबाट अवकास प्राप्त गरेका छन् ।

जीवनको उत्तरार्धबाट साहित्यका क्षेत्रमा कलम चलाएका भट्टले साहित्यिक र साहित्येतर कृतिको रचनाका साथै केही पत्रिकाको सम्पादन र थुप्रै पत्रपत्रिकाहरूमा फुटकर लेखहरू प्रकाशित गरेका छन् । उनका प्रकाशित कृतिहरू यसप्रकार छन् -

१.'आमाको सम्झना' (शोक खण्डकाव्य-२०४६)

२. कविता कामिनी विनोद (लघुकाव्य -२०४६)

३. प्राज्ञिक त्रिवेणी (निबन्ध)

४. पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक' (समालोचना -२०५६)

५. समीक्षाको नौलो पाइला (कृतिसमीक्षा -२०४६)

६. पशुपतिनाथ एक परिचय (धार्मिक -२०४२)

७. पनौति मेला (सह-लेखन)

८. प्रूफरिडिङ्ग कला (सम्पादन -२०५१)

९. 'वैद्यनाथ' वार्षिक पत्रिका (सहसम्पादन)

१०.विविध पत्रपत्रिकामा लेख- निबन्धहरू)

## १.४ समस्याकथन

आफ्नो साहित्य यात्राको प्रारम्भदेखि नै साहित्यक क्षेत्रमा काम गर्दै आएका रामचन्द्रभट्टका बारेमा छिटफुटरूपमा सामान्य चर्चा परिचर्चा भए पनि उनको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा कसैले पनि सुव्यवस्थित ढङ्गले अध्ययन गरेको पाइँदैन । अतः प्रस्तुत शोधपत्रमा निम्न लिखित शोधसमस्याहरूका माध्यमले रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र

कृतित्वका विविध पक्षमा अनुसन्धान गरिएको छ । क. रामचन्द्र भट्टको जीवन के-कस्तो छ ? ख. उनका व्यक्तित्वका पाटाहरू के-कस्ता छन् ? ग. उनका कृतिहरू के-कति र के-कस्ता छन् ? घ. नेपाली साहित्यमा उनको योगदान के-कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

रामचन्द्र भट्टको अद्यावधि जीवनको प्रस्तुति, जीवनका प्रमुख घटनाको उद्घाटन, उनको व्यक्तित्वको परिचय, साहित्यिक प्रवृत्तिहरू, साहित्यिक र साहित्येतरतर्फका विविध पाठ्यपुस्तकात्मक कृतिको अध्ययन, विविध पत्रपत्रिकामा फुटकर लेखहरू र अप्रकाशित लेखरचनाहरूको विवरण प्रस्तुत गर्नुका साथै नेपाली साहित्य वा उनले साहित्येतर फाँटमा गरेको योगदानको चर्चा गरी उनका प्रवृत्तिगत मौलिकता औंल्याउनु प्रस्तुत शोधको प्रयोजन यसप्रकार निर्धारण गरिएको छ - क) रामचन्द्र भट्टको जीवनी स्पष्ट्याउनु, ख) उनका व्यक्तित्वका पाटाहरू स्पष्ट्याउनु, ग) उनका कृतिहरूको विवेचना गर्नु , घ) नेपाली साहित्यमा उनको योगदान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित भई यसभन्दा अघि खासै पूर्वकार्य भएका छैनन् । उनका कृति तथा प्रवृत्तिका बारेमा उनकै कृतिहरूमा गरिएका प्रकाशकीय, मन्तव्य, भूमिका, सम्मति, शुभेच्छा र पत्रपत्रिकामा गरेका सामान्य चर्चा परिचर्चा बाहेक कसैले पनि सुव्यस्थित ढङ्गले प्रयोग गरिएको पाइँदैन । भट्ट र उनको कृतित्वको बारेमा यस पूर्व भएका विविध चर्चा, परिचर्चाको विवरणात्मक समीक्षा भूमिकाको रूपमा तल प्रस्तुत गरिएको छ ।

अच्युत सुवेदी (२०४६) ले 'कविताकामिनी' विनोद' खण्डकाव्यको प्रकाशनमा भएको कथानक, युटोपियाका रूपमा यथार्थ र काल्पनिक दृष्टिले कहिले कतै गाउँघरमा देखापर्ने गरेको र अरु कुनै पनि काव्यकारले काव्यमा आफ्ना कविताहरूको यसरी घटना प्रस्तुतीकरण गरिएको नपाएकोले उनलाई यो नौलो र बेग्लै लागेको कुरा व्यक्त गरेका छन् ।

देवबहादुर बस्नेत (२०४६) ले 'कविताकामिनी विनोद' को भूमिका लेख्दा कृतिमा नारीले दर्शाएको आर्दशको कदर पुरुषबाट मनोविश्लेषणात्मक किसिमबाट भएको र नैतिकपक्ष र सामाजिक विसङ्गतिलाई पछ्याउने कोशिस गरेको कुरा प्रस्तुत गरेका छन् ।

शैलेन्द्रप्रकाश नेपाल (२०५१) ले 'मधुपर्क' असारमा आफ्नी वात्सल्यमयी आमाको वियोगमा लेखिएको 'आमाको सम्झना' शोककाव्यलाई आशु शोककाव्य पनि भनिएको कुरा उल्लेख गर्नका साथै यसलाई पहिलो उछ्वास गरी दुई भागमा बाँडेर लेखिएको र शार्दूलविक्रीडित र मान्दाक्रान्ता छन्दका ५६ श्लोक रहेको तर काव्यात्मक प्रचुरता भने नभएको बताएका छन् ।

डा. केशवप्रसाद उपाध्याय (२०५६) ले 'पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक' नामक भट्टको कृतिमा मन्तव्य व्यक्त गर्दा रामचन्द्र भट्ट पूर्वीय काव्य र काव्यशास्त्रका विद्वान तथा मर्मज्ञ भएको कुरा उल्लेख गरेका छन् ।

प्रा. ठाकुरप्रसाद पराजुली (२०५६) ले 'पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक' नामक कृतिमा मन्तव्य व्यक्त गर्दा अध्ययनको लामो अनुभव भएका भट्टले पूर्वीय अलङ्कारका शास्त्रका केही मान्यता र संस्कृत साहित्यका केही अमर रचनाहरूको अनुवादलाई एउटै कलेवरभित्र समेटेकाले साहित्यशास्त्रका जिज्ञासुलाई यो कृति राम्रो खुराक हुने बताएका छन् ।

प्रा. डा. रामचन्द्र झा 'शास्त्री' (२०५६) ले 'पौरस्त्य समालोचना सिद्धान्त र संस्कृतको साहित्यको झलक' नामक कृतिमा शुभ-सम्मति लेख्ने क्रममा कुनै चतुर मालाकारले विविध पुष्पवाटिकाहरूबाट फूलहरू टिपेर एउटा मनोरम माला तयार पारेझैं विद्वान् भट्टले प्राचीन र नवीन अनेकौं आलोचनात्मक ग्रन्थहरूबाट विविध विषयहरूको छनौट गरेर यिनको उचित साधनाद्वारा यो कृति तयार गरेको कुरालाई समावेश गरका छन् ।

प्रा.डा. दयाराम श्रेष्ठ, 'प्रधान सम्पादक' र अन्य सम्पादक रहेको नेपाली केन्द्रीय विभागद्वारा प्रकाशित वाङ्मय ११ मा रामचन्द्र भट्टको जन्म मिति सन् १९४१ मा भएको र शिक्षा क्षेत्रमा उनले नेपाली र संस्कृतमा एम्. ए. र पीएच्.डी. गरेको र 'पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक' नामक कृतिको रचना गरेको कुरा उल्लेख गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

चारदशक लामो समयदेखि साहित्यको सेवा गर्दै आएका साहित्य-साधक रामचन्द्र भट्टका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्यरूपमा टिप्पणी, चर्चा-परिचर्चाबाहेक विस्तृत, सुव्यवस्थित अध्ययन अनुसन्धान नभएका परिप्रेक्ष्यमा गरिने अध्ययन र अनुसन्धान स्वतः औचित्यपूर्ण देखिन्छ । समवर्ती र उत्तरवर्ती साहित्यिक व्यक्तिहरूको लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रेरणादायी बन्नका साथै उनको साहित्यिक मान्यताका बारेमा जानकारी गर्न चाहने व्यक्तिहरूलाई पूर्ण जानकारी गराउन यसले महत्वपूर्ण भूमिका खेल्ने छ । साथै नेपाली साहित्यिक-अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग गर्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत अध्ययन साहित्यकार रामचन्द भट्टले जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनमा आधारित रहेको छ । यसमा उनका सम्पूर्ण पुस्तकाकार कृतिहरूको विविध कोणबाट विवेचना गरिएको छ । यति हुँदाहुँदै पनि समयसीमाका कारण यस शोधपत्रमा उनका फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा रहेका विविध रचनाहरूको ,विस्तृत अध्ययन नगरेर सूचिमात्र तयार गरिएको छ । उनी अद्यावधि साहित्यका क्षेत्रमा सक्रिय रहेका हुनाले यसमा उनका २०६३ साल वैशाखसम्म प्रकाशित रचनाहरूलाई समेटिएको छ ।

## १.९ सामग्रीसङ्कलन तथा विश्लेषण विधि

प्रस्तुत शोध लेखनका क्रममा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार मानिएको छ । यस क्रममा सम्बद्ध पुस्तक वा पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यसको साथै अनुसन्धेय व्यक्तिसँग प्रत्यक्षरूपमा भेटघाट गरी लिखित र मौखिक रूपमा आवश्यक प्रश्नावली र अर्न्तवार्ताका माध्यमबाट पनि जानकारी लिइएको छ । यसैगरी भट्टका कृति तथा सम्पादित कृतिका बारेमा लेखिएका भूमिका र मन्तव्यहरूलाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ । शोधनायकका अतिरिक्त उनका समकालीन विद्वान् , प्राध्यापक एवम् सामालोचकहरूसँग पनि सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत शोधपत्रमा

सङ्कलित सामग्रीहरूको विश्लेषणका क्रममा जीवनपरक समालोचना र साहित्यिक विधा सिद्धान्तहरूलाई प्रमुख आधार मानिएको छ । यसैअनुरूप उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यो शोत्रपत्रलाई जम्मा ५ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेदका शीर्षकहरू यसप्रकार छन्-

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : रामचन्द्र भट्टको जीवनी

तेस्रो परिच्छेद : रामचन्द्र भट्टको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : रामचन्द्र भट्टको कृतित्वको अध्ययन ।

पाँचौ परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

# रामचन्द्र भट्टको जीवनी

रामचन्द्र भट्टको जीवनयात्राका विविध पक्षलाई स्पष्ट्याउने क्रममा उनको जीवनीलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी संक्षिप्तरूपमानिम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ जन्म र जन्मस्थान

सुदूरपश्चिमाञ्चल विकासक्षेत्रको अत्यन्तै रमणीय पहाडी भू-भाग, तल सेती नदीको सुरिलो कलकल आवाज त माथि नेपालकै पर्यटकीय स्थल खप्तडको मनमोहक दृष्यका बीचमा पर्ने दिपायल-सिलगढी नगरपालिका वडा नं १ सिलगाउँमा पिता उमाकान्त भट्ट र आमा विनोदिनीदेवी भट्टका चारभाइ छोराहरूमध्ये साहिँला सुपुत्रका रूपका राचचन्द्र भट्टको जन्म वि.सं. १९९८ भाद्र ३ गते सोमबार अर्थात १८ अगस्ट १९४१ इ मा भएको हो । उनको न्वारनको नाम टीकाराम भट्ट हो । यिनी औपचारिक रूपमा रामचन्द्र भट्टका नामबाट सबैतिर परिचित छन् । यिनी बशिष्ठ गोत्रयि ब्राह्मण हुन् । [१]

## २.२ बाल्यकाल

बाल्यावस्था मानव जीवनको प्रारम्भिक चरण भएकाले यस उमेरमा जुनसुकै बालक पनि बालसुलभ आचरण, मनोञ्जन तथा खेलकुदमा रमाउने गर्दछन् । बाल्यकालमा आइपर्ने आपतविपतको सामना गर्नुपर्दा कतिपय व्यक्तिको आफ्नो शारीरिक र मानसिक विकासमा नै असर पर्न जान्छ । भारतको कुर्माञ्चल प्रदेशबाट आई डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका वडा नं १ सिलगाउँमा बसोबास गरेका ब्राह्मण परिवारमा जन्मेका रामचन्द्र भट्टको बाल्यकाल निकै सुख र खुशीका साथ वितेको पाइन्छ ।[२] डोटी राजाका पालामा पूर्खा सदाशिव शर्माले पूजारी पद पाएको र त्यही पूर्ख्यौली पेसा अपनाउँदै आएका उनका बाजे

---

[१] शोधनायकबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

गौरीशङ्कर भट्ट शैलेश्वरी मन्दिरका पूजारी थिए र बुवाले पनि त्यही पेसा अपनाए ।[3] केही बाजेबाटै र धेरै जसो बुवाबाट सिक्दै आएका भट्टमा ज्योतिष, कर्मकाण्ड र व्याकरणको प्रशस्तै ज्ञान छ । जन्मका हिसाबले साहिँला भए तापनि उनी आफ्ना आमा बुवाका सबैभन्दा प्यारा छोरा थिए ।[4] उच्चमध्यम वर्गीय परिवारमा जन्मेका, जमिन जग्गा र धन सम्पत्ति बाजेकै पालादेखि प्रशस्त भएका कारण र आमा बुवासँगको लामो बसाइका कारण भट्टले दुःख र अभावको महसुस नै गर्न पाएनन् ।[5]

## २.३ स्वभाव

प्रत्येक मानिसका आ-आफ्नै किसिमका स्वभावहरू हुन्छन् । उसलाई हुर्काउने वातावरण उसले देखेको संसार उसले प्राप्त गरेको अनुभव र ज्ञानका आधारमा मानिसको स्वभाव निर्धारण हुन्छ । त्यसैले समयान्तरालमा समाजका हरेक कुराहरूसँग मानिसको स्वभावमा पनि परिवर्तनहरू देखापर्छन् । उच्चमध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका भट्टमा स्पष्ट रूपमा परिवारको छाप परेको देखिन्छ । स्वभावैले बालकहरू चञ्चल हुन्छन् तर अत्यन्त शान्त र सरल मिजासका भट्टमा शैशवकालदेखि नै चञ्चलताभन्दा बढी गम्भिरता र जिज्ञासुपन थियो । अत्यन्त तीक्ष्ण बुद्धि भएका भट्ट सधैं आफूलाई अध्ययन, अध्यापन कार्यमा संलग्न गराई राख्दथे । धार्मिक कुरामा बढी विश्वास राख्ने भट्ट सदैव निधारमा रातो र पहेंलो टीका लगाउँछन् र प्रत्येक दिन बिहान एक घण्टा पूजा पाठ गर्छन् ।[6] आफ्नो जन्म स्थानलाई सानैदेखि नै उनी अत्यन्त माया गर्छन् ।

## २.४ शिक्षादीक्षा

शिक्षा मानव जीवनको सार्थकताका लाथिग अभिन्न अङ्ग हो तर समाज, परिवेश र परिवारको आधारमा उसको जीवनलाई तय गर्न सकिन्छ । जस्तो हाम्रो वरिपरिको वातावरण र पारिवारिक पृष्टभूमि हुन्छ प्रायः त्यही परिवेशमा नै हामी हुर्कन्छौ । तर रामचन्द्र भट्ट ब्राह्मण,

---

३ ऐजन ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

सुशिक्षित र सम्पन्न परिवारमा जन्मनुका साथै जिल्लाको सदरमुकाममा जन्मेकाले सानै उमेरदेखि उनमा पढाइप्रति निकै अभिरुचि थियो । उनले ग्रहण गरको शिक्षालाई अनौपचारिक शिक्षा, औपचारिक शिक्षा र स्वाध्ययन गरी तीन निम्न सन्दर्भमा हेर्न सकिन्छ ।

## २.४.१ अनौपचारिक शिक्षा

रामचन्द्र भट्टको परिवार त्यसबेलाको समाजमा शिक्षित र सुसंस्कृत परिवार भएकाले र यिनका पिता स्वयं पनि संस्कृतका विद्वान् हुनाले शास्त्रीय विधिविधानअनुसार रामचन्द्र भट्ट ५ वर्ष लाग्ने वित्तिकै श्रीपञ्चमीको सुप्रभातको शुभमुहूर्तमा सिलेटमा खरीले लेखी उलनलाई आफ्नै घरमा आफ्ना बुवाबाट शिक्षारम्भ गराइएको थियो । ज्योतिष, कर्मकाण्ड, वेदान्त, व्याकरणमा पारङ्गत र सुदूरपश्चिमका प्रसिद्ध पुराणवाचक उनका पिता पं. उमाकान्त भट्टकै साथमा छँदा यी विषयहरूका बारेमा रामचन्द्रले निकै ज्ञान हासिल गर्ने अवसर पाएका थिए । उनले घरमा रहँदा नै संस्कृत भाषाका प्रारम्भिक ग्रन्थहरूको अध्ययन गरेका थिए ।

## २.४.२ औपचारिक शिक्षा

भट्टले आफ्नो औपचारिक शिक्षा एकैचोटी कक्षा तीनमा स्थानीय पद्मपब्लिक माध्यमिक विद्यालयबाट सुरु गरेका थिए । कक्षा सातदेखि कक्षा नौसम्म उनी कक्षा नायक पनि बने ।[७] उनले त्यसै स्कूलबाट एस.एल.सी.को टेस्ट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरी भारतको चौखण्डा उच्चमाध्यमिक विद्यालय, वाराणसीबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे । त्यसपछि उनले प्राइभेट विद्यार्थीको रूपमाबोर्ड अफ हाइस्कूल एण्ड इन्टरमिडियड एजुकेशन उत्तरप्रदेश इलाहावादबाट सन् १९६४ मा हिन्दी, अंग्रेजी, नागरिकशास्त्र र नेपाली विषय लिई द्वितीय श्रेणीमा आइ. ए. पास गरे ।

त्रिभुवन विश्वविद्यालयबाट द्वितीय श्रेणीमा शास्त्री परीक्षा उत्तीर्ण गरेका भट्टले प्राइभेट परीक्षार्थीका रूपमा सन् १९६९ मा बी.ए. पास गरेपछि त्रि. वि. बाटै सन् १९७१ मा एकवर्षे बी.एड् द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । सन् १९७२ मा संस्कृत विषय लिई एम्. ए. प्रथम श्रेणी उत्तीर्ण गरेका भट्टले प्राइभेट परिक्षार्थीका रूपमानै द्वितीय श्रेणीमा त्रि.वि.बाटै नेपाली

---

[७] ऐजन ।

विषयमा एम्.ए.पास गरेमा छन् । २०४१ सालमा त्रिभुवन विश्वविद्यालयबाट 'उपनिषद् दर्शनको नेपाली वाङ्मयमा विवेचना' शीर्षकमा विद्यावारिधि प्राप्त गरे पछि भट्टको औपचारिक शिक्षा पूरा भएको देखिन्छ ।

## २.४.३ स्वाध्ययन

अध्ययन-अध्यापन कार्यमा निकै चासो राख्ने रामचन्द्र भट्टको स्वाध्ययनको क्षेत्र पनि निकै फराकिलो छ। भट्टले नेपाली, हिन्दी, संस्कृत, अंग्रेजी आदि साहित्यका विविध कृतिहरूको अध्ययन गर्नाका साथै कालिदासका अधिकांश काव्य तथा नाट्य कृतिको अध्ययन, भारवी, वाण, माघ र श्रीहर्ष आदिका संस्कृत काव्यहरूको पनि गहन अध्ययन गरेका छन् । यसै गरी हिन्दी साहित्यका विद्वान्हरूमा पं. रामचन्द्र शुक्लका कृतिहरू, प्रसाद पन्त र निराला कविहरूका कृतिहरूको पनि स्वाध्ययन गरेका छन् भने बङ्गाली साहित्यकार रवीन्द्रनाथ टैगोर, अंग्रेजीका शेक्सपियर, बर्नाड शा, कामु, किर्केगार्ड, होमर, मिल्टन आदिका कृतिहरूको अध्ययन पनि गरेका छन् । उनले नेपाली साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवाकोटा, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, बालकृष्ण सम आदि थुप्रै साहित्यकारका कृतिहरूको अध्ययन गरेका छन् । यिनले ज्योतिष, कर्मकाण्ड जस्ता विषयको पनि राम्रो अध्ययन गरेका छन् भने पाश्चात्य दर्शनको आंशिकरूपमा अध्ययन गरेका छन् ।

# २.५ पारिवारिक पृष्ठभूमि र पूर्ख्यौली परम्परा

रामचन्द्र भट्टका पूर्खाहरू भारतका मुस्लिम शासक औरङ्गजेवको समय भन्दा पनि अघि नै उत्तर भारतको कन्नौज प्रदेश जसको पौराणिक नाम (कान्नीकुञ्ज) बाट कुर्माञ्चल प्रदेश हुँदै त्यस बेलाको डोटी राज्यमा आएर बसोबास गरेको जानकारी पाइन्छ ।[८] हिन्दुस्थानमाथि मुसलमानहरूको आक्रमण पछि ब्राह्मणहरूलाई जवरजस्ती मुसलमान धर्मको अनुसरण गर्न लगाइएको हुँदा आफ्नो ब्रह्मत्व जोगाउन उनीहरू पहाड खण्डमा पलायन भएको किंबदन्ती पाइन्छ ।[९] भट्टका पुर्खाहरूले डोटी राज्यमा आएदेखि स्थानीय मन्दिर श्री शैलेश्वरीको मुख्य

---

[८] ऐजन ।
[९] ऐजन ।

पुजारीका रूपमा काम गर्दै आएका छन् । यो परम्परा उनका छोरा डमरुचन्द्र भट्टका पालासम्म पनि कायमै देखिन्छ ।

## २.६ उपनयन संस्कार

हिन्दु परम्परामा बालक जन्मे पछि सर्वप्रथम नामाकरण गर्ने प्रचलन छ र त्यसपछि प्रायः गरेर ब्राह्मण र क्षेत्री समुदायमा दोस्रो कर्म उपनयन वा व्रर्तबन्ध गरिन्छ । यो कर्म शास्त्रीय विधिअनुसार ७/८ वर्षको उमेरमा सम्पन्न गरिन्छ । यसै अनुरूप रामचन्द्र भट्टको उपनयन संस्कार वैदिक विधिविधानअनुरूप आठ वर्षको उमेरमा भारतको दूधविनायक, वाराणसीमा भएको थियो । उनलाई गायत्री मन्त्र सुनाउने गुरु डोटी जैसेरा निवासी पं. करुणाकर पनेरू थिए ।[१०]

## २.७ विवाह र सन्तान

विवाह एक सामाजिक संस्कार हो । हिन्दु ब्राह्मण परम्पराअनुसार नामाकरण, व्रतबन्ध पछि विवाह कर्म मुख्य हुन्छ । हिन्दु परम्पराअनुसार विवाहपछि मात्र मानिसको जीवनले पूर्णता पाउँछ । विवाहका माध्यमबाट श्रीमान् र श्रीमतीका बीच दाम्पत्य जीवन आरम्भ हुन्छ । रामचन्द्र भट्टको विवाह वि.सं २०१५ सालमा १७ वर्षको उमेरमा डोटी जिल्लाको मुडेगाउँ निवासी ज्योतिषी नारद जोशीकी १२ वर्षिया छोरी मन्दाकिनी जोशीसँग सम्पन्न भएको थियो ।[११]उनी पतिमा भक्तिभाव राख्ने, शुद्ध आचरण भएकी र आध्यात्मिक चिन्तनकी छन् । उनी आदर्श गृहिणी हुन् । माइती र घर दुवैतिरको वातावरणले धार्मिक कार्यमा लाग्न मन्दाकिनीलाई निकै प्रेरित गरेको देखिन्छ । अहिले पनि उनी आफ्नो बढी समय धार्मिक कार्यमा नै व्यतित गर्छिन् । रामचन्द्रको दाम्पत्य जीवन निकै आनन्दमयी भएर वितेको देखिन्छ । सानै उमेर विवाह भए पनि निश्चल र पतिभक्तिमा समर्पित मन्दाकिनीले रामचन्द्रको हृदय जितेकी थिइन भने रामचन्द्र भट्ट पनि आफ्नी श्रीमतीको व्यवहारबाट जिन्दगीभर खुशी नै रहेको पाइन्छ । उनको दाम्पत्य जीवनमा पतिपत्नीबीच कहिल्यै नराम्रो भएको पाइँदैन ।

---

[१०] ऐजन ।

[११] ऐजन ।

रामचन्द्र भट्ट र मन्दाकिनीका कोखबाट चार छोरा र एक छोरीको जन्म भएको देखिन्छ । उनका जेठा छोरा डिल्लीराम भट्ट हुन् उनको जन्म २०१६ सालमा भए पनि शिशुअवस्थामा नै २०१८ सालमा उनको मृत्यु भएको थियो । माहिला छोरा माधव भट्टको जन्म २०१८ सालमा भएको थियो । उनी पनि शिशुअवस्थामा नै २०२० सालमा दिवङ्गत भए ।[१२] दुईवटा छोराको शिशुअवस्थामा नै मृत्यु भए पछि तेस्रो सन्तानका रूपमा २०२२ सालमा डमरुचन्द्र भट्टको जन्म भएको देखिन्छ । यिनले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी विषयमा एम्.ए. पास गरेका छन् र उनको विवाह वैतडी जिल्ला निवासी सह. प्रा. जयदेव लेखकको छोरी कल्याणी लेखकसँग भएको छ ।[१३] उनले पनि त्रि.वि.बाटै अंग्रेजी विषयमा एम्.ए. पास गरेकी छिन् । एक छोरा र एक छोरीका आमा बुवा डमरुचन्द्र र कल्याणी दुवै डोटी क्याम्पस डोटीमा अंग्रेजी विषयको प्राध्यापन पेसामा संलग्न छन् । रामचन्द्र भट्ट मन्दाकीनीका चौथो सन्तानका रूपमा २०२८ मा भरत भट्ट जन्मेका छन् उनले यसैवर्ष त्रिचन्द्र क्याम्पसबाट बी.एस्सी. तेस्रो वर्षको परीक्षा दिएका छन् यसै गरी पाँचौ सन्तानका रूपमा २०३८ सालमा जन्मेकी पार्वती भट्टले डोटी क्याम्पस डोटीबाट अंग्रेजी विषय लिई बी.ए. पास गरेकी छिन् । उनको विवाह डडेलधुरा जिल्ला (हाल कैलाली निवासी)का भोजराज जोशीका सुपुत्र प्रकाश जोशीसँग २०६१ सालमा भएको छ ।[१४]

## २.८ पारिवारिक जीवन र आर्थिक अवस्था

बुबा पं. उमाकान्त भट्ट र आमा विनोदिनी भट्टका चार भाइ छोरा गोविन्द, कृष्ण, रामचन्द्र र नारायणमध्ये जन्मका हिसाबले साहिँला रामचन्द्र भट्टको जीवन लामो समय आमाबुवाको न्यानो माया र स्नेहमा बितेको देखिन्छ । उनका आमाबुबाले उनलाई सबै छोराभन्दा बढी माया गर्थे भन्ने जानकारी पाइन्कछ ।[१५] उनको विवाह २०१५ सालमा १७ वर्षको उमेरमा १२ वर्षकी मन्दाकिनी जोशीसँग भएको र दाम्पत्यजीवन अत्यन्तै सौहार्दपूर्ण रहेको देखिन्छ । मन्दाकीनीबाट २०१६ सालमा डिल्लीराम र २०१८ सालमा माधव भट्टको जन्म भए तापनि शिशुअवस्थामा नै दुवैको मृत्यु भएको देखिन्छ । यी दुईवटा छोराको दुःखद् निधनले

---

१२ ऐजन ।
१३ ऐजन ।
१४ ऐजन ।
१५ ऐजन ।

गर्दा भट्टका दम्पतीमा निकै दु:ख र चिन्तिा व्याप्त भए पनि तेस्रो सन्तान डमरुचन्द्र (२०२२) चौथो सन्तान भरत (२०२८) र अन्तिम सन्तानका रूपमा २०३८ मा छोरी पार्वती भट्टको जन्म भएको र उनले पारिवारीक जीवनबाट पछि गएर सुख र सन्तोषको अनुभव गर्न पाएको देखिन्छ ।

रामचन्द्रको पारिवारीक आर्थिक अवस्था राम्रै देखिन्छ । बाजे गौरीशङ्कर भट्टका पालादेखि नै उनको परिवार सिलगढीको शैलेश्वरी मन्दिरको पूजारीका रूपमा काम गर्दै आएकाले गूठीको जग्गासमेत प्रशस्त थियो । भट्टको जन्म एक उच्चमध्यमवर्गीय सुसभ्य, सुसंस्कृत र सुसम्पन्न परिवारमा भएकाले सानैदेखि अध्ययनमा लागि परिवार, स्वयं उनका पिता पं. उमाकान्त तथा माता विनोदिनीदेवीबाट प्रेरणा मिलेको थियो । भट्टको जीवनकाल पनि सम्पन्नतामा नै वितेको पाइन्छ ।

बालबालिकाको पहिलो पाठशाला नै घर हो भन्ने कुरा रामचन्द्रको जीवनीबाट चरितार्थ हुन पुगेको छ । पिता पं. उमाकान्त भट्ट पुजारी मात्र थिएनन् । सरकारी अड्डामा जागिरे पनि थिए र भट्ट स्वयं पनि २०१६ सालदेखि नै जागिरे जीवनमा प्रवेश गरेकाले रामचन्द्र भट्टको आफ्नै पनि आम्दानीको स्रोत राम्रै रहेको देखिन्छ । विभिन्न ठाउँमा प्राध्यापन पेसा अँगाली हाल अवकाश लिएर काठमाडौँ बत्तीसपुतलीमा आफ्नै घरमा बसेका भट्टको आर्थिक अवस्था सम्पन्न नै देखिन्छ । श्रीमती मन्दाकिनी कहिले डोटी र कहिले काठमाडौँ बस्छिन् भने उनका साथमा उनका छोरा भरत भट्ट बस्छन् ।

## २.९ बसोबास तथा आजीविका

आमा बुवाका सबैभन्दा प्यारो छोरा भए तापनि अध्ययनकालदेखि नै उनी प्राय: घरपरिवार भन्दा टाढा रहेको जानकारी पाइन्छ । उनी अध्ययन कालमा बनारसमा मंगलागौरी मन्दिरमा नि:शुल्क बसेका थिए । त्यस बखत त्यही बस्ने सुविधा उनलाई नि:शुल्क रूपमाप्राप्त भएको थियो । यस्तै २०२६ सालमा काठमाडौँ आई टेबहाल (पछि भोटेवहाल)मा त्यसबेलाका राजदरबारका सचिव सरदार हंसमान सिंहको घरमा बहालमा बसेका थिए भने त्रिचन्द्र क्याम्पसमा प्राध्यापन गर्दा दुई वर्ष काठमाडौँ पुरानो बानेस्वरमा डेरा लिई बसेका भट्ट २०३३ सालमा काठमाडौँ बत्तीसपुतलीमा सानो घर बनाई हालसम्म त्यहीसम्म बस्दै आएका छन् ।

तापनि भट्टको स्थायी बसोबास पूर्ख्यौलि थलो डोटी जिल्ला दिपायल सिलगढी न.पा. वडा नं १ सिलगाउँमा यथावत छँदैछ ।

## २.१० जागिरे जीवन

रामचन्द्र भट्टले वि.सं. २०१६ सालदेखि स्थानीय पद्मपब्लिक मा.वि. सिलगढीमा संस्कृत, नेपाली र गणितको शिक्षकको रूपमा आठ कक्षासम्म अध्यापन गरेका थिए । उनले सोही स्कुलमा २०२० सालमा स्थायी नियुक्ति पाएका थिए र २०३० सालसम्म त्यही अध्यापन गरेका थिए । यही नै यिनको जागिर प्रवेशको प्रथम क्षण थियो । २०३० सालतिर गाउँफर्क राष्ट्रिय अभियान अञ्चल कार्यसमितिको अध्यक्षमा मनोनित भएका छन् तर उनी राजनीतिमा लामो समयसम्म सक्रिय रहेनन् । उनी २०३३ सालदेखि त्रि.वि.अन्तर्गत सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगरमा नेपाली विषयको सहायक प्राध्यापकका रूपमाकार्यरत हुन पुगेका छन् र सोही पदमा स्थायी नियुक्ति पाएपछि २०३४ साल आषाढ ३० देखि त्रिचन्द्र क्याम्पस काठमाडौँमो प्राध्यापन गर्न थालेका छन् । रामचन्द्र भट्ट उपप्राध्यापकमा नियुक्ति भई डोटी क्याम्पसमा सरुवा भएका छन् । त्यहाँ रहँदा उनले शिक्षण समितिका अध्यक्षका रूपमा समेत उनले कार्य गरेका छन् ।

रामचन्द्रभट्ट २०३८ सालमा नेपालगञ्ज शिक्षा क्याम्पस सरुवा भएका छन् र २०४० कार्तिकमा संस्कृत केन्द्रीय विभाग, कीर्तिपुरमा सरुवा भई संस्कृत विषयमा पठनपाठनमा प्रवृत भएका छन् । २०४४ देखि संस्कृत विषय समितिको सदस्य पनि रहेका छन् । उनले श्री ५ को सरकार, शिक्षा-मन्त्रालयको नेपाल चेयर पदमा काशी हिन्दू विश्वविद्यालय वाराणसीमा सन् १९८९ देखि १९९३ सम्म नेपाली विषयको प्राध्यापन गरेका छन् र २०५० मङ्सिरदेखि २०६० सम्म नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा सहप्राध्यापकका रूपमार २०६० देखि २०६१ सम्म प्राध्यापकका रूपमाकाम गरी २०६१ साल चैत मसान्तमा त्रि.वि.बाट अनिवार्य अवकास प्राप्त गरेका छन् ।

## २.११ भ्रमण

रामचन्द्र भट्ट अध्यात्मवादका कट्टर पुजारी हुन् । उनी जो कसैले पकाएको खाना खाँदैनन् । धोतीपाटा फेरेर एवम् स्नान जप गर्ने शुद्ध व्यक्तिले पकाएको खाना मात्र खान

रुचाउने भट्ट भ्रमणका क्रममा यी विभिन्न समस्याहरू आइपर्ने हुँदा आफूलाई भ्रमण मन नपर्ने कुरा बताउँछन् ।[१६] तर पनि अध्ययन-अध्यापनकै क्रममा भारतकै विविध प्रान्तहरू हरिद्वार, प्रयाग, (इलाहावाद) वाराणसी, कलकत्ता, पटना, दरभङ्गा आदि क्षेत्रमा भट्ट घुमेका छन् भने स्वदेशमा सुदूरपश्चिमाञ्चलका पूरै जिल्लाहरूमा र नेपालगञ्ज, सुर्खेत, पोखरा, विराटनगर, बुटवल, भैरहवा, नवलपरासी, धनुषा आदि जिल्लाहरूमा पनि पुगेका छन् ।

## २.१२ रुचि तथा दिनचर्या

कुनै पनि व्यक्तिको रुचिका आधारमा उसको व्यक्तित्व निर्धारण गर्न सकिन्छ । रामचन्द्र भट्टका पनि आफ्नै खालका रुचिहरू छन् । बाल्यकालदेखि नै अध्ययनप्रति रुचि भएका भट्ट विशेष गरेर संस्कृतशास्त्रको अध्ययन गर्दा आफूलाई गौरवान्वित ठान्दछन् । संस्कृतशास्त्रमा पनि विशेष गरेर व्याकरण, वेदान्त र साहित्यमा भट्टको अत्यन्तै रुचि देखिन्छ । आधुनिकताका नाममा भित्रिएको तडक-भडक पटक्कै मन नपराउने भट्ट 'सादा जीवन र उच्च विचार' लिएर सबैको राम्रो भई बाँच्न चाहन्छन् । सात्विक भोजन मन पराउने भट्ट विहान-बेलुका स्नान-सन्ध्या गरी कपडा फेरेर शुद्ध भई खाना खान्छन् । बिहानको खाना १०/११ बजेतिर र बेलुकीको खान ९/१० बजेतिर खाने भट्ट पहिले पहिले बिहान भात र साँझ रोटी खाने गरे तापनि हाल मधुमेहका कारण दुवै छाक प्रायः रोटी खान्छन् । खानाका परिकारमा उनी मासको दाल, घ्यूमा पाकेका फुलौरा, मालपुवा, तिलको अचार अति नै मनपराउँछन् भने अमिलो र गुलियो बढी खाने बानी भए पनि पायरिया रोग लागि दाँत खराब भएपछि भने डाक्टरको सल्लाहअनुसार अमिलो र गुलियो कम खाने गर्दछन् । फलफूलहरूमा सुन्तला, सबैभन्दा मन पराउँछन् भने स्याउ, अनार, आँप र केरा पनि निकै रुचाउँछन् । उनले पहिरनमा दौरा, सुरुवाल, कोटको प्रयोग २०३० सालसम्म निकै गरे तापनि भारतमा गएपछि उनले सर्ट, पाइन्ट लगाउने गरेका छन् । उनी घरमा बस्दा सुरुवाल, कमिज, पछ्यौरा र पूजाआजा गर्दा मर्दाना धोती लगाउँछन्, स्वदेशी कपडा र पहिरनलाई प्राथमिकता दिनुपर्दछ भन्ने मान्यता भट्टको पाइन्छ । जातभात र छुवाछुतका सम्बन्धमा उनी आफ्नो परम्परा त्याग्नुहुँदैन भन्ने मान्यता अगाडि राख्छन् । पूजाआजा अनेकौं ढ्वाङ्ग रचेर गर्नुहुँदैन, आफ्नो क्षमताले भ्याएसम्म गर्नुपर्छ भन्ने उनको विचार

[१६] ऐजन ।

पाइन्छ । भट्ट आफ्नो प्रचार गर्न ठ्याम्मै चाहँदैनन्, मान्छे आफ्नै कामले परिचित हुनुपर्छ भन्ने विचार राख्दछन् ।[१७]

सदैव निधारमा रातो, केशरी र श्रीखण्डको चन्दन धारण गर्ने भट्टलाई मन पर्ने पाश्चात्य साहित्यकारहरूमा रुसी साहित्यकार टलस्ट्वाय, चेखोब, जर्ज बर्नाड शा, सेक्सपियर आदि नाटककार हुन् भने समालोचकहरूमा टी.एस. इलियट, शेली, किट्स आदि हुन् । हिन्दी साहित्यकारहरूमा रवीन्द्रनाथ ठाकुर, महादेवी वर्मा, पन्त, सुमित्रानन्दन, सूर्यकान्त त्रिपाठी निराला, हरिश्चन्द्र, जयशङ्करप्रसाद, महाकवि हरिऔद्य रामचन्द्र शर्मा, गुलाब राय आदि भट्टलाई निकै मन पर्ने साहित्यकार हुन् । नेपाली साहित्यकारहरूमा बौद्धिक प्रखर बढी भएकाले सोमनाथ र सम, भाषिक सरलता र सरस तथा हृदयस्पर्शी भाव र भाषा भएकाले भानुभक्त, संस्कृत साहित्यका परम्पराबाट प्रभावित, उपदेशपरक कवित्व र प्रकृतिको अगाध स्नेह भई त्यसको वर्णन गर्न कुशल भएकाले कतै आध्यात्मवाद, कतै प्रकृतिप्रेम र कतै भौतिक र आध्यामिकताको सम्मिश्रण गरी रचना गरेकाले त्यसमा ज्ञान-विज्ञानको नयाँ परिकार पाइने भएकाले उनलाई लेखनाथ मन पर्छन् । उनी देवकोटालाई पनि मन पराउँछन् किनभने देवकोटाका निबन्धहरूमा आत्मापरक शैली र व्यक्तिगत भाव बढी पाइन्छ । यसैगरी देवकोटाको मुनामदनमा स्वच्छन्दतावाद र प्रकृतिप्रेम अगाध पाइन्छ ।[१८] भट्टलाई सबैभन्दा मन पर्ने कृति 'तरुण तपसी' हो । यसमा भौतिक सुखका पछि दौडिने तथा स्वार्थीहरूलाई व्यङ्ग्यात्मक ध्वनिबाट निरुत्साहित गरिएको छ र आध्यात्मिकताको सञ्चार गरिएको छ ।[१९]

## २.१३ लेखनका निम्ति प्रेरणा र प्रभाव

मानिस जन्मदाखेरी केवल खाली दिमाग लिएर आएको हुन्छ । बढ्दो उमेरसँगै उसको हरेक कुराका बारेमा जान्ने उत्सुकता वा इच्छा प्रकट गर्दछ र त्यो सिक्नका लागि उसलाई कसै

---

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

न कसैले प्रेरणा प्रदान गरेको हुन्छ र कसैको प्रभाव परेको देखिन्छ। हरेक मानिस हरके क्षेत्रमा प्रवेश गर्दा प्रेरणा र प्रभाव परे जस्तै जुनसुकै व्यक्तिःलाई साहित्यका क्षेैत्रमा प्रवेश गर्न पनि पूर्ववर्ती तथा समकालीन साहित्यिक गतिविधिहरूको भूमिका महत्वपूर्ण देखिन्छ । यसका अतिरिक्त प्रसिद्ध साहित्यकारका कृतिहरू अध्ययन गररे पनि कतिपय साहित्यकारहरूले साहित्य सिर्जना गरेको पाइन्छ। रामचन्द्र भट्टको लेखन कार्यको जागरुकता पनि यस्तै विभिन्न क्षेत्र एवं व्यक्तिबाट प्रेरणा र प्रभाव प्राप्त गरेर अघि बढेको पाइन्छ।

रामचन्द्र भट्टको पारिवारिक वातावरण नै अध्ययनका लागि अनुकूल भएकाले सानै उमेरदेखि नै यिनमा पढाइप्रति रुचि बढ्दै गएको देखिन्छ। बुवा स्वयं संस्कृतका विद्वान् भएकाले सर्वप्रथम लेखनकार्यको लागि बुवाको प्रभाव परेको देखिन्छ । नेपाली साहित्यका सबै विधाका उच्चकृतिहरू अध्ययन गर्नुपर्दछ भन्ने प्रेरणा डिल्लीराम तिमसिना (काशी हिन्दूविश्वविद्यालयका तत्कालीन अध्यक्ष) बाट उनले पाएको बताउँछन्। त्यसैगरी भानुभक्त, लेखनाथ, रामकृष्ण शर्मा, यदुनाथ खनाल, पन्त, निराला, गुलाब राय, आदिका कृतिको अध्ययन गर्दै जाँदा लेखनमा प्रेरणा मिलेको बताउँछन् । विविध पत्रपत्रिकामा फुटकर लेखहरू प्रकाशित भइसकेपछि 'प्राज्ञिक त्रिवेणी' नामक निबन्ध-सङ्ग्रहको रचना गरी त्यसपछि आफ्नी आमा विनोदिनीदेवीको देहावसानले आघात भएका भट्टले स्वर्गीय आमाको सम्झनामा 'आमाको सम्झना' नामक खण्डकाव्य प्रकाशित गरेपछि अन्य कृतिहरू रचना गरेको देखिन्छ । यसर्थ आमाको मृत्युको वियोगबाट उनको लेखनकार्यमा अझै उत्प्रेरणा जागृत भएको पाइन्छ।

## २.१४ प्रकाशित पुस्तकाकार कृतिहरू

भट्टले नेपाली साहित्यका क्षेत्रमा मूलभूत रूपमासमालोचना र निबन्धका फाँटमा आफ्नो कलम चलाएका छन् भने साहित्येतर क्षेत्रमा धार्मिक कृतिको पनि रचना गरेका छन्। यसका साथै थुप्रै पत्रपत्रिकाहरूमा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । उनका पुस्तकाकार कृतिहरूको सूची यसप्रकार रहेको छ -

१. पनौती मेला (सहलेखन)

२. पशपतिनाथः एक परिचय (धार्मिक २०४२)

३. आमाको सम्झना (शोककाव्य २०४६)

४. कविता कामिनी विनोद (लघुकाव्य २०४६)

५. प्राज्ञिक त्रिवेणी (लेख-निबन्धसंग्रह)

६. समीक्षाको नौलो पाइला (लघु साहित्यिक कृति (समीक्षा २०४६)

७. पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक (समीक्षा २०५६)

८. वैद्यनाथ, वार्षिक पत्रिका (सहसम्पादक)

९. प्रूफरिडिङ्गकला (सम्पादन २०५१)

## २.१५ प्रकाशित लेखहरू

भट्टका पत्रपत्रिकामा छरिएर रहेका गद्य-पद्य रचनाहरू यसप्रकार छन् -

| क्र.सं. | शीर्षक | विधा | पुस्त तथा पत्रिकाको नाम | प्रकाशन स्थान | प्रकाशन मिति | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपालको विकासमा श्री ५ वीरेन्द्रको व्यक्तित्व | निबन्ध | गरिमा | साझा प्रकाशन ललितपुर | २०४२, माघ | ४ | २,३८ | - |
| २ | उपनिषद् शिक्षा कति सान्दर्भिक | निबन्ध | डोटी दर्पण | काठमाडौं | २०४६ | ५ | ४ | - |
| ३ | रुद्राक्ष महिमा आवश्यक जानकारी | निबन्ध (धार्मिक) | सन्मार्ग | - | २०४७, माघ | १ | ६ | - |
| ४ | पशुपतिनाथ विभिन्न अर्थले चर्चित | निबन्ध (धार्मिक) | सन्मार्ग | - | २०४७, फागुन, ७ | १ | ७ | - |
| ५ | नारी-सौन्दर्य र रसानुभूति | निबन्ध | नेपाल समाचारपत्र | काठमाडौं | २०४८, जेठ, ६ | - | - | - |
| ६ | पूर्वीय काव्यशास्त्रमा नाट्य विधा | समालोचना (समीक्षा) | सुनकोशी साहित्य संस्कृतको उत्कृष्ट सङ्ग्रह | काठमाडौं | २०५१ | १ | - | - |
| ७ | धर्म तथा सदाचार | लेख (धार्मिक) | वैद्यनाथ क्षेत्र | कैलाली | २०५२, वैशाख १ | २ | २ | - |
| ८. | कवि जोशीको 'आमा' खण्डकाव्यको देन | समालोचना | आरती (साप्ताहिक) | काठमाडौं | २०५२, वैशाख, १७ | २९ | ४ | - |
| ९ | श्रीवरदादेवी र महाविद्याहरू | लेख निबन्ध | वैद्यनाथ क्षेत्र | कैलाली | २०५३, वैशाख, १ | ४ | ४ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | चर्चित व्यक्तित्वः योगी नरहरिनाथ | समालोचना | योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ | काठमाडौं | २०५४ | - | - | - |
| ११ | नेपाली काव्यमा उपनिषद् दर्शनको प्रभाव | समीक्षा | प्रज्ञा | काठमाडौं | २०५४ | २८ | - | ८६ |
| १२ | कुमारसंभव महाकाव्य संक्षिप्त परिचय | समीक्षा | गेधूली | काठमाडौं | २०५४,वसन्त/शिशिर | - | ८ | - |
| १३ | आराध्यदेव श्रीगणेश | लेख (धार्मिक) | वैद्यनाथ क्षेत्र | कैलाली | २०५५ | ६ | ६ | - |
| १४ | गीतामा कर्मयोग र सामाजिक आर्दश | निबन्ध/समीक्षा | Sourvenior Lion Club of Baghbhihairab, Kirtipur | काठमाडौं | 1997/1998 | - | - | - |
| १५ | नेपाली काव्यमा उपनिषद् दर्शनको प्रभाव | समीक्षा | त्रि.वि. T U jornal | कीर्तिपुर | 1998, june | – | 21 | Vol. xxi |
| १६ | प्राच्य दर्शनको दिग्दर्शन एक अध्ययन | समीक्षा | प्रज्ञा | काठमाडौं | २०५५, माघ | २९ | - | ८८ |
| १७ | साहित्यिक दृष्टिले गीता अन्वेषण र विश्लेषणः सन्दर्भ दोस्रो अध्याय | लेख | गरिमा | काठमाडौं | २०५५, माघ | १७ | २ | १९४ |
| १८ | श्रीमद्भागवत्गीता र यसका प्रमुख पक्षहरूको अन्वेषण र विश्लेषण | समीक्षा | TU.Jornal | काठमाडौं | 1999, June | - | - | Vol. xxii |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | डोटी सिलगढी एक छोटो चिनारी:ऐतिहासिक परिप्रेक्ष्यमा | निबन्ध | मिर्मिरे | काठमाडौं | २०५६, जेठ | २८ | २ | १६५ |
| २० | पाश्चात्य नाट्य साहित्यको परिचय | समीक्षा | गोधूली | काठमाडौं | २०५६, बसन्त/शिशिर | - | १० | - |
| २१ | पार्वतीको प्रेमभक्ति | धर्मिक लेख | समुदाय (त्रैमासिक) | काठमाडौं | २०५६ | ७ | - | २५ |
| २२ | इतिहासको गर्भमा डोटी-सिलगढी | निबन्ध | प्रज्ञा | काठमाडौं | २०५६, कार्तिक चैत्र | ३० | - | ९१ |
| २३ | पाश्चात्य नाट्य विधा: मान्यता प्रवृत्ति र प्रभाव | निबन्ध | प्रज्ञा | काठमाडौं | २०५७, वैशाख-असोज | ३० | - | ९२ |
| २४ | आर्दशराघवको विभिन्न कोणले विवेचना | समीक्षा लेख | मिर्मिरे | काठमाडौं | २०५७, जेठ | २९ | २ | १७७ |
| २५ | महाकवि सोमनाथ सिग्देल र उनको आर्दशराघव | समीक्षा | गरिमा | काठमाडौं | २०५७, जेठ | १८ | ६ | २१० |
| २६ | कवयित्री बेन्जु शर्मा र उनको कविता सङ्ग्रह | निबन्ध | गरिमा | काठमाडौं | २०५७, फागुन | १९ | ३ | १९ |
| २७ | राजतन्त्रको परम्परा र संवैधानिक राजा | निबन्ध | आस्था विशेषांङ्क | काठमाडौं | २०५७, पौष | ८ | २० | - |
| २८ | नेपाली साहित्य समालोचनामा रीति | समीक्षा | T.U. JOURNAL | काठमाडौं | 2001, June | – | – | Vol. xxii |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिद्धान्त | | | | | | | |
| २९ | नेपाली साहित्य समालोचनामा रीति सिद्धान्त | समीक्षा | प्रज्ञा | काठमाडौं | २०५८ | ३१ | - | ९४ |
| ३० | सोमनाथ सिग्द्यालका काव्यमा छन्दयोजना | समालोचना | तन्नेरी | काठमाडौं | २०५८, कार्तिक-मंसिर | २३ | १ | - |
| ३१ | हिन्दूराष्टमा राजपरम्परा र श्री ५ ज्ञानेन्द्र | निबन्ध | कुञ्जिनी | ने. के. वि. कीर्तिपुर | २०५८ | ९ | ६ | - |
| ३२ | पूर्वीय नाट्यविधान | - | वैद्यनाथ क्षेत्र | कैलाली | २०५८ | ९ | ९ | - |
| ३३ | संस्मरण | संस्मरण | मिर्मिरे | काठमाडौं | २०५८, चैत्र | ३० | १२ | ९९ |
| ३५ | ख्याति बढोस् राष्ट्रको | निबन्ध | देवकान्त सन्त स्मृति ग्रन्थ | कैलाली | २०५९, आषाढ | - | - | - |
| ३६ | नटककार भवभूतिको नाट्यकला | समीक्षा | नेपाल समाचारपत्र | काठमाडौं | २०५९, श्रावण | - | - | - |
| ३७ | आर्दशराघवको शक्तिः चरित्रका दृष्टिले विवेचना | समीक्षा | नेपाल समाचारपत्र | काठमाडौं | २०५९, चैत्र २९ | - | - | - |
| ३८ | आर्दशराघवको शक्ति र सीमा | समालोचना | मिर्मिरे | काठमाडौं | २०५९, चैत्र | ३१ | १२ | २११ |
| ३९ | रीतिसिद्धान्त | समालोचना | मिर्मिरे | काठमाडौं | २०५९ | ३१ | ६ | २०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | लेखनाथका काव्यकृतिमा दर्शन | समालोचना | गरिमा | काठमाडौं | २०६०, जेठ | २१ | ६ | २४६ |
| ४१ | देवकोटाको भिखारीमा मानवतावादी दर्शन | समालोचना | गरिमा | काठमाडौं | २०६० | - | - | - |
| ४२ | अभिनन्दन, सम्बोधन र उपलब्धि | निबन्ध | मिर्मिरे | काठमाडौं | २०६०, फाल्गुण | ३२ | ११ | २२२ |
| ४३ | प्रकृतिको सौन्दर्यका उपासक देवकोटा | समालोचना | गोरखापत्र | काठमाडौं | २०६०, चैत्र २१ | - | - | - |
| ४४ | श्री ५ त्रिभुवन : प्रजातन्त्रका प्रर्वधक | लेख | राजधानी | काठमाडौं | २०६०, कार्तिक ८ | - | - | - |
| ४५ | पाश्चात्य नाट्यसाहित्यसम्बन्धी चिन्तनबारे छोटो चर्चा | समीक्षा | गोरखापत्र | काठमाडौं | २०६०, फाल्गुण ७ | - | - | - |
| ४६ | श्री ५ वीरेन्द्रको व्यक्तित्व मेरो संस्मरणमा | निबन्ध/संस्मरण | श्रद्धाका केन्द्र श्री ५ वीरेन्द्र स्मृति ग्रन्थ | काठमाडौं | २०६०, भाद्र | - | - | - |
| ४७ | बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाह | निबन्ध | कान्तिपुर | काठमाडौं | २०६०, पौष २९ | - | - | - |
| ४८ | वैशाखमासको महात्म्य | लेख (धार्मिक) | गोरखापत्र | काठमाडौं | २०६०, चैत्र २८ | - | - | - |
| ४९ | देवी जात्रा, जाँतको प्रचलन परम्परा र महत्व | लेख (सांस्कृति ) | देवाटवी | डोटी | २०६०, कार्तिक | ४ | ४ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | नेपाली उपन्यासको शताब्दी र यसका प्रवृत्तिहरू | समालोचना | मधुपर्क | काठमाडौं | २०६१, वैशाख | ३६ | १२ | ४१९ |
| ५१ | जी.शाहका गीति रचनामा राष्ट्रप्रेम | लेख | कान्तिपुर | काठमाडौं | २०६१, अषाढ २३ | - | - | - |
| ५२ | महात्म सम र नचिकेता | निबन्ध (धार्मिक) | महामाया | काठमाडौं | २०६१, दशै, दीपावली अङ्क | ६ | ६ | - |
| ५३ | प्जातन्त्र दिवसको सार्थकता | निबन्ध (टिप्पणी) | राजधानी | काठमाडौं | २०६१, फाल्गुण ७ | - | - | - |
| ५४ | देवकोटाका कृतिमा शिल्पशैली र प्रवृत्ति | समालोचना | गरिमा | काठमाडौं | २०६१, फाग्गुण | २३ | ३ | २६७ |
| ५५ | कवि जयदेव गीतगोविन्द र वसन्त उत्सव | समालोचना | कान्तिपुर | काठमाडौं | २०६१, पौष | - | - | - |
| ५६ | महाकविलक्ष्मी प्रसाद देवकोटाका दुईवटा काव्य कृति | समालोचना | दीपशिखा | काठमाडौं | २०६१ | ५ | - | ९ |
| ५७ | नववर्षमा (वर्षारम्भ) | निबन्ध | गेरखापत्र | काठमाडौं | २०६२, वैशाख १ | - | - | - |
| ५८ | रामनवमी हाम्रो धार्मिक र सांस्कृतिक पर्व हो | टिप्पणी | राजधानी | काठमाडौं | २०६२, वैशाख ४ | - | - | - |
| ५९ | नेपाली साहित्यको उत्थानमा मोतीराम भट्टको देन | समालोचना | कान्तिपुर-गोरखापत्र | काठमाडौं | २०६० भाद्र ११ | - | - | - |

# तेस्रो परिच्छेद

# रामचन्द्र भट्टको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

मानिसको व्यक्तित्व निर्माणमा उसको जीवनमा आइपर्ने घटना, आरोह-अवरोह, घात-प्रतिघात, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-उपमोड, क्रिया-प्रतिक्रियाहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् साथै व्यक्तिको व्यक्तित्व निर्माणमा परिवेश, सामाजिक, रहन सहन पारिवारिक पृष्ठभूमि, शिक्षा दीक्षा आदिले पनि प्रभाव पार्दछ ।

कुनै पनि व्यक्तिको व्यक्तित्व विकामा पारिवारिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, नैतिक आदि पक्षको अपरिहार्य प्रभाव परेको हुन्छ । सहज र स्वाभाविक गुणले वैयक्तिक गुणको निर्माण गर्दछ भने सिर्जनशील र साहित्यिक गतिविधिको निर्माणका लागि सामाजिक गुणको आवश्यकता पर्दछ । व्यक्तिले जीवनमा गरेका विभिन्न कार्यले उसको व्यक्तित्व निर्माण गर्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई मूलतः निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिको निजी व्यवहारसँग सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । यसैगरी समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । सार्वजनिक व्यक्तित्वलाई पनि साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्व कै पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उपवर्ग भित्र वर्गीकरण गर्न सकिन्छ । स्रष्टा व्यक्तित्व भित्र सिर्जना गरिएका साहित्यका विविध विधागत अवस्था देखापर्छन् भने द्रष्टा व्यक्तित्व भित्र समालोचना, सम्पादन जस्ता कुराहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न कार्यहरूका आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो ।

बाल्यकालदेखि नै भट्ट धार्मिक, सामाजिक, साहित्यिक तथा शैक्षिक क्षेत्रमा लागीपरेका व्यक्तित्व भएकाले पनि प्रायः गरी पाठकहरूलाई देशभक्ति, राजभक्ति, ईश्वरप्रति आस्था, साँस्कृतिक गौरव, नैतिक सन्देश अनि आर्य संस्कृति र सभ्यताको पनि सन्देश दिएका छन् । यसका साथै पत्रपत्रिकाका सम्पादन तथा लेखहरूको प्रकाशन गरेर भट्टले नेपाली भाषा तथा

साहित्यको सम्बर्द्धनका लागि साहित्यिक योगदान पुऱ्याएका छन् । वि. स. २०१६ सालदेखि नै शिक्षण पेशामा लागेका भट्टले विविध विद्यालय तथा महाविद्यालयका अध्ययन-अध्यापन गरेका छन् भने देशका सुदुर तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका सबै जिल्लाहरूमा कार्य गरी लामो समय व्यतीत गरी अनुभव प्राप्त गरेका छन् । त्यसैले व्यक्तित्वका कोणबाट रामचन्द्र भट्टमा साहित्यकार व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई प्रकारका व्यक्तित्व देखिन्छन् । साहित्यकार व्यक्तित्वमा उनको स्रष्टा र द्रष्टा दुवै खालको व्यक्तित्व पाउन सकिन्छ । साहित्येतर व्यक्तित्वअन्तर्गत भट्टलाई दार्शनिक, सामाजिक, सम्पादक र बहुभाषिक व्यक्तित्वका रूपमा हेर्न सकिने भएकोले उनी बहुमुखी प्रतिभा हुन् भन्न सकिन्छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसका वैयक्तिक व्यवहारबाट प्रकाशित हुने निजत्वलाई बुझ्न सकिन्छ । कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट जाकारीको लागि पनि उसको निजी व्यक्तित्वको पहिचान नित्तान्त जरुरी मानिन्छ । किनभने व्यक्तिको निजी व्यक्तित्वको स्पष्ट छवि उसका सार्वजनिक व्यक्तित्वहरूका चरणचरणमा परेको हुन्छ । निजी व्यक्तित्वमा अन्तनिर्हित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको वाह्य आकार, प्रकार र उसको शील, स्वभाव, आचरण र प्रकृतिका सापेक्षतामा अवलोकन गर्नु उपयुक्त हुने हुनाले यहाँ तदनुरूप हेर्ने प्रयास गरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व

व्यक्तिको बाह्य रूपबाट अनुभव गर्न सकिने व्यक्तित्वलाइ बाह्य व्यक्तित्व भनिन्छ । बाह्य व्यक्तित्वअन्तर्गत व्यक्तिको शारीरिक बनोटलाई आधार बनाउनु पर्ने हुन्छ । यस दृष्टिबाट हेर्दा रामचन्द्र भट्ट पाँच फुट, दुई इन्च अग्ला, न ज्यादा अग्ला न ज्यादा होचा, शारिरीक बनावट मिलेको मोटाई कम, सानो कदका, नाक लाम्चो, आँखा गोल, खैरा र मिलेको, कान साना, मझौला साइजका र बनावट मिलेको, कपाल सेतो फुलेको, बढ्यौलीको कारण दाँत कीरा लागी हैरानी बनाएर दाँत झिकेर नयाँ दाँत राखेका, अत्यन्त हँसमुँख, गम्भीर, सहज स्वभाव, रसिलो बोली, वर्ण गहुँगोरो एवं शारिरीक बनावट आकर्षक छ । राष्ट्रिय पोशाक लगाउनु र घरमा लुङ्गी र सुरुवाल लगाउनु उनको कपडा धारणको विशेषता हो । शुद्ध सन्तुलित आहार

ग्रहण गर्ने उनी युवा अवस्थामा अन्ठाउन्न के.जी. तौलका थिए भने हाल बुढौलीका कारण तौल घटेर जम्मा बाउन्न के.जी.का रहेका छन् । आन्तरिक रूपमा आध्यत्मकता प्रति अत्यन्तै चाख राख्ने भएकाले पनि घरमा धोतीपाटा फेर्ने र नित्यसन्ध्योपासना सँगै अरुले पकाएको खाना नखानु उनको बाह्य व्यक्तित्वका रूपमा देखा पर्दछ ।

## ३.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको वास्तविकता बाह्य व्यक्तित्वले भन्दा आन्तरिक व्यक्तित्वले प्रष्ट झल्कन्छ । आन्तरिक तहमा रिस, राग, द्वेष छ भने बाह्य व्यक्तित्व जतिसुकै संगठित भएपनि त्यसले व्यक्तिको वास्तविक पहिचान गराउन सक्दैन , त्यसैले मानिसलार्य उच्च र सम्माननीय बनाउने कुरा नै आन्तरिक व्यक्तित्व हो । व्यवहारमा अति मिलनसार, मिथ्याप्रशंसा नरुचाउने, कसैको बढाई कसैको उचाई काम नगर्ने भएकाले भट्टको स्वभावमा आडम्बरीपना भएको पाइँदैन । संयम र सदाचारलाई सधैं जीवनोपयोगी बनाउने भट्ट निडर स्वभाव भएकाले कसैसँग डराउने, शङ्का उप-शङ्का गर्ने काम गर्दैनन् । उनी कुकुर र गाईभैसीसँग अकस्मात भेट्दा सारै डराउँछन् । ब्रह्मण परिवारमा जन्मिएका भट्टले सनातनदेखि चलिआएको धर्मप्रति आस्था दर्शाएको पाइन्छ । उनी धार्मिक र भौतिक विचारधारामा समन्वय कायम राख्न चाहन्छन् । रामचन्द्र स्वयं प्राध्यापक र साहित्यकार भएका नाताले गर्दा उनका धेरैजसो साथीहरूले पनि बौद्धक स्तरले माथि उठेकै छन् । उनमा रहेको स्वाभिमान र स्वावलम्बी प्रबृत्तिले गर्दा साहित्यका विविध क्षेत्रमा हात हाल्नुका साथै प्राध्यापन पेसामा पनि छिट्टै संलग्न हुन पुगेका छन् ।

## ३.२.३ सार्वजनिक व्यक्तित्व

मानिस एक सामाजिक प्राणी हो । तसर्थ ऊ समाजमा घुलमिल भएर बस्न चाहन्छ समाजसँगको व्यक्तिको व्यावहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्दछ । समाजमा रहेर सामाजिक कार्यहरूमा लागिरहनु र त्यसबाट व्यक्तिमा देखा परेको प्रभाव सार्वजनिक व्यक्तित्वअन्तर्गत पर्दछ । व्यक्तिले समाजलाइ जुन प्रभाव र प्रेरणा प्रदान गर्दछ त्यही नै सार्वजनिक व्यक्तित्वभित्र पर्दछ ।

रामचन्द्र भट्टले आजसम्मको उमेरमा आइपुग्दा विभिन्न संघसंस्थासँग आवद्ध भएर काम गरिसकेका छन् भने कतिपय संघसंस्थामा हालसम्म कार्यरत छन । यसका साथै हालसम्म यिनले नेपाली साहित्यको सेवामा पनि निकै योगदान पुऱ्याइसकेका छन् । यसरी रामचन्द्र भट्टको सार्वजनिक व्यक्तित्वभित्र देखिने अनेक महत्वपूर्ण पक्षलाई साहित्यिक र साहित्येतर व्यक्तित्वभित्र राखेर चर्चा गर्नु उपयुक्त हुन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व, त्यस व्यक्तिको साहित्यिक कृतिको अध्ययन गरेर निर्धारण गर्नुपर्ने हुन्छ । साहित्यका कविता, कथा, निबन्ध, उपन्यास आदि विविध विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । भट्टको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित साहित्यिक कृतिहरूका विधागत सापेक्षताका आधारमा बुँदागत रूपमा स्पष्ट गर्न सकिन्छ ।

रामचन्द्र भट्ट स्रष्टा व्यक्तित्व मात्र नभईकन द्रष्टा व्यक्तित्वका रूपमा पनि परिचित छन् । भट्टले गरिमा पत्रिकामा लेखहरू प्रकाशित गरी आफ्नो साहित्यकयात्रा प्रारम्भ गरेका हुन् । केही काव्य लेखनतिर उनले जमर्को गरेता पनि खासै गरेर उनी त्यस क्षेत्रमा त्यति सफल भएको देखिदैन । बरु निबन्ध, समालोचना, लेख, स्तम्भजस्ता क्षेत्रमा चाहिँ उनको महत्त्व अधिक देखिन्छ । उनका साहित्यिककृतिहरूमा हालसम्म समालोचनात्मक कृतिहरू विविध राष्ट्रियस्तरका पत्रपत्रिका र साहित्यिक संघ-संस्थाहरूबाट प्रकाशित गरिने लेखहरू पाइन्छन् । साहित्यको स्रस्टा र द्रष्टा दुबै विधामा समालोचनात्मक र विवरणात्मक प्रतिक्रिया दिने काम भट्टले गरेका छन् ।

### ३.३.१ स्रष्टा व्यक्तित्व

रामचन्द्र भट्टक प्रायः गरेर द्रष्टा व्यक्तित्वका रूपमा दखल राख्दछन् तर पनि स्रष्टा व्यक्तित्वअन्तर्गत पनि फाटफुट रूपमा केही फुटकर कविताका साथै केही निबन्धात्मक कृति केही छोटाछोटा खण्डकाव्यात्मक कृतिहरू पनि प्राकाशन गरेका छन् ।

### ३.३.१.१ निबन्धकार व्यक्तित्व

रामचन्द्र भट्ट साहित्यको स्रष्टाविधामा मूलभूतरूपमा निबन्धकार हुन् । उनी आत्मपरक निबन्धलाई वैचारिक पक्षमा प्रस्तुत गर्दछन् भने वस्तुपरक निबन्ध फाँटमा चाहीँ 'पनौति मेला' ( साँस्कृतिक ऐतिहासिक) निबन्ध सङ्ग्रह देखिन्छ । 'पशुपतिनाथः एक परिचय' चाँहि वस्तुपरक तथा सरल भाषामा लेखिएको निबन्ध हो । भट्ट ऐतिहासिक, सामाजिक, साँस्कृतिक वस्तुविन्यासको कार्यान्वयन गर्ने व्यक्तित्वका रूपमा परिचित छन् । यी निबन्धहरू पत्र-पत्रिकामा प्रकाशित छन् । भट्टले नेपाली र संस्कृत गरी दुई भाषामा निबन्धहरूको रचना गरेका छन् । यसका साथै अङ्ग्रेजी भाषामा पनि कीर्तिपुर स्थित बाघभैरव मन्दिरको विषयमा उल्लेख गरेका छन् ।

पत्रपत्रिकामा प्रकाशित र पुस्तकमा सङ्कलितसहित यिनका ६८ वटा निबन्धात्मक, समालोचनात्मक र अन्य लेखहरू प्रकाशित छन् । यिनका निबन्धहरूमध्ये सर्वप्रथम प्रकाशित निबन्ध 'नेपालको विकासमा श्री ५ वीरेन्द्रको व्यक्तित्व' (गरिमा,माघ, २०४२) हो । भट्टका कान्तिपुर, गोरखापत्र, समाचारपत्र, राजधानी, मधुपर्क, गरिमा, उन्मेष, सुरभि आदि थुप्रै पत्रपत्रिकाहरूमा निबन्ध प्रकाशित गरिएका छन् । उनका निबन्धहरू वस्तुपरक, चिन्तनशिल, विचारशील, तार्किकताभन्दा पनि हार्दिकता, आदर्श र जीवन संस्कृतिमा प्रभावपार्ने खालका लेखहरू पाइन्छन् । भट्टले निबन्धमा व्यक्ति परिचय, उपादेयता र स्रष्टाको जीवनवृत्तमा कलम चलाउने काम बढी गरेका छन् । जस्तै बेन्जु शर्मा र उनको कविता संग्रह र 'हिन्दु राष्ट्रमा राजपरम्परा : श्री ५ ज्ञानेन्द्र' आदि हुन् । उनका यी निबन्धहरू अध्ययनमूलक, चिन्तनमूलक एवम् विश्लेषणमूलक छन् । वस्तुपरक निबन्धको विकासमा भट्टका निबन्धले महत्त्वपूर्ण स्थान पाएका छन् । भट्ट परिष्कारवादी निबन्धकार हुन् । यिनका निबन्धहरूमा शैलीगत सचेचता, भाषिक प्रौढता एवम् सुगठित विषयवस्तु पाउन सकिन्छ । उनका 'निबन्धहरूले आध्यात्मिकताप्रति आस्था राख्दै बौद्धिकवर्गलाई खुराक प्रदान गरेका छन् ।

### ३.३.१.२ काव्यकार व्यक्तित्व

साहित्यकार भट्टको काव्यप्रतिभा सानै उमेरदेखि विकसित हुँदै गएको देखिन्छ । केही पत्र-पत्रिकाहरूमा फाटफुटरूपमा फुटकर कविता देखिए तापनि भट्टको काव्यकार व्यक्तित्व

आफ्नी वात्सल्यमयी आमाको मृत्युपश्चात् 'आमाको सम्झना' (शोककाव्य) २०४६ नामक कृतिबाट देखापर्दछ । यसपछि प्रेमभावपूर्ण छोटो खण्डकाव्यका रूपमा 'कविता-कामिनी विनोद' ( २०४६) खण्डकाव्य देखापर्दछ । तत्पश्चात् कृतिगतरूपमा उनको काव्यकार व्यक्तित्व खासै अगाडि बढेको देखिदैन । साहित्य स्वतस्फूर्त हुनुपर्दछ, वादमा रङ्गिनु हुँदैन । साथै विश्वहितकारी, आल्ह्वादकारी, छन्दोबद्ध र रसमय हुनुपर्दछ भन्ने मान्यता राख्ने भट्टका काव्यमा भाव, शैली, छन्द, अलङ्कार र प्रसाद गुणजस्ता काव्यका गुणहरू प्रचुरमात्रामा पाइन्छन् । भावको अभिव्यक्ति तदनुकूल शब्द विन्यास र परिष्कारको पुट परेको हुनाले उनका काव्यहरू मार्मिक हुन पुगेका छन् । संस्कृत भाषाको गहन अध्ययन गरेका भट्टका काव्यमा संस्कृत शब्दहरूको प्राचुर्य छ फलतः काव्यात्मक आनन्द पाउन गहिरिएर अध्ययन गर्न आवश्यक देखिन्छ ।

## ३.३.२ द्रष्टा व्यक्तित्व

रामचन्द्र भट्ट केवल स्रष्टा व्यक्तित्व मात्र नभएर द्रष्टा व्यक्तित्व पनि हुन् । यिनले कैयौं पत्र-पत्रिको सम्पादन गर्नाका साथै कतिपय कृतिमा भूमिका लेखनको कार्य पनि गरेका छन् । त्यस्तै यिनले 'समीक्षाको नौलो पाइला', 'पौरस्य समालोचनाः साहित्यको एक झलक' जस्ता अनुसन्धानात्मक ग्रन्थहरूपनि तयार पारेका छन् । यस्तै यिनले संस्कृतका केही ग्रन्थहरूको अनुवादसमेत गरी आफ्नो द्रष्टा व्यक्तित्वको निर्माण गरेका छन् । यिनको साहित्यिक द्रष्टा व्यक्तित्व स्रष्टा व्यक्तित्वभन्दा निकै सफल देखिन्छ ।

### ३.३.२.१ अन्वेषक तथा समालोचक व्यक्तित्व

रामचन्द्र भट्ट सफल समालोचक पनि हुन् भन्ने कुरा उनका समालोचनाहरू अध्ययन गरेपछि थाहा हुन्छ । बहुभाषिक व्यक्तित्व र विशेष गरी संस्कृतका विद्वान् भट्ट आफ्ना कृतिहरूका पनि स्वस्थ र निष्पक्ष आलोचना होस् भन्ने चाहन्छन् भने अन्य साहित्यकारका कृतिहरूलाई पूर्वीय काव्य-शास्त्रीय मान्यताको कसीमा राखेर सूक्ष्मातिसूक्ष्म दङ्गबाट विवेचना र समालोचना गर्ने गर्दछन् । साहित्यक फाँटमा पनि चाकडी र चाप्लुसी प्रथा विद्यमान भएकाले र आफूले देखेको कुराभन्दा पनि स्तुतिपरक समालोचना यदाकदा देख्नुपर्दा उनी खिन्नताको महसुस गर्दछन् । तर आफू कदापि बाटो बिराउँदैनन् । सम्मान र पुरस्कारको आशा नराखेर

निस्वार्थ एवम् स्वतस्फूर्तरूपमा लेखनकार्यमा लागेका भट्टले समालोचनाका क्षेत्रमा पनि आफ्नो छुट्टै पहिचान कायम गरेका छन् ।

पूर्वीय काव्य शास्त्रमा नाट्यविधा चर्चित व्यक्तित्व योगी नरहरिनाथको 'कुमारसम्भव' महाकाव्य सङ्क्षिप्त परिचयः 'श्रीमद्भागवतको गीताको प्रमुख अन्वेषण र विश्लेषण' 'महाकवि सोमनाथ सिग्देल र आदर्शराघव' 'भाषाको नाट्य कला र काव्यगत वैशिष्ट्य' 'लेखनाथका काव्यकृतिमा दर्शन' : 'देबकोटाको भिखारीमा मानवतावादी दर्शन', 'प्रकृतिको सौन्दर्यका उपासक देवकोटा' 'नेपाली साहित्यको उत्थानमा मोतीराम भट्टको देन', 'नेपाली उपन्यासको शताब्दी र यसका प्रवृत्तिहरू', 'कवि जयदेव गीत गोविन्द' र 'वसन्त उत्सव' आदि थुप्रै समालोचनात्मक लेखहरू 'गोरखापत्र', 'आरती', 'प्रज्ञा', 'गोधूली', 'गरिमा', 'मिर्मिरे', 'कान्तिपुर' 'मधुपर्क' 'दीपशिखा' आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् भने पहिलो समालोचनात्मक कृति चाहिँ 'समीक्षाको नौलो पाइलाः तिमसिना र नेपाली साहित्य' देखिन्छ । विभिन्न साहित्यिक व्यक्तित्वहरूका स्मृति अङ्कमासमेत उनका समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । आजसम्म उनका अप्रकाशित र प्रकाशित समालोचनात्मक लेखहरूले भट्टलाई समालोचकका रूपमा स्थापित गराएका छन् ।

उनका समालोचनात्मक लेखहरूमा पूर्वीय काव्यसिद्धान्तको अत्यन्तै प्रभाव पाइन्छ भने आंशिक रूपमा पाश्चात्य साहित्यसिद्धान्तको पनि प्रभाव परेको देखिन्छ । नेपाली साहित्यमा प्रकाशित भएका अमिल्दा समालोचनाहरू नै आफूलाई यस क्षेत्रमा प्रवेश गराउने प्रेरकतत्त्व ठान्ने भट्ट नेपाली समालोचनाका क्षेत्रमा कुशल र प्रभावपरक समालोचकका रूपमा चिनिन्छन् । आलोचना र समालोचनालाई समान मान्ने भट्ट आलोचनाकाबारे यस्तो विचार राख्छन्- "आलोचनाले त्यस विषयमा भएका मैलाहरूलाई हटाइदिन्छ, साहित्यका प्रदूषणलाई फाँडिदिन्छ ।" उनमा स्पष्टता, बौद्धिकता र तार्किकताको विशेषता पाउन सकिन्छ । यसरी भट्टको समालोचक व्यक्तित्व साहित्यका अन्य पक्षभन्दा मौलाएको छ ।

### ३.३.२.२ सम्पादक व्यक्तित्व

रामचन्द्र भट्टले कैलालीबाट प्रकाशित हुने 'वैद्यनाथ क्षेत्र' पत्रिकाको सम्पादन गर्नाका साथै 'प्रूफरिडिङ्ग कला' (२०५१) को सङ्कलन तथा सम्पादन गरेका छन् । अरु केही सङ्कलनहरूमा पनि सम्पादक मण्डलमा भट्टको नाम पाउन सकिन्छ ।

### ३.३.२.३ अनुवादक व्यक्तित्व

रामचन्द्र भट्टले संस्कृत र नेपाली भाषामा साहित्य रचना गर्दै लामो समयदेखि नै यस फाँटमा थोर बहुत योगदान गर्दै आएका छन् । यस अवधिमा उनले संस्कृतका कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेर अनुवादक व्यक्तित्व पनि देखाएका छन् । उनले संस्कृतबाट नेपालीमा अनुवाद गरेको 'श्रीमद्भागवत्गीता', 'स्वप्नवासबदत्ता' र 'कुमारसंभव' का केही अंशहरू अनुवाद गरेका छन् भने उनीद्वारा अनुवादित 'देवीभागवत्' अप्रकाशित छ ।[२०] भट्टले संस्कृतका कृतिका केही अंश र लेखहरू अनुवाद गरेको पाइए तापनि समग्र कृतिलाई भने अनुवाद गरेको पाइदैन ।

### ३.३.२.४ लेखक व्यक्तित्व

रामचन्द्र भट्ट लेखक व्यक्तित्वको रूपमा चिनिन्छन् र उनका हालसम्म सत्तरीभन्दा बढी विविध लेखहरू विविध पत्र-पत्रिकामा प्रकाशित भैसकेका छन् भने पचास-साठी वटा लेखहरू अप्रकाशित अवस्थामा छन् । धार्मिक, नैतिक, सामाजिक, साँस्कृतिक र आध्यात्मिक सन्देशमूलक उनका निवन्धहरू साहित्यक र व्यावहारिक दुबै प्रकारका छन् ।

'रुद्राक्ष महिमा' 'आवश्यक जानकारी', 'पशुपतिनाथ विविध अर्थले चर्चित', 'पावर्तीको प्रेमाभक्ति', 'महात्म्य यम र निचिकेता', 'रामनवमी हाम्रो धार्मिक र साँस्कृतिक पर्व हो' जस्ता धार्मिक लेखहरूमा प्रकाशित छन् भने 'नवरात्रिमा शक्तिको उपासना', 'अक्षय तृतीया', 'नवरात्रमा शक्तिको उपासना र आराधाना' आदि जस्ता धार्मिक लेखहरू र 'प्रजातन्त्रदिवसको सार्थकता', 'हिन्दू राष्ट्रमा राजपरम्परा र श्री ५ ज्ञानेन्द्र', 'राजतन्त्रको परम्परा र संवैधानिक राजा', 'बडामहाराज श्री ५ पृथ्वी नारायण शाह,' 'नेपालको विकासमा श्री ५ वीरेन्द्रको व्यक्तित्व' र 'वर्तमान अन्यौलको राजनीतिक निकास', 'राजसंस्था र श्री ५ ज्ञानेन्द्र', 'नवनियुक्त

---

[२०] ऐजन ।

प्रधानमन्त्रीलाई शुभ-कामना', 'राजा र राजनैतिक दलहरूको सहकार्यको अपेक्षा' जस्ता विभिन्न खालका राजनीतिक लेखहरू पनि अप्रकाशित छन् । उनका लेखहरूले उनको आध्यात्मिक, नैतिक, मानवीय मान्यता र संस्कृतिप्रतिको निष्ठालाई झल्काएका छन् । भट्ट आफ्ना लेखहरूमार्फत सिङ्गो मानव जातिलाई हरेक क्षेत्रमा देखापरेका विसङ्गतिको अन्त्य गर्न तथा सुन्दर, शान्त, सुसंस्कृत एवम् आध्यात्मिक समाज र राष्ट्र निर्माण गर्न आव्हान गर्दछन् । आफ्नो जीवनमा घटेका महफ्वपूर्ण घटनालाई प्रेरणा दिने व्यक्तिहरू, अविस्मरणीय स्थानहरू आदिको स्मरण गर्दै लेखिएका उनका संस्मरणात्मक लेखहरू पाठकवर्गमा नयाँ प्रेरणा उत्साह दिँदै कर्मपथमा लागि पर्न प्रेरणा प्रदान गर्ने खालका छन् ।

#### ३.३.२.५ बहुभाषिक व्यक्तित्व

साहित्यिक व्यक्तित्वको अध्ययन गर्दा उनको बहुभाषिक व्यक्तित्वलाई पनि बिर्सनु हुदैन । उनको मातृभाषा डोटेली हो भने उनले औपचारिक शिक्षा प्रारम्भ गर्नु पूर्वदेखि नै संस्कृतका प्रारम्भिक ग्रन्थहरूको अध्ययन गरेका थिए । संस्कृतका विविध विषयमा भारतको बनारसबाट काव्यतीर्थ पास गर्नुका साथै उनले संस्कृत साहित्यमा आचार्य पनि उत्तीर्ण गरे । यसप्रकार डोटेली तथा नेपालीका साथै संस्कृतभाषामा पनि भट्ट पोख्त देखिन्छन् भने हिन्दी र अंग्रेजीमा पनि भट्ट दक्ष देखिन्छन् ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

रामचन्द्र भट्टको साहित्यिक व्यक्तित्व जत्तिकै साहित्येतर व्यक्तित्व पनि विस्तृत पाइन्छन् । उनी पञ्चायतकालमा गाउँफर्क राष्ट्रिय अभियानको अञ्चलस्तरीय अध्यक्ष बनेका छन् । उनी आफ्नो जीवनमा ज्योतिषि र दार्शनिकका रूपमासमेत देखा परेका छन् । उनको साहित्येतर व्यक्तित्वको चर्चा गर्दा यिनै विविध पक्षमा चर्चा गर्न आवश्यक देखिन्छ ।

### ३.४.१ धार्मिक सांस्कृतिक व्यक्तित्व

रामचन्द्र भट्टको पारिवारिक पृष्ठभूमि धर्मप्रति निष्ठावान् रहेको पाइन्छ । त्यही पृष्ठभूमिबाट प्रारम्भ भएको उनको जीवनमा पनि धार्मिक परिवेशले प्रशस्त प्रभाव पारेको देखिन्छ । सानै उमेरदेखि संस्कृत पढ्नाले र आफ्ना पिताको धार्मिक समाजसेवी व्यक्तित्वको

गहिरो छाप पर्नाले पनि यिनमा क्रमशः धार्मिक तथा सामाजिक व्यक्तित्व बढ्दै जान्छ । उनका पुर्खाहरू डोटी जिल्लाको सदरमुकामस्थित श्री शैलेश्वरी मन्दिरका पुजारी हुनाका साथै सुदुरपश्चिमकै विविध जिल्लामा आयोजना गरिने विभिन्न धार्मिक प्रवचन, पुराणवाचन आदि काम गर्ने भएकाले उनी सानैदेखि सो कार्यमा संलग्न देखिन्छन् । भट्टले शैलेश्वरी मन्दिरमा नित्य पुजा चलाउनका साथै बेलाबखतमा धार्मिक प्रवचन दिने र धार्मिक चेतना गराउने कार्य पनि गरेका छन् ।

भट्टको जीवनशैली धार्मिक-सांस्कृतिक भावनाले ओतप्रोत देखिन्छ भने उनले लेखेका फुटकर लेख-रचनाहरू र केही धार्मिक कृतिहरूमा हिन्दुधर्म, संस्कृति र आध्यात्मिक भावना मुखरित भएको देखिन्छ । कोरा भौतिकवादले मात्र न ब्यक्तिमा अन्तर्निहित ज्ञानलाई प्रस्फुटन गराउन सक्छ न त आत्मीय सुख नै प्रदान गर्न सक्छ । जीवन सफल पार्न निस्वार्थ र निष्कर्मले अभिप्रेरित भई जनकल्याणकारी कार्यमा लाग्नुपर्छ अनि मात्र उद्देश्यको नजिक पुग्न र लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने विचार भट्टको देखिन्छ । धर्म भनेकै सत्य हो, सत्य दीर्घकालसम्म रहन्छ र सर्वप्याप्त रहन्छ भन्ने मान्यता पनि उनको रहेको देखिन्छ । हरेक दिन बिहान ब्रह्ममुहूर्तमा उठेर बैदिक विधिपूर्वक पूजाआजा गर्नु, श्रीमद् भागवत र विष्णुसहस्रनाम पाठगर्नु उनको जीवनशैली नै बनेको पाइन्छ । उनी बैदिक सनातन धर्मप्रति आस्था राख्दै सामाजिक सदाचारका निम्ति निरन्तर क्रियाशील देखापर्दछन् ।

रामचन्द्र भट्ट धर्मप्रति आस्था राख्ने व्यक्ति मात्र होइन पूजाआजा, ज्योतिषीमा पारङ्गत व्यक्ति पनि हुन् । सानै उमेरदेखि आफ्ना हजुरबुबा र वुवाका साथमा थुप्रै धार्मिक कार्यक्रमहरूमा सहभागी हुदै भट्टले उनैबाट सामान्य प्रवचन, पुजापाठ, विवाह, ब्रतबन्ध, ज्योतिषी सिक्दै आएको कुरा बताउँछन् । पारिवारिक वातावरणबाटै यस कार्यमा उनलाई निकै सजिलो भए तापनि खास गरेर वनारसमा अध्ययन गर्ने सिलसिलामा संस्कृत भाषामा रचिएका ग्रन्थहरूको अध्ययन पश्चात् उनी यस क्षेत्रमा दक्ष बन्न पुगेका देखिन्छन् ।

### ३.४.२ प्राध्यापन व्यक्तित्व

रामचन्द्र भट्ट २०१६ सालदेखि २०६१ सम्म नै अध्यापन कार्यमा सम्लग्न छन् । उनले प्रारम्भमा विद्यालय तहमा पठनपाठन गरे पनि पछि कलेज/क्याम्पसमा प्राध्यापन गरी विश्वविद्यालयहरूमा प्राध्यापन गरेका छन् । यस क्रममा उनी नेपाल चेयरमा रही अन्तराष्ट्रिय विश्वविद्यालयसम्म पनि पुगेका छन् । उनको शिक्षण कार्यको प्रमुख क्षेत्र पूर्वीय महाकाव्य, खण्डकाव्य, उपन्यास, काव्यसिद्धान्तहरू रहेका छन् । रामचन्द्र भट्टमा विषयवस्तुको प्रशस्त ज्ञान पाइन्छ । कक्षामा पढाउँदा उनी सर्वप्रथम विषयसम्बन्धी अष्पष्ट र भ्रान्तिपूर्ण धारणा हटाउन प्रयासशील रहन्छन् । त्यसपछि विषयवस्तुको गहिराईतर्फ अघि बढ्छन् । भट्टमा विद्वत्ता र शिक्षक कौशल प्रशस्त भएकाले पढाउने बेलामा उनी निकै उत्साहित र जाँगरिला देखिन्छ । लगभग पाँचदशक शिक्षण पेसामा व्यतित गरेका भट्टको शिक्षक व्यक्तित्व निकै प्रौढ एवं परिपक्व बनिसकेको छ । यही पेसाबाट उनको व्यक्तित्वले फस्टाउने मौका पाएको छ ।

### ३.४.३ राजनैतिक व्यक्तित्व

लेखक भट्टले आफ्ना रचनाहरूमार्फत राष्ट्रियता, राजमुकुट एवम् राष्ट्रिय अखण्डताको अभिव्यक्ति व्यक्त गर्दै सबैलाई मन, वचन र कर्मले राष्ट्रसेवामा लाग्नुपर्ने अभिब्यक्ति दिएका छन् । उनले 'वर्तमान राजनीतिक सन्दर्भमा ध्यानदिनुपर्ने कुराहरू' नामक निबन्धलेखनमा यस कुराको अभिब्यक्ति दिएका छन् । भट्ट पञ्चायतीकालमा 'गाउँफर्क राष्ट्रिय अभियानका सदस्य र पछि अध्यक्ष पदमा कार्यरत रहेता पनि पछिल्लो चरण वा प्रजातन्त्रको पुनस्थापनापछि नेपाली काँग्रेस सर्मथक रहेको देखिन्छ तर उनले पार्टीको कुनै क्रियाशील सदस्यता भने लिएका छैनन् ।

### ३.४.४ दार्शनिक-चिन्तक व्यक्तित्व

अध्ययन-अध्यापनमा निकै रुचि राख्ने भट्टले नेपाली, संस्कृत, हिन्दी र अंग्रेजीका केही ग्रन्थहरूको अध्ययन गर्नुको साथै अन्य भाषा भाषिका पुस्तकहरूको अध्ययन गरेको कुरा पनि बताउँछन् यसका साथै चारै वेद र षड्दर्शनको पनि अध्ययन गरेका भट्टको हिन्दुधर्म, दर्शन र आध्यात्मिक, आनुष्ठानिक कार्यपद्धतिमा भगवत्दर्शनप्रति विशेष अध्ययन र गहिरो चिन्तन रहेको छ । विशेष गरी धर्म र दर्शन सम्बन्धमा रेडियो नेपालबाट यिनका लेखहरू प्रसारण भएका छन्

। उपनिषद्, गीता, धर्म-दर्शन आदिको गहिरो चिन्तन पद्धतिद्वारा सबैलाई मीठो सन्देश दिनु भट्टको दार्शनिक पक्ष देखा पर्छ ।

### ३.४.५ जीवनदर्शन

'जीवन सरल छ र जटिल पनि छ । छोटो जीवनमा गर्नुपर्ने धेरै कार्यहरू छन् । सांसारिक विषयवस्तु र भोगलालसामा भुल्नु भ्रमको खाडलमा रहनु मात्रै हो । हामीले आफूले चाहेको वस्तु शाश्वत रूपमा भोग गर्न नपाउँदा यो ईश्वरीय विधिविधान नै ठहऱ्याई जीवन र जगत्प्रतिको अनित्यताले शाश्वत वस्तुको अन्वेषण गर्नु जीवनदर्शन हो' भन्ने उनी ठान्दछन् ।

मनुष्यले थोरै समयमा भएपनि परोपकार र स्थायी रूपमा रहन सुकृतिलाई राख्नु जीवनको लक्ष्य हुनुपर्दछ भन्ने अवधारणा राख्नुपर्दछ । कुनै कुरामा पनि गर्व नगरी सबैको हितमा समर्पित हुनुपर्दछ भन्ने चाहनामा नै जीवनको सार देखिन्छ । जीवन मरणशील छ । यस मरणशील जीवनलाई सार्थक तुल्याउनका लागि आफ्नो धर्म र संस्कृतिको अध्ययन, चिन्तन, मनन गर्दै पूर्वजहरूले बनाएको पद्धतिअनुसार चरित्र र आचरण निर्माण गर्दै मोक्ष प्राप्त नै जीवनको लक्ष्य हो भन्ने धारणा राख्ने साहित्यकार जीवनदर्शन र दृष्टिकोण पनि आर्यसभ्यता र हिन्दु धर्मसँगै गाँसेको देखिन्छ । पूर्वीय अग्रजहरूको विद्वत्तापूर्ण परम्परा, संस्कृति र आचरण नै हाम्रो पथपर्दशक र मोक्षमार्ग हो भन्ने संसार कै प्राचीन ग्रन्थ र दर्शन वेद नै हो भन्ने उनको मुख्य धारणा छ । भौतिकवादभन्दा चाँडो आध्यात्मबादबाट मोक्षको बाटो प्राप्त गर्न सकिन्छ भन्ने उनको प्रमुख जीवनदर्शन रहेको पाइन्छ ।

## ३.५. जीवनी, व्यक्तित्व र साहित्यलेखनको अन्तःसम्बन्ध

रामचन्द्र भट्टको चौसठ्ठी वर्षको लामो जीवन साहित्यिक, सामाजिक, शैक्षिक र धार्मिक परिवेशमा बितेको छ । यही लामो अवधिको जीवन भोगाइमा आफूले अनुभव गरेका सरल, जटिल परिस्थिति एवम् विविध भाषाका ग्रन्थहरूको अध्ययनबाट प्राप्त ज्ञानका साथै विविध ग्रन्थका बारेमा आएका भ्रान्त धारणाहरूले उनको साहित्यिक व्यक्तिको निर्माणमा सहयोग पुऱ्याएका छन् । उनले आफ्नो धेरैजसो समय अध्ययन कार्यमा बिताएको देखिन्छ भने त्यस अध्ययनशील जीवनले उनको सिङ्गो साहित्यलेखनलाई डोऱ्याएको छ । उनको साहित्यिक व्यक्तित्वमा समालोचना र निबन्ध एवम् साहित्येतर व्यक्तित्वमा अनुवादक र आध्यात्मिक

व्यक्तित्व समानधर्मीरूपमा अगाडि बढेको देखिन्छ । उनका गद्यपद्य एवं साहित्यिक कृतिमा हाम्रोआर्य सभ्यताप्रति आस्था, राजा एवम् राजसंस्थाप्रति श्रद्धा साथै देशप्रेमका भावनाहरू पोखिएको पाइन्छ । साहित्यको उद्देश्य धर्म, अर्थ एवम् समाजलाई शिक्षा प्राप्त गर्नु हो भन्ने उनको मान्यता छ । उनको विद्वत् व्यक्तित्व साहित्यमा जताजतै सल्बलाएको छ । आफ्ना बुवा एवम् गुरुहरूको योगदान नै भट्टको साहित्यलेखनका लागि प्रेरक तफ्व हो । साँस्कृतिक, धार्मिक, आध्यात्मिक वातावरण, जीवन भोगाइका अनेकौ आयामहरू र अग्रजहरूको प्रेरणाले नै उनको साहित्यिलेखनमा सक्रियता रहेको देखिन्छ । गाउँले र सहरिया दुवै सामाजिक जीवन भोगेका भट्टका काब्यात्मक कृतिहरूमा मातृप्रेम, वात्सत्यप्रेम, प्रकृतिप्रेम, देशप्रेम एवम् ग्रामीण सहजताप्रतिको अभिरुचि पाइन्छ भने निबन्धहरूमा पूर्वीय साहित्य सिद्धान्तको चर्चा बढी पाइन्छ । जीवनमा विविध घटनाक्रमले र नेपाली साहित्यमा देखिएका पूर्वापर समालोचना वा अमिल्दा समालोचनाहरूले उनलाई समालोचनात्मक लेखनतर्फ उन्मुख गराएको छ साथै विविध शैक्षिक संस्थामा अध्यायपन गर्ने क्रममा देखापरेका समालोचनाका अस्पष्टाहरू हटाउनका लागि त्यसक्षेत्रमा अग्रसर हुन पुगेका छन् । वैदिक आर्य सभ्यताको संरक्षणार्थ धर्मका नाममा देखापरेका आडम्बरहरूको समुल नष्ट गर्नका लागि र आध्यात्मिकताको ज्योति बाली सभ्य र सुसंस्कृत समाजको निर्माण होस् भन्ने हेतुले उनी धार्मिककृति/लेखनमा उन्मुख भएको पाइन्छ । यसरी भट्टको जीवनको लगभग साढे चारदशक जति समय लेखन कार्यमा लागेको पाइन्छ । सदैव साहित्य एवम् आध्यात्मिक साधनामा तल्लीन रहने र खोज अन्वेषणमा लागिरहने रामचन्द्र भट्टको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अत्यन्त गहिरो अन्तःसम्बन्ध स्थापित भएको देखिन्छ ।

## ३.६ निष्कर्ष

वि.सं. १९९८ मा जन्मिएका साहित्यकार रामचन्द्र भट्टको व्यक्तित्वका विभिन्न पक्ष र आयाम छन् उनी सानै उमेरदेखि धार्मिक सांस्कृतिक क्षेत्रमा संलग्न साथै अध्ययन र अध्यापनमा पनि निरन्तर लागि रहेका छन् । भट्टले संस्कृत, नेपाली र अंग्रजी भाषामा दक्षता हासिल गर्नाका साथै पूर्वीय साहित्यको पनि बृहत् अध्ययन गरेको पाइन्छ । वैदिक संस्कृति एवं आर्य सभ्यताका सर्जक भट्टले महान् पण्डितका रूपमा पनि आफूलाई

चिनाएका छन् । मूलतः साहित्य साधनमा प्रतिबद्ध भट्टको व्यक्तित्व निस्वार्थ र निष्काम भावनाले अभिप्रेरित देखिन्छन भने शिक्षण सेवा, राष्ट्रसेवा, समाजसेवा र पूर्वीय काव्य आदि विविध पक्षमा उनको व्यक्तित्व विस्तार भएको पाइन्छ । मानवीय मूल्य र मान्यतालाई महत्व दिने सर्वोपरी महत्व दिने भएकाले पनि यिनको व्यक्तित्व शालीन देखिन्छ ।

# चौथो परिच्छेद

## रामचन्द्र भट्टको कृतित्वको अध्ययन

रामचन्द्रभट्टले आफ्नो लेखन कालमा साहित्य र साहित्येत्तर दुवै विधामा कलम चलाए तापनि उनको मुख्य क्षेत्र साहित्य नै मानिन्छ । साहित्यका क्षेत्रमा उनले खण्डकाव्यका साथै निबन्ध सङ्ग्रह पनि प्रकाशित गरेका छन् । उनका साहित्यिक र साहित्येत्तर कृतिहरूको छोटकरी अध्ययन तल प्रस्तुत गरिएको छ ।

### ४. साहित्यिक कृतिको अध्ययन

रामचन्द्र भट्टका साहित्यिक कृति भनेका 'आमाको सम्झना' (शोक काव्य), 'कविता कामिनी विनोद' (खण्डकाव्य) 'प्राज्ञिक त्रिवेणी' (निबन्ध संग्रह) हुन् ।

### ४.१ 'आमाको सम्झना' खण्डकाव्यको विवेचना

'आमाको सम्झना' नामक खण्डकाव्य रामचन्द्र भट्टको पहिलो प्रकाशित साहित्यिक कृति हो, जसलाई उनले आफ्नी वात्सल्यमयी माताको मृत्यु पश्चात सम्झनाको कोशेली स्वरूप खण्डकाव्यका रूपमाप्रस्तुत गरेका छन् । उक्त काव्य २०४६ मा सर्व हितैषी कम्पनी जा पादेवी रोड वाराणसीबाट प्रकाशित भएको हो । जसमा लेखकको नाम पं. रामचन्द्र भट्टले लेखिएको छ । प्रस्तुत खण्डकाव्यको छोटो विवेचना सहित विभिन्न उपशीर्षकमा अध्ययन गरिएको छ ।

#### ४.१.१ संरचनाविधान

कुनै पनि कुरा पन्नका लागि त्यसको एउटा शिश्चित संरचना हुन्छ । विभिन्न तत्वहरू मिलेर कृतिको रचना हुन्छ , त्यसका लागि बाह्य रूपमा देखा पर्ने तत्वहरू त्यसका आन्तरिक तत्व हुन भने बाहिर देखा पर्ने तत्वहरू बाह्य तत्व हुन् । 'संरचना दुई किसिमको हुन्छ - आन्तरिक र बाह्य । कृतिको समष्टि रूप वा बनोटलाई संरचना भनिन्छ ।

कविता कृतिको बाह्य संरचना त्यसको लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पंक्तिविधान तथा पङ्तिपुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ ।[३१]

संरचना विधानका दृष्टिले हेर्दा रामचन्द्र भट्टद्वारा लिखित वि.सं.२०४६ सालमा सर्वहितैषी कम्पनी, जालपादेवी वाराणसीबाट प्रकाशित 'आमाको सम्झना' नामक शोककाव्य निकै छोटो देखा पर्दछ । यसमा १८ पृष्ठ मात्र छन् । यस काव्यलाई पहिलो र दोस्रो उच्छ्वास गरी दुई खण्डमा विभाजन गरिएको हो । काव्यमा प्रस्तुत जम्मा ५६ श्लोहरूमध्ये पहिलो उच्छ्वासमा ४४ श्लोक र दोस्रो उच्छ्वासमा १२ श्लोक रहेका छन् ।

## ४.१.२ पात्र विधान

पात्रका अभावमा कथावस्तुको परिकल्पना गर्न सकिदैन । यस्तो भएमा त्यो अधुरो रहन्छ समाजका विविध क्षेत्रको प्रतिनिधित्व पनि पात्रद्वारा गराइएको हुन्छ । पात्र मानव र मानवेतर जे पनि हुन सक्छ । खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने चरित्र कथानक पछिको अर्को तत्व भएकाले यो सशक्त जीवन्त र संवेद्य हुनु आवश्यक छ । खण्डकाव्यमा नायक वा नायिकाकाको भूमिका प्रमुख रूपमा रहने गरी व्यवस्था हुनसक्छ । यी बाहेक अन्य सहनायक नायिका तथा खलनायक नायिका र अन्य पात्रको पनि प्रयोग गरिएको हुन्छ । पात्र वा चरित्र स्त्री पुरुष , प्रमुख-सहायक र गौण अनुकूल-प्रतिकूल, गतिशील-गतिहीन, व्यक्तिगत-वर्गगत, प्रत्यक्ष-अपत्यक्ष, बद्ध-मुक्त पनि हुन्छन् ।

कथानकलाई गतिशील बनाउने कार्य पात्रद्वारा गरिन्छ । कथानकको सम्पूर्ण घटना र कार्य पात्रमा निहित हुन्छ । 'पात्र त्यो माध्यम हो, जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थ प्रस्तुतिको प्रयोग गरिन्छ ।'[३२] कथानकलाई प्रारम्भ देखि अन्तसम्म लैजाने काम पात्रबाट मात्र सम्भव छ ।

प्रस्तुत 'आमाको सम्झना' नामक शोककाव्यमा काव्यकार स्वयम् 'म' पात्रका माध्यमबाट मुख्य पात्रका रूपमादेखापरेका छन् साथै यस काव्यमा हामी शब्दका माध्यमबाट

---

[३१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग ४, तेस्रो सं. ( काठमाडौं : साझा प्रकाशन, २०५४) पृ. १७ ।

[३२] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, खण्डकाव्यसिद्धान्त र नेपाली खण्डकाव्य, (काठमाडौं : भूँडीपुराण प्रकाशन, २०५७ ) पृ.ठ ।

कतैकतै भाइ र बहिनीको प्रसङ्ग पनि ल्याएका छन् । प्रमुख मात्र म भएपनि सहायक पात्रका रूपमाभाई र बहिनी देखा पर्दछन् ।

### ४.१.३ **वस्तुयोजना**

पात्रद्वारा गरिने कार्य व्यापारलाइ वस्तुयोजना वा कथावस्तु भनिन्छ । कथावस्तुले घटनाको क्रमिकतालाई देखाउँछ । यसैका आधारमा पात्र र अन्यको निर्धारण हुन्छ । समग्रमा भन्दा यो काव्य वा कृतिको मेरुदण्ड नै हो ।

प्रस्तुत काव्यमा काव्यकार रामचन्द्र भट्टले आफ्नी स्वर्गीया, स्नेहमयी पूज्य मुमा विनोदिनीदेवीको पावन स्मृतिमा अश्रुविन्दुका साथ स्फूरित भएका क्षणहरूको अभिव्यक्ति बडो भावविह्वल भएर कारुणिक, हृदयसंवेद्य किसिमले गरेका छन् । पहिलो उच्छ्वासमा काव्यकारले आफ्नी आमाको निधनपछि आफ्नो जीवनमा देखा परेका अभाव, वात्सल्यताको कमि, आमाको मुख हेर्ने लालसा आफूहरूमा विद्यमानै रहेको तर दैवले त्यसलाई चुँडालेर आफ्नो दुर्दशा निम्त्याएको, आमाको सम्झनाले शोकाकुल बन्दै आँखाबाट अश्रुसागर बहे पनि सान्त्वना दिने कोही नभएको, आमालाई मृत्युले घुम्लुम्म अँगालो हाल्ने बेलामा आमाले बोलेका अर्ती उपदेश र भलाइको कामना गरेको प्रसङ्ग पनि जोडेका छन् । काव्यकारले स्नेहमयी आमाको चाहनाहरूलाई पूर्ण गराउन इच्छा हुँदाहुँदै पनि विविध कामको व्यस्तताका कारण नित्य सेवा गर्न नसकेकाले आफ्नो चाहना पनि अपूर्ण रहेको कुरा कोट्ट्याएका छन् ।

जसले कुनै पनि सन्तानलाई लाखापाखा नगरी समान व्यावहार गर्छिन ती आमालाई स्वर्गसँग तुलना गर्दै स्वर्गभन्दा पनि सुखदायी भएको अनि कतै आफ्नो स्नेह वा माया ममता नपाएर दुःख भोग्ला कि भन्ने रातदिन चिन्तामा रहने आमालाई सम्झेर चित्त रोएको र जति सम्झाउँदा पनि सम्झाउन नसकेको र ती खस्न नसकेका आँशुले आफ्नो मुटुलाई चस्चस् घोचिरहेको,आफ्नो चिन्तामा आमा रोएका दिनहरू सम्झदै सम्झदै आफू रोएको, आफू दुःख कष्टका साथ नखाई नलाई सन्तानहरूका लागि घर खेत सारा जुटाइदिने आमा बाबु दुवै ईश्वर समान भएकाले आर्य संस्कृतिमा माता पिताको गौरब गान गरिएको प्रसङ्ग पनि जोडेका छन् । वर्षायाममा मेघ गर्जेर पानी वर्षे झै आमालाई सम्झदा दुःखका आँशुहरू वर्षेको र मुटुमा जलन उठेको, आमालाई बचाउन आफ्नो बुद्धि विवेकले भ्याससम्म धामी, डाक्टरका साथै अनेक प्रयास

गर्दा पनि प्रकृतिको नियतिको सामु आफू निरीह सावित भएको, भौतारिएर खोज्दै हिड्दा पनि आमा कहाँ बस्छिन् ? के गर्छिन् ? कुन अवस्थामा कसरी बसेकीछिन् ? कसरी जीवन विताइरहेकी छिन् ? के भोजन गर्छिन ? कस्तो लुगा लाउँछिन् ? बस्ने ठाउँ कहाँ छ ? भूँइमा सुत्छिन् वा पलङमा ? कसको साथ कहाँ कुन कुरा गर्दै बसेकिछिन् ? यी सारा कुराहरू बारे आफूले एकपल्ट भेटेर जान्न चाहेको अभिव्यक्ति प्रश्नको रूपमाप्रकट गरेका छन् । आफू दुई भाइ र एक बहिनी बडो दुःखका साथ मनभरि चिन्ता बोकी आमालाई दर्शन, शिक्षा र अर्ती दिन भनी पुकार्दै बसेका र पूर्ण सेवा गर्न नसकेकोमा आमाप्रति ऋणी भएको साथै दीप्तीमयी मातृ वियोगका कारण सारा घर अन्धकार, निस्तब्ध, शून्य, उजाड भएको र आमाले दिएको अर्ती र अमूल्य वाणीहरूलाई यसरी प्रस्तुत गरेका छन् -

"यस्तै यी दिन सौख्यका रहिरहे भूस्वर्ग हुन्थ्यो यहाँ"
छोरा ! क्वै दिन आलान विपद् ती तिम्ले नचाहे पनि ।
अर्ती यो पनि स्नेहको जुन थियो मेरी मुमाको हरे
"बस्नु पीर नगर्नु पुत्रजनले संसार यस्तै छ रे" ॥

यस धरतीमा केही वर्ष बिताएर आश्चर्य मान्दै स्वर्गको वगैचामा रमाइरहेकी आमालाई भेट्ने आशाका साथ आफूहरू पर्खिरहेको, निरन्तर आमाको आशिष आफूमाथि र आफ्नो चित्त आमाको पाउमा रहोस् भन्ने कामना र आमाले आफू छउन्जेल आफूमाथि गरेको पालन-पोषणका खातिर आमाको जीवन सफल पार्न जुनसुकै कष्ट उठाउन तयार भएको, आमा जीवित छँदा काव्यकार आफू केही निजी काममा व्यस्त भएका कारण नजिक बस्न नपाएको र निरन्तर सेवा गर्नबाट चुकेको अनि आमाको मृत्युको क्षणमा जीवनमा नैराश्यता र विपत् आइलागेको कुरा उल्लेख गरेका छन् । शास्त्र वल मनभरि पश्चातापै-पश्चाताप बाँकी रहेको, कुन पापका कारण ताप भोग्न परेको ! ईश्वरले निष्ठुर बनेर व्यर्थै आफ्नो हृदयमा सन्ताप पारेको तर अब आफ्नो एउटै मात्र चाहना आमाको न्यानो काखमा बसेर सेवा गर्ने रहेको कुरा बताएका छन् । यो सारा जीवन वा लीला पानीको थोपा, आकाशको बादल, रङ्गभूमि र केवल स्वप्न हो भन्ने कुरा जान्दाजान्दै पनि मातृवियोगको पीडा मनबाट हट्न नसकेको अनि आमाको जीवनकालमा मूर्ख मतिले कर्तव्य पूरा गर्न नसकेकोले आफूबाट भएको सो त्रुटि चैतन्यरूपी मुमाले सारा अपराधहरूलाई विर्सेर माफ गरिदिनु हुन स्वर्गीय आमासँग प्रार्थना गरेका छन् ।

दोस्रो उच्छ्वासमा काव्यकारले छन्द परिवर्तन गरी तीन श्लोक स्रग्धरा छन्द र बाँकी मन्दाक्रान्ता छन्द मार्फत् आफ्ना भावहरू अभिव्यक्त गरेका छन् । वात्सल्यमयी प्रकृति समान सौम्य, उत्कृष्ट मूर्ति आमालाई सम्पूर्ण मुटुभरि स्नेहको गहिरो भावका साथ दिनहुँ पत्यक्ष सेवा गर्ने जुन चाहना थियो त्यो आज केवल सपना समान भएकाले मनभरि चयन नभएको, आमाले आफूलाई देख्न नसकेको, आमाले गर्न बाँकी रहेका वा चाहना भएका कुराहरू सपनाका माध्यमबाट भने पनि आफू प्रतिनिधि भएर सारा पूरा गर्ने वचनबद्धता प्रकट गरेका छन् । छोरा पाए तापनि असल पाएन कि ! भनेर आफ्नो मनमा खेद भएको र आमाको हृदय हसाउँनका लागि दूधको ऋण तिर्न तयार रहेको, बाँकी रहेको काम आमाले भनेमा पूर्ण गर्ने अठोट राख्दा राख्दै पनि अल्पिएको, आमाको अतुल करुणा र वात्सल्य पाएकाले जिन्दगी भाग्यशाली र सुखमय भएको र आज एक्लै दैवको दुर्दशाको विपद भोगिरहेको, ऋतु, पर्व, सूर्य, चन्द्र फेरि भेट्न आए तापनि आमाले नफर्कने गरी आफूलाई छोडेर गएको, खोलानाला र नदीहरू सागरमा मिल्ने, जीवनलाई कलामा रोक्न सकिने तर आमासँग आफ्नो भेट यस धर्तीमा किन सम्भव नभएको ? भनी आश्चर्य प्रकट गरेका छन् । यस जगत्मा मान्छेका हरेक पीडा आइलागे पनि ती सारा पीडा र वेदनाहरूको तुलनामा सम्पूर्ण प्राणीहरूको जिन्दगीमा मातृवीरह वा मातृवियोगको पीडा सबैभन्दा बढी दुःखदायी हुन्छ भनेका छन् ।

### ४.१.४ **उद्देश्य**

हरेक कुरा गर्नका पछाडी केही न केही उद्देश्य हुन्छ र उद्देश्यरहित कुनै पन कार्य नगाउि जस्तै साहित्य लेलनको पनि आफ्नै उद्देश्य हुन्छ जसलाई प्रयोजन भनिनछ । उद्देश्य नै त्यसको खास गुदि हो ।

'साहित्य सृजनाको प्रयोजन मूलकतालाई उद्देश्य भनिन्छ ।'[३३] उद्देश्यलाई केन्द्रीय कथ्य, जीवनदृष्टि, जीवनदर्शन वा केन्द्रीय-भाव पनि भनिन्छ ।'[३४] हरेक साहित्यकारले कुनै न कुनै उद्देश्यका लागि साहित्य लेख्ने गर्दछ ।

[३३] खगेन्द्रप्रसाद लुइटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. ५४ ।
[३४] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, पूर्ववत्, पृ. ७ ।

तसर्थ काव्यकार भट्टको यस काव्य लेखनको मूल हेतु संसारमा सबैभन्दा श्रेष्ठ आमा हुन् । जुन स्नेह आमाले दिन सक्दछिन् सो अरू कसैले दिन नसक्ने र मातृवियोगको पीडा अन्य सबै पीडाको तुलनामा उच्च रहेकाले जीवितावस्थामा नै सारा मानवले जतिसक्दो आमाको सेवा शुश्रूषा गर्नुपर्छ भन्ने रहेको देखापर्छ । जुन कुरा तल दिइएको श्लोकबाट स्वतः स्पष्ट बुझिन्छ :

ए पृथ्वी तलका सपूत जन हो ! आमा रिझाओ अति,
शुश्रूषा गर भावपूर्ण दिलले धोको नराखी कति ।
आमाले हृदयैमहां खुश भई छौं आज सपुत्रिणी,
भन्दै धन्य हउन दुवैथरि यहाँ हामी कृताथै भनी ॥

(श्लोक ४१, पृ. १५)

### ४.१.५ भावविधान

रचनाकारले लेखेका रचनामा अनेक भावहरू हुन्छन् । जीवन जगत्मा विद्यमान विविध भावहरूमध्ये कुनै एक भावलाई कृतिमा केन्द्रीय भावका रूपमा स्वीकारिएको हुन्छ । भाव विना कुनै पनि कुराको अनुभव गर्न नसक्नु वा अनुभूतिविहीन हुन पुग्नु हो । पूर्वीय साहित्यको रसवादी चिन्तनअनुसार कुनै पनि कृतिमा रति, शोक, उत्साह, भय आदि स्थायी भावमध्ये एउटा मुख्य भावको रूपमारहेको हुन्छ ।[२५]

त्यस केन्द्रीय भावको परिपुष्टिका लागि लज्जा, मोह, श्रम, उग्रता, जडता, हर्ष विस्मात आदि प्रयोग गरिएका हुन्छन् । यिनीहरू क्षण क्षणमा निस्कने र हराउने पनि गर्दछन् विभिन्न भावका सहयोगले कृतिमा रहेको मुख्य भाव परिपाकमा पुग्दछ र त्यस कृतिले पाठक र स्रोतालाई आन्दानुभूति प्रदान गर्दछ । रचनामा व्याप्त केन्द्रीय भाव बढी अकार्षक र प्रभावशाली भएमा कृतिको काव्यात्मक मूल्इ चरम विन्दुमा पुग्दछ साथै कृति बहुचर्चित बन्छ ।

भाव विधानका दृष्टिकोणले हेर्दा प्रस्तुत काव्यको अङ्गी रस करुण रहेको छ भने वात्सल्य भाव पनि देखापर्दछ । करुण रसको स्थायी भाव शोक हो यसर्थ करुण रस अङ्गी भएको यस काव्यको स्थायी भाव पनि शोक नै हो । आमाको मृत्यु हुनु आलम्बन विभाव हो भने

[२५] ऐजन , पृ. ८ ।

काव्यकारले आमासँगको दिनहरूको सम्झना गर्दै प्रताडीत भएको र आँखाबाट आँशु बहेको अवस्था उद्दीपन विभाव हो । यसर्थ भाव विधानका दृष्टिले प्रस्तुत काव्य सफल देखापर्दछ ।

### ४.१.६ **लयविधान**

'कविता विधाको मुख्य विधागत परिचायकस्वरूप तत्व लय विधान नै हो ।'[३६] गेयात्मकता कविताको मुटु हो । गीतिचेतनाको अभावमा कवितात्मक अभिव्यक्ति जीवित र सार्थक हुँदैन ।'[३७] कवतामा निश्चित वर्ण मात्रा अक्षरको वितरण, अनुप्रास आदिको योजना चरण, पाउ वा पंक्तिको गतिक्रम, वार्णिक र मात्रिक आवृत्तिको स्थिति नै छन्द र लय हो । कवितामा प्रयुक्त यी (बर्णमात्रिक, मात्रिक र मुक्त) लयमध्ये कुनै पनि लयको उपयोग गरी खण्डकाब्यको रचना हुनसक्छ ।

'कवितामा लय विशेषतः छान्दिक ढाँचामा निर्भर गर्दछ ।'[३८]छन्दोबद्ध पद्य कवितामा शास्त्रीय नियमको पालना गरिन्छ भने छन्दमुक्त गद्य कवितामा त्यस्तो कुनै बन्धन हुँदैन । प्रस्तुत काव्यमा काव्यकार रामचन्द्र भट्टले बद्ध र मुक्त छन्द मध्ये बद्ध अन्तर्गत पर्ने शार्दूलविक्रीडित, स्रग्धरा र मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन्, भने काव्यको अन्तमा उपसंहार शीर्षक राखी एक श्लोक अनुष्टुप् छन्दमा लेखेका छन् । प्रत्येकको छोटो चिनारी सहित उदाहरण यस प्रकार दिइएको छ -

#### ४.१.६.१ **शार्दूलविक्रीडित**

प्रत्येक पाउमा १९-१९ अक्षर वा वर्णहरू भएको, बाह्रौं र सातौं अक्षरमा यति वा विश्राम हुने चार हरफे छन्द शार्दूलविक्रीडित हो । यसको गण यसप्रकार छः

म स ज स त त गु

ऽऽऽ ।।ऽ ।ऽ। ।।ऽ ऽऽ। ऽ

---

[३६] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. १८ ।
[३७] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, पूर्ववत्, पृ. ८ ।
[३८] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् , पृ. १३७ ।

कस्ले सोद्धछ आज बाबु ! अहिले खायौ कि खाने कुरा
खाऊ झट्ट क्षुधा भए, अब यहाँ लौ यो फलानो कुरा ।
भन्ने को छ र ? आज ती हित कुरा मैलाइ संसारमा,
आमा झैं अरूमा त हुन्न त्यतिको वात्सल्य सन्तानमा ॥

(पहिलो उछ्वासको, श्लोक १)

४.१.६.२ **स्रग्धरा**

प्रत्येक पाउमा २१-२१ अक्षर वा वर्णहरू भएको र प्रत्येक सातौं अक्षरमा यति वा विश्राम हुने चार हरफे छन्द स्रग्धरा हो । जस्तै :

म र भ न य य य

ऽऽऽ ऽ।ऽ ऽ।। ।।। ।ऽऽ ।ऽऽ ।ऽऽ

मेरी वात्सल्य भूमि ! प्रकृति कृति विषे सौम्य उत्कृष्ट मूर्ति,
आमा ! भेट्नेहुँ कैले सकल दिलभरि स्नेहको गढता ली ।
तिम्रो प्रत्यक्ष सेवा दिनहूँ जुनथियो आज सपना समान,
केले ऐले बुझाऊँ दिल सहजले छट्पटि चैन छैन ॥

(दोस्रो उच्छ्वास, श्लोक, ४५ पृ १६)

४.१.६.३ **मन्दाक्रान्ता**

प्रत्येक पाउमा १७-१७ अक्षर वा वर्णहरू भएको र प्रत्येक चारौं, दसौं र सत्रौं अक्षरमा यति वा विश्राम हुने चार हरफे छन्द मन्दाक्रान्ता हो । जस्तै-

म भ न त त गु गुरु

ऽऽऽ ऽ।। ।।। ऽऽ। ऽऽ। ऽ ऽ

देहैले नै यति कति कुरा गर्न बाँकी रहेथ्यो
आमा तिम्रो यस जगतमा वासना क्यैं रहे त्यो ।

इच्छा तिम्रो प्रतिनिधि भई पूर्ण गर्नेछु सारा,

आज्ञा सर्पनाबिच पनि भए, पाऊँ तिम्रो सहारा ॥

(दोस्रो उच्छ्वास, श्लोक, ४८, १७)

४.१.६.४ **अनुष्टुप**

प्रत्येक पाउमा ८-८ अक्षर वा वर्णहरू भएको र आठौं अक्षरमा यति वा विश्राम हुने चार हरफे छन्द अनुष्टुप हो । यो दुई पङ्तिको लेखिएको देखिए तापनि यसमा चार पाउ हुन्छन् । जस्तै-

बैकुण्ठ बास होस् आमा !

तिम्रो सद्गति होस् अनि ।

स्वर्गीय दिव्य आत्मामा

चिरशान्ति मिलोस् त्यहीं ॥

४.१.७ **कथनपद्धति**

कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकाले यो पनि कविता वा काव्यका तत्वका रूपमा रहेको छ । यो मुख्यत दुई प्रकारको हुन्छ - कविप्रौढोक्ति र कवि निबद्धप्रौढोक्ति जसलाई क्रमशः प्रथमपुरुष र तृतीय पुरुष पनि भनिन्छ । रचनाकारले आफ्ना भावनालाई आफैले सोझो रूपमा वर्णन गरेमा कवित प्रोढोक्ति र कविले कुनै पात्रका माध्यमबाट आफ्ना भावनालाई व्यक्त गरेमा कनिविबद्ध प्रोढोक्ति भनिन्छ । रचनाकारले रचनको भथनमा पनि यी विभिन्न पद्धतिको उपयोग गरेको पाइन्छ । यस दृष्टिकोणले हेर्दा प्रस्तुत 'आमाको सम्झना' शोककाव्यमा कविले म पात्रमार्फत् आत्मपरक प्रथमपुरुषात्मक कथन पद्धतिको प्रयोग गरेको देखिन्छ ।

४.१.८ **अलङ्कार**

'अलङ्कारको शाब्दीक अर्थ आभूषण वा गहना हो । सुनचाँदीका गहनाले मानव शरीरको शोभा बढाउँछ भने भाषाको गहना मानिने अलङ्कारले साहित्य (कविता) को सौन्दर्य बढाउँछ । 'यसले कविता वा काव्यलाई चमत्कृत, सौन्दर्यपूर्ण, आकर्षक, प्रभावशाली तुल्याउने

काम गर्छ । अलङ्कारको वर्गीकरणको सम्बन्धमा पूर्वीय आचार्यहरूमा मतैक्यता देखापर्दैन । विभिन्न आचार्यले वर्गीकरण गर्दा घटिमा ४ र बढीमा १२५ जति अलङ्कार बताएका छन् । तापनि मुख्य गरेर शब्दालङ्कार र अर्थालङ्कारअन्तर्गत विविध भेदोपभेद देखापर्दछन् ।

प्रस्तुत 'आमाको सम्भना' शोककाव्यलाई यस दृष्टिकोणले हेर्दा यसमा शब्दालङ्कारअन्तर्गत पर्ने अनुप्रास र अन्त्यानुप्रासको आधिक्य सफलता देखापर्छ भने अर्थालङ्कारअन्तर्गतका उपमा, आदि देखापर्दछन् जसलाई उदाहरण मार्फत् यसरी पुष्टि गर्न सकिन्छ -

४.१.८.१ **शब्दालङ्कार**

जसले शब्दका माध्यमबाट काव्यलार्य अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ ।

४.१.८.१.१ **अन्त्यानुप्रास**

आमा ! त्यो मुटुको पवित्र फल वा माया थिएँ बेसरी,
छोडी पुत्र, गयौ अकेली कसरी बाँच्ने यहाँ के गरी ।
केही चाह मलाई छैन अरु हे ! आमा तिमी छौ कहाँ,
न्यानो काख नगीच सेवक भई पाउँ मबस्नै त्यहाँ ॥

(पहिलो उच्छ्वास, श्लोक ३८, १४)

४.१.८.२ **अर्थालङ्कार**

अर्थका आधारमा रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।

४.१.८.२.१ **उपमा**

उपमेय र उपमानकाबीच रूप, गुण, क्रिया आदिको समानता देखाएमा उपमा अलङ्कार हुन्छ ।

आमालाई कतै म देख्दिन यहाँ, वात्सल्य को गर्छ र,
हाम्रो जीवनको भविष्य सुखमा आमा सरी को छ र ।

आफ्नै प्राण समानझैं अब यहाँ गर्ने छ को पोषण,

तिम्रै हूँ टुकडा म भित्र मुटुकै मेरो थियौ जीवन ॥

(पहिलो उच्छ्वास, श्लोक २ पृ. १)

४.१.९ **भाषाशैली**

भाषाशैली काव्यको अर्को महत्वपूर्ण तत्व हो । कृतिलाई प्रस्तुत गर्ने माध्यम भाषा हो भने त्यसलाई अभिव्यक्त गर्ने तरिका वा ढाँचा शैली हो ।

खण्डकाव्य पनि भाषामा रचना गरिने साहित्यिक रचना हो । वर्ण, पद, पदावली, श्लोक, र अनुच्छेद जस्ता भाषिक विकल्पहरू मध्येबाट उपयुक्त ललित, रागात्मक र लयात्मक भाषिक एकाईको छनोट नै खण्डकाब्यको भाषाशैली हो । सामानय भाषामा भनिने तरिकालाई विशेष किसिमले भनिए त्यो शैली हुन्छ । तद्भव, आगन्तुक, समस्त जस्ता विभिन्न स्रोटबाट आएका शब्दको पनि उपयुक्त छनौट खण्डकाव्यमा गरिनछ । खण्डकाब्यमा प्रयोग गरिने भाषा सरल, सरस र सहज हुनु आवश्यक छ । केन्द्रीय भावलाई व्यक्त गर्ने मुख्य माध्यम नै भाषाशैली भएकाले खण्डकाव्यका लागि यसको भूमिका महत्वपूर्ण हुन्छ ।

यस दृष्टिकोणले हेर्दा प्रस्तुत 'आमाको सम्झना' शोककाव्यमा भाषालाई बढी भन्दा बढी सरल, सहज, सम्प्रेष्य, परिष्कृत र परिमार्जित गरेर प्रस्तुत गरेका छन् र पनि कतै-कतै काव्यकारले शब्दकोशीय शब्दहरूको पनि प्रयोग गरेका छन् । काव्यमा पियार, अकेली, डाक्टर, मुमा जस्ता आगन्तुक, स्वकर्म, जीवनदायिनी, शान्ति, लोक, प्राणपोषण, वात्सल्यजस्ता तत्स्म र आमा, अन्तिम, सास, आँशु, कति, मुठ्ठीजस्ता तद्भव शब्दहरूदेखा पर्दछन् तापनि काव्यमा तत्सम र तद्भव शब्दहरूको प्रयोग आधिक्य नै देखिन्छ ।

हरेक विधाका साहित्यिक कृतिको सिर्जनाका लागि शैली आवश्यक हुन्छ । प्रस्तुत काव्यलाई शैलीका दृष्टिले हेर्दा काव्यकारले संस्मरणात्मकरूपमा एकालापीय पद्यात्मक शैलीको सफल प्रयोग गरेका छन् । यसमा उनले अभिधाको रूपमाआमासँग रहँदाका सुखद क्षण र मातृवियोग पछि झेल्नु परेका विविध दुःख कष्ट, पीडा र वेदनाहरूलाई प्रकट गरेका छन् । यसरी काव्यको भाषाशैली सुस्पष्ट, बोधगम्य, लयात्मक र सरल किसिमको देखापर्दछ ।

## ४.२ उपसंहार

वि.सं. २०४६ सालमा प्रकाशित 'आमाको सम्झना' शोककाव्यमा जम्मा १८ पृष्ठ छन् । पहिलो र दोस्रो उच्छ्वास गरी वर्गीकृत गरिएको उक्त काव्यमा जम्मा ५६ श्लोक रहेका छन् । काव्य शार्दूलविक्रीडित, स्रग्धरा, मन्दाक्रान्ता छन्दमा लेखिएको छ र अन्तमा एउटा श्लोक उपसंहार शीर्षकमा अनुष्टुप् छन्दमा राखिएको छ । सरल सहज, हृदयसंवेद्य भाषाको प्रयोग, परिष्कार परिमार्जन सहित एकालापीय शैलीमा आत्मकथनद्वारा प्रथमपुरुष कथन पद्धतिमा उक्त काव्य लेखिएको छ ।

भट्टले उक्त काव्यमा आफ्नी स्नेहीमयी स्वर्गीय पूज्य मुमा 'विनोदिनीदेवी' को पावन स्मृतिमा अश्रुबिन्दुका साथ विरह र वेदनाले प्रताडित भएका क्षणहरूको अभिव्यक्ति दिएका छन् । आफ्नी पूज्य मुमाको स्नेह, माया-ममताको अभावमा विविध दुःख र पीडाहरू सहँदै अश्रुसागरका बीचमा संकटमय जीवन बिताइरहेको प्रसङ्गलाई कोट्याएका छन् । साथै यस संसारमा सबैभन्दा ठूलो आमाको माया भएकाले आमाको निधनबाट भावविह्वल भएका भट्टले आफ्ना हृदयका अनेक छटपटि र अनेकौं तरङ्गहरूलाई कारुणिक भाविधानद्वारा काव्यभरि छताछुल्ल पोखेका छन् । आमालाई भेट्न आफ्ना दुई भाइ र एक बहिनी प्रतिक्षाको घडिमा रहेको र आफ्नो अन्तिम चाह आमाको न्यानो काखमुनि ओत लागेर सेवा-शुश्रूषा गर्ने रहेको कुरा पनि काव्यमार्फत् दर्शाएका छन् ।

दृढधारणा भएका कारण देहलाई आत्ममा बदलेर गतिरहित मार्गमा मुक्तिका लागि आमा गएको, न त खोजेर औषधी नै पाइने न त वास नै ! त्यस्तो पृथ्वीदेखि वाक्क भएर आफ्नो स्वास्थ्य सुधार्न आफू स्वर्गलोकमा गएकी र जाँदा आमाले खप्नु परेको दुःखमा आफूहरूलाई परेको पीर, असक्तावस्थामा केही आमाका भन्न बाँकी रहेका धुक्धुकी, आमालाई बचाउन नसक्दा आफू समर्थहीन भएको, मातृ ममताको अभावमा मनमा अशान्ति मच्चिएको, यी काव्यमा कोरिएका शब्दहरू केवल केही क्षणको विश्रामका लागि मात्र भएको, तर मातृवियोगले छट्पटाएको मनलाई हलुको पार्न यी शब्दहरू असमर्थ रहेको, आफू निर्बल भई आँशुले मुख धोई बसेको, प्रकृति आफूमाथि क्रूर भएको आमालाई गुमाउँदा जति आश्चर्य अरु कुनै विलक्षण देख्दा पनि नलागेको र आफ्नो इच्छा नहुँदा पनि आमाले शून्यतामा अल्पिएको दुःखद क्षणमा आफ्ना सम्पूर्ण सुखहरू पनि अल्पिएको, आमालाई सन्तुष्ट पार्ने चाहहरू बीचमै

सेवा गर्न नपाउँदै तुहेको, आमाको वियोगावस्थामा छाती चिरी पागल बन्दै आँशुको झरी बगाई बाँच्न विवश भएको कुरालाई चर्चा गरेका छन् । हाड, छाला र मासुले बनेका व्यक्तिहरू जगत्मा सर्वत्र पाइए तापनि आमाको जस्तो दिल कसैको नपाएको, जसले सबै सन्तानलाई समान व्यवहार गर्छिन, तिनको मातृस्नेहको बयान यो विश्वमा कसैले गर्न नसक्ने, आमालाई सम्झेर अब पाउन नसक्ने के कुरा उल्लेख गरेका छन् ।

## ४.२ **कविता कामिनि विनोद खण्डकाब्यको विवेचना**

### ४.२.१ **संरचना**

संरचना दुई किसिमको हुन्छ आन्तरिक र बाह्य कविताको बाह्य संरचनामा लय, मात्रा, विश्राम, पाउ, चरण, पंक्ति वा परिच्छेद हुँदै विस्तारित हुन्छ । संरचना विधानका दृष्टिले हेर्दा रामजी उपाध्याय (राचन्द्र भट्ट) द्वारा लिखित वि. स. २०४६ सालमा प्रकशक प्रेस प्रिंसबाट छोटोरूपमा प्रकाशित भएको खण्डकाब्य कविता कामिनि विनोद हो । यसमा जम्मा १६ पृष्ठ छन् । पहिलो पंक्तिको श्लोकमा वस्तुनिर्देश दोस्रोमा उपक्रम र तेस्रोमा कथानक गरी तीन चरणमा विभाजन गरिएको छ । काव्यमा जम्मा ४८ श्लोक छन् ।

### ४.२.३ **पात्रविधान**

कथानकलाई गतिशिल बनाउने कार्य पात्रहरूको हुन्छ । पात्र त्यो माध्यम हो , जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थ प्रस्तुतिको प्रयोग गरिन्छ । कथाले प्रारम्भदेखि अन्तसम्म कौतुहल दिदै अगाडि लैजान्छ ।

प्रस्तुत 'कविता कामिनी विनोद' नामक खण्डकाव्यमा काव्यवर स्वयं 'म' पात्रका माध्यमबाट मूख्य पात्रका रूपमा देखापरेका छन् । यसमा 'हामी' शब्दका माध्यमबाट कवि, स्वयं आफू, र 'तिम्रो' पात्रद्वारा प्रकृतिको सभ्यतालाई देखाएका छन् । यो काब्यका माध्यमबाट कविले कालिदासलाई पनि लिएका छन् । उनले कालिदासलाई मेघदुत, आसुकाब्य र सुक्तिसिन्धुका माध्यमबाट चिनाउन खोजेका छन् । प्रेमी र प्रेमिकाका माध्यमबाट नारी र पुरुषको उल्लेख गर्दै प्रकृति पनि चिनाउन खोजेको पाइन्छ ।

### ४.२.४ वस्तुयोजना

प्रस्तुत काव्यमा कवि रामचन्द्र भट्टले मोतिराम भट्ट भन्दा अगाडिको शृङ्गारिक धारालाई प्रभाव पार्ने किसिमको सङ्केत देखाएका छन् । प्रथम श्लोकमा 'वस्तुनिर्देश र उपक्रमबाट प्राप्त तथ्याङ्क देखाउन खोजेको छ । उपक्रममा प्रेमी प्रेमिकाको आन्तरिक सहभाव र माया भएपनि सामाजिक एवम् आन्तरिक मिलनविन्दुमा कैयौ तत्वहरूले असर पारिरहन्छन् भन्ने भावना व्यक्त भएको छ ।

कथानक तीनमा सबै गुणले परिपूर्ण भएकी 'लता' सुन्दर थिइन् । उनका प्रेयशी अलि शान्त स्वभाव र गुणकारीताले परिपूर्ण थिए भन्दै कविता एवम् कामिनीले त्यसको स्वागत गर्न चाहन्छन् । विद्यालयमा सँगै पढ्दा, हुर्किदा, खेल्दा, बस्दा हरेक पक्षपक्षान्तरमा नायक नायिकाको लागि प्रकृति नै तम्तयार भएको छ । यौवनको उन्माद बढेर जवानीमा ल्याउने प्रेमपूर्णभावलाई यसमा अवगत गराइएको छ । कवि नायिकाको स्वभाविक भाव, निश्चल पद्धति अनि उनको दाम्पत्यजीवन देखेर लालायित भएका देखिन्छन् । बसन्त ऋतुको अत्यन्त मनमोहकता र पारदर्शीकतालाई पनि कविले काव्य सौन्दर्यबाट चिनाउने प्रयास गरेका छन् । सारा संसारको सिर्जना व्यक्ति र प्रकृतिको बलबान महिमा यही नौलो जीवनमा उज्वल भयो । त्यसकारणले पनि प्रकृति पुरुषको समागमलाई सन्तान उत्पादनको एक लक्ष्य मानिएको छ जस्तैः

सारा प्राकृत विश्वमा हरघडी देखिन्छ यै कामना<br>
आफू दुइ रूपया यो जगतमा आकाश धर्ति यही ।<br>
यौय वीज बनिन् पृथ्वी यी आधान आधान यसै सरी<br>
नौलो सृष्टि बलिरहेछ दिनहुँ सिर्जेर नौलो यही ॥

(श्लोक १०, पृ. ९)

आफ्नी प्रेयसी सँगको साथ, वसन्त ऋतुको मनमोहक सौन्दर्यको गाना गाएका छन् प्रेमीले । नारी र पुरुषको प्रेमभाव प्रकृतिको स्वाभाविक रूपमा अवलम्बन गर्दै नारीको सहनशीलता र शालिनताको स्वभावलाइ देखाएका छन् यसका साथै सृष्टिको क्रममा रचनाकर्ता सृष्टिकर्ताले यदि नारी र पुरुषको मेल नबनाइदिएको भएदेखि सारा संसार निर्जन हुन्थ्यो ।

प्रकृतिका मानवहरू प्राणीहरूमा पनि भौतिक चाहना नहुने होइन, झन मान्छेलाई यौन तथा शारीरिकसम्बन्ध अनि नैतिक सामाजिक जनजीवन चलाउनु परेकोले यस्ता आनुष्ठानुनिक कार्यहरू आवश्यक छन् ।

हरेक प्राणीको जीवनमा सुख दुःख आउने गर्दछ । हाँसो र रोदनको समिश्रणबाट जनजिन्दगी निर्माण भएको छ । प्रेम र माया पुरुष र नारीको जीवनमा अपरिहार्य तत्व मानिन्छ किनकी विधिको विधानले प्रकृति र पुरुषलाई उत्पादक, सञ्चालक वा जननीका रूपमा लिएको छ । यहाँ पनि यौवनरूपी जीवन चक्र प्रकृति र पुरुषरूपी नारी र पूरुष एकताको सुत्रमा शीलन चुम्बकले जोडिन्छन् । यसरी यहाँ खण्डकाव्यकार भट्टले सारा विश्वको एउटै कामना छ - सृष्टिको कर्म नहटोस्, धर्ति र आकाश वीचको सामीप्यता प्रगाढ भै रहोस् । जीवन नै सँगसँगै जीउने र सँगसँगै मर्ने भएकाले पूर्वाग्रह, लालसा, लाज र आत्माकमजोर बनाउँनु हुँदैन भन्ने कुरा यसमा समाहित गरिएको छ ।

कन्याको माध्यमबाट भट्टले के भन्न खोजेका छन् भने पुरुषले आफ्नी प्रेयसी नारीलाई साधनपूर्तिको काम वासनाको रूपमा हेरिनु हुदैन, धोका र छलकपटले दुवैलाई पाप लाग्छ । छोरीको जात एकपटक दान दिइसकेपछि पूनः गर्न मिल्दैन त्यसकारण विद्वानजनको नायक नायिकाले स्वच्छ मर्यादाको पालना गर्नै पर्दछ भनिएको छ । आज सम्म साँची राखेकी मेरी प्रिय तिमी हौ म तिम्रो हरदम चाहना राख्छु म तिम्रो पूर्ण सौहार्दमा लिप्त छु । प्रेयसीले विचारमा कहीँ कतै प्रेम वीचमा दुइ भयो भने जीवन नै वर्वाद त हुने होइन ? भन्ने शङ्का गरेकी छिन् तर उनको प्रिय नायकले नारीको कर्णप्रिय ध्वनि र शलिनताको खानी हुने भएकाले उज्ज्वल चरित्रमा पनि किन प्रश्न चिन्ह राख्ने? अतः जनजीन्दगीका कडा पानाहरू रहिरहे पनि जीवन पर्यन्त प्यारी कै साथ रहने चाहना यसमा देखिन्छ । नारीको विशेषतालाई देखाउन लामो प्रयास चाहिन्छ । यहाँ पनि नायकले सम्बन्ध प्रेमको बाँधलाई दैवले पनि नविगारी दिउन् भन्ने अभिलाषा राखेका छन् ।

कविबक्तृप्रौढोक्ति शैलीमा छोटो जीवनमा रसिलो वस्तुको सार भनेको नारी जाति हो । भौतिकबादी विचारधारणाले पनि यही कुरा अभिब्यक्त गर्दछ । धर्मशास्त्रहरूले पनि सम्पूर्ण काम र मोक्षका पात्रका रूपमा नारीलाई केन्द्र मानेको देखिन्छ । जस्तै

छोटो जिन्दगी छ सार रसिलो के वस्तु आवश्यक
नारी एक छ छैन क्यै अरू यहाँ भन्छन् कुनै भौतिक ॥
धर्मै अर्थ र काम मोक्ष बिचमा संसारमा सारमा
नारी एक अवश्य केन्द्र बीचमा छिन् धर्म कारमार्थमा ॥

(श्लोक २१, पृ. ११)

वाल्यकालको सुमधुर मेल वा सम्बन्धले हाम्रो अवस्था अहिले यहाँसम्म ल्याइपुऱ्यायो । प्रेम प्रगाढ गरौला भन्ने उत्कट चाहना हुँदाहुँदै पनि आज फेरि केले उधम मच्याउन थाल्यो भनी नायक-नायिका चिन्तित देखिन्छन् ।

हुन पनि हो त्यसबेला एकआपसमा भेटघाट र मायापिरती नवसिदिएको भए यस्तो प्रेमातुरको अवस्थालाई देख्न सकिदैनथ्यो । त्यसकारण प्रेमिकाले आफ्नी प्रियसीलाई सान्त्वना दिंदै भन्छन् एउटा सत्य निर्णय गर्दा विचार र धैर्य नगरी एक्कासी कार्य गर्दा जीवनभरि किलाले पोलेजस्तै हुन्छ तसर्थ अहिले वातावरणले हाम्रो विछोड गराउन थाल्यो । यो विछोड गराउने कला नारीत्वमा छैन; पुरुषत्वको काम भावनाले भनौ वा स्वार्थी भावनाले तिमीले छोडेर गयौ; सानो त्रुटि मेरो क्यै थियो कि ? भनी प्रश्न गर्दछन्- प्रियसी । लामो जीवनभरि स्वच्छ प्रेम राख्ने प्रबल चाहना हुँदाहुँदै पनि अकस्मात यो कल्पना भङ्ग हुँदा कसको पो चित्त दुख्देन र ? आफूचाहिँ एकान्त वनमा त्यागि दुर भैदिने त्यो स्वार्थी मनलाई आफूले गाली गरेर पनि के पाउँछुर भन्दै नायिकाले क्षमा याचना गरेकी छिन् । दुःखी निर्दोषी एवम् सहनशील मानवलाई नै यस्ता खालका घातक परिणामले छोपेका हुन्छन् । शक्तिवालाको उपेक्षा झन् झन् बढेको हुन्छ । एकैछिनमा सुखी जीन्दगीलाई दुःखी जिन्दगीमा परिणत गर्ने कला यिनीहरूबाट हुन्छ । यही कुरा नै आफूलाई चित्त बुझ्दैन । त्यसकारण प्रेममा धोका दिनु जस्तो अघोर पाप दुनियाँमा अर्को छैन ।

के गर्नू ? हराइसकेको र माटो मिसिएको सुनको काम? एक समयमा तिमी विनम्र र हृदयको टुक्रा थियौ मेरो आज मैले आफ्नो बुद्धि र योग्यता गुमाउँदा पश्चाताप र दुःखले रोइरहेको छ तर तिम्रो वरवरको बिम्ब, सौन्दर्य र आकृति झलझली देखि नै रहन्छु । यसरी यहाँ प्रेमपूर्व र प्रेमपश्चात् थलिनुपर्ने मानवको क्रूर नियतिलाई नारी पात्र शितलताको वर्षा

गराउन लालायित भएकी छिन् । यसरी यहाँ उक्त नारीको माध्यमबाट पुरुष (नायक) लाई आफ्नो शुद्धि-बुद्धि योग्यताअनुसार जीवन भोग्नुपर्दछ; नत्र पछि पश्चाताप हुनजान्छ भन्ने साङ्केतिक भावनालाई यसमा उजागर गरिएको छ ।

उपसंहार खण्डमा नारी र पुरुषको संयोग र वियोगको एक अर्काका व्यथा अर्न्तद्वन्द्व अनि मनोविनोदका काव्यकल्पनासँग काव्यको निर्माण भएको देखिन्छ । सामाजिक ज्ञान विज्ञान अनि माङ्गलिक कार्यको लागि पनि यस काव्यले अर्थउपदेश मीष्ठ एवम् कान्तासम्मित वाक्यलाई माङ्गलिकरूपमा प्रस्तुति दिने कार्य गरेको देखिन्छ ।

### ४.२.५ उद्देश्य

साहित्य सृजनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । उद्देश्यलाई केन्द्रीय कथ्य, जीवनदृष्टि, जीवनदर्शन वा केन्द्रीयभाव पनि भनिन्छ । हरेक साहित्यकारले कुनै न कुनै उद्देश्यका लागि साहित्य लेख्ने गर्दछ ।

यहाँ काव्यकार भट्टको काव्यलेखनको मूल हेतु प्रेम र जीवन एक अर्काका परिपूरक तत्व हुन् । जसरी संसारमा प्रकृति र पुरुषको सहभाव रहिरहन्छ त्यसैगरी मानव जीवनमा पनि नारी र पुरुषको मेल वा सम्बन्ध रहिरहन्छ । नारी स्वाभाविक सहनशिल र शीलवृत्त भएर पनि सदा प्रेमाकर्षक हुन्छिन् । प्रेम र जीवनको सही उपयोग गर्न सक्नु उनीहरूको परम् कर्तव्य हुन आउँछ । यस काव्यमा पनि प्रेमीकालाई प्रेमीले बीच यात्रामै त्यागिदिने पो हो कि डर थियो पछि नभन्दै हुन गयो । त्यस्तै बीच बाटोरूपी जीन्दगीमा पनि पुरुषले नारीलाई धोका दिँदा विचरी छट्पटाएको परिस्थिति यसमा अभिव्यक्त भएको छ । प्रेमाकर्षणमा कदापि विचलन नभई स्थिरचित्तबाट अगाडि बढ्नु पर्दछ भन्ने भाव यसमा पाइन्छ । यसरी प्रेमी र प्रेमीका दुवै एक आपसमा प्रेममा बाँधिएका भए पनि अन्ततः परिस्थितिले दुवैलाई विगारेको अवस्थालाई यसमा देखाएको छ । यहाँ नारीलाई सहनशील, शीलवती, रूपवती, आकर्षण शक्ति भएकी पात्र बनाउने उद्देश्यले भट्टले प्रेमीकाले प्रेमीलाई आफू समक्ष लैजाने उद्देश्य राखको कुरा अभिव्यक्त गराएका छन् । यसरी यहाँ नारीले दर्शाएको आदर्श र पुरुषबाट भएको त्यस आदर्शको कदर मनोविश्लेषणात्मक किसिमबाट भएको छ साथै नैतिक पक्ष र सामाजिक विसङ्गतिलाई समेत देखाउने उद्देश्य यस काव्यको रहेको छ । यस काव्यको उद्देश्य तलको श्लोकले स्पष्ट पार्दछ -

ठूलो सानो भनी कहिँ लिने व्यक्ति हवोस्
मान्छे नै हो प्रकृति-कृतिका दृष्टिले को विशेष ॥
सारा आफ्ना विविध थरिका छन् समस्या समान ।
मेरो यौटै निजी छ घटना जो मलाई महान ॥

(श्लोक २७, पृ. १२)

### ४.२.६ भावविधान

यस काव्यको मूलभाव भनेको सच्चाप्रेम र नारीत्वको शक्ति हो । पहिलो चरणमै प्रेमी, प्रेमिकाको दीर्घ मायापीरति बढिरहेको अवस्थामा आजको जटिल समाजको परिस्थिति वाध्यताले गर्दा बीचबाटोमै अवरुद्ध पनि हुनपुग्छ । इमान-जमान र शिष्ट हृदयबाट उन्मेष भएको प्रेमलाई नायिकाले पनि हटाउन नसक्ने गुण रहेको छ । यसबाट नारीको सद्चरिता र कलाकौशल अनि अनुशासनको पालनालाई देखाइएको छ भने पुरुष पनि प्रेमाकर भैरहेको अवस्थामा वाध्यतावश प्रेमविछोड हुनुले प्रकृति वा ईश्वरको कारणले पनि यस्तो अवस्थामा ल्याइपुऱ्याउने अभिव्यञ्जनाशील अस्तित्व यहाँ देखापरेको छ ।

श्रृङ्गारिक भाव प्रधान यस खण्डकाव्यमा रति वा आनन्दको भाव सञ्चार भएको छ । प्रेमको विछोड पश्चात् भने सधैं प्रेमिकालाई हृदयभरि पीरतीको घाउ रहेको विविधतालाई यसमा देखाउने प्रयास गरिएको छ । यहाँ नायिकाको प्रेमको प्रतिबद्धताको प्रेरणाबाट सत्मार्गको काव्योभावनालाई पनि उजागर गर्न समर्थ भएको छ । यदाकदा नायक नायिकाको वादविवाद त भएको छैन; तरपनि नायिका नायकद्वारा सधैं शंका उपशंका गरिरहेकी छे । प्रेमममा कतै असफल हुने हो कि भन्ने डर र शङ्का नायिकामा हुनु यसको प्रमुख समस्या रही आएको छ । नायिकाले पनि नायकलाई नगनी पटक्कै छोडी दिएको प्रसङ्गमा पनि यही कुराको ज्ञान पाइन्छ । सांसारिक पीरति र सुखमा रम्ने र जिउने जुन हाम्रो पर्वल अभिलाषा थियो त्यो सबै छुटायो तसर्थ यहाँ भोग्ने र भोगिनुपर्ने समस्याहरू नानाप्रकारका छन्, जसलाई घटना नै भन्नुपर्ने हुन्छ । यो जीवनरूपी सुख दुःख अनि हाँसो र आँसु सधै आइपर्ने घटना भएकाले यससँग संघर्ष गर्दै अगाडि बढ्दै जानुपर्ने परिस्थिति यहाँ छ भन्ने भाव पनि यसमा अभिव्यक्त भएको छ ।

### ४.२.७लयविधान

कविता तत्वको मुख्य विधागत परिचयात्मक स्वरूप तत्व लयविधान नै हो । गेयात्मकता कविताको मुटु हो । लय वा तरङ्गविनाको काव्य न श्रुतिमधुर हुन्छ न काव्यिक आनन्दको प्रवाह भएको हुन्छ । गीतिचेतनाको अभावमा कवितात्मक अभिव्यक्ति जीवित र सार्थक हुँदैन । त्यसकारण कविता छान्दिक ढाँचामा विन्यास रहन्छ । छन्दोबद्ध कवितामा शास्त्रीय नियमको पालन गरिन्छ भने छन्दमुक्त कवितामा त्यस्तो बन्धन वा अप्रशासन हुँदैन तर आन्तरिक गति र यति गद्यकवितामा पनि हुन्छ ।

'कविता कामिनी विनोद' खण्डकाव्यमा कवि रामचन्द्र भट्टले बद्ध वा शास्त्रीय छन्दअन्तर्गत पर्ने शार्दूलविक्रीडित, मन्दाक्रान्ता, इन्द्रबज्रा, तथा बसन्ततिलका जस्ता छन्दको प्रयोग गरेका छन्- प्रत्येकको छोटो चिनारी तल उल्लेख गर्न सकिन्छ -

#### ४.२.७.१ शार्दूलविक्रीडित छन्द

नारी पूरुष यी प्रकृति तिरका हुन साहस्वर्यौ दुवै ।
थ्यो आकर्षण जो परस्पर महाँ त्यो प्रैम हो केवलै
त्यो बेला वयको वसन्त ऋतुले खोजी रहेको छक्यै ?
के को जीवनमा अभाव मइले पाए छु को भन्छ है ?

(श्लोक ७ पृ. ८)

अर्को,

सारा प्राकृत विश्वमा रहघडी देखिन्छ यै कामना
हुन् आफै दुईरूप यो जगतमा आकाशधर्ती यहाँ ।
यौटा बीज बन्यो बनिन् पृथिवि यी आधान पात्रै सरी
नौलो सृष्टि चली रहेछ दिनहुँ सिर्जेर नौलो यहीं

(श्लोक १०, पृ. ९)

### ४.२.७.२ बसन्ततिलका छन्द

प्रत्येक पाउमा १४-१४ अक्षर हुने प्रत्येक आठौं वर्णमा विश्राम, चार चार पाउको एक श्लोकयुक्त छन्दलाई वसन्ततिलका छन्द भनिन्छ । यस छन्दको गणसूत्र निम्नानुसारको हुन्छ।

त भ ज ज ग ग

ऽऽ। ऽ।। ।ऽ। ।ऽ। ऽ ऽ

यस कृतिमा भट्टले प्रयोग गरेको वसन्ततिलका नामकको उदाहरण तल छ ।

त्यस्ती थिइन प्रिय सुन्दरि योग्य तिम्रो
तिम्ले बच्यौ मकन प्रेम गरेर त्यस्तो
सक्छु र बिर्सन म के गुन त्यो अघिको
हुँला कसोरी ऋणी सहजै म त्यस्को

(श्लोक २३, पृ. ११)

### ४.२.७.३ उपजाति

उपजाति छन्द इन्द्रबज्रा र उपेन्द्रबज्राको सहसम्पर्क रहेको श्लोकमा रहने छन्द हो । यस कृतिमा रहेको उपजाति छन्दको उदाहरण यस प्रकार छः

झसङ्ग पारी मुटु लाई हे सखी
गयौ कता छोडि मलाई लौन नि
पाएँ उपेक्षा भनि पो गऱ्यौ के
यो दोष मेरो कसरी भनौ हे ।

(श्लोक ३९, पृ. १४)

### ४.३ कथनपद्धतिः

कुनै पनि कृतिको भाषा र निषय कथनपद्धतिमा हुने भएकाले यो पनि काब्य तत्वका रूपमा रहेको हुन्छ । कथनपद्धति दुई प्रकारको हुन्छ । कविप्रोढोक्ति र कविनिबद्धप्रोढोक्ति । जसलाई क्रमशः प्रथम र तृतिय पुरुष पनि भनिन्छ ।

यस दृष्टिकोणले हेर्दा प्रस्तुत 'कविता कामिनि विनोद' मा तुतिय पुरुष 'तिमी' प्रयोग गर्नुले पात्रको वस्तुपरक कथनपद्धतिको प्रयोग गरेका छन् यहाँ उनी, तिनी, त्यो जस्ता निकट बोधक सर्वनामको प्रयोग गरिनुले पनि यस कुराको अर्थ प्रदान गर्दछ ।

### ४.३.१ अलङ्कारः

अलङ्कार 'अलङ् करोति इति अलङ्कार' अर्थात् जसले अलङ्करण वा शोभा प्रदान गर्दछ त्यस्तो पद्धति वा प्रभाविक काव्यको वाह्य स्वभावलाई अलङ्कार भनिन्छ । १ जसरी सुनचाँदीका गहनाले मानव शरीरको शोभा बढाउँछ भने त्यसै गरी भाषाको गहना मानिने अलङ्कारले पनि साहित्य वा काब्यको शोभा बढाउँछ । यसले कविता वा काब्यलाई चमत्कारपूर्ण, सौन्दर्य, आकर्षक एवं मनोहर बनाई मानवको आत्मालाई प्रभावकारी बनाउन सहयोग गर्छ । अलङ्कारको वर्गीकरणमा मतैक्यता छैन विभिन्न आचार्यहरूले अलङ्कारको वर्गीकरण गरेको पाइन्छ । घटीमा अलङ्कार चार र बढीमा १२५ भएको पाइन्छ । तरपनि अलङ्कार तीन प्रकारका छन् - शब्दाअलङ्कार, अर्थालङ्कार र उभयालङ्कार ।

प्रस्तुत 'कविता कामिनि विनोद', खण्डकाव्यले श्रृङ्गारिक धारालाई अवलम्बन गर्दै अत्यन्तै चमत्कारपूर्ण बनेको छ । यस खण्डकाब्यमा शब्दाअलङ्कार र अर्थालङ्कार अन्तर्गतका विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको छ जसलाई उदाहरण स्वरूप तल यसरी प्रस्तुत गर्न सकिन्छ -

### ४.३.२ शब्दाअङ्कारः अत्यानुप्रास

जातिधर्म समाज रुढिहरू ती काडाँ बनेका अति
हाम्रा जीवनका अनेक कतिछन् बाधाहरू हे सखि ।
प्रीतिबन्ध भएर साहस गरी बस्नेछु हे सुन्दरि
तिम्रो जीवन पान्थ बन्छु म सँगै मेरो छ तिम्रै मति ।

(श्लोक १८, पृ. १०)

माथिको पद्याँशमा समाजका कैयौ रुढीबादी परम्परागत विचारमा सिर्जित व्यक्ति वा मनसायलाई काँडाको रूपमा अभिव्यक्ति दिने प्रयास गरिएको छ । यस्ता काँडा जस्ता बाधा व्यवधानलाई हटाएर समाजमा नौलो र परिवर्तनशिल जीवन विताउनका लागि पनि आफू तयार भएको आत्मविश्वास नायकले नायिकालाई दिएको आश्वसनबाट अवगत भएको छ ।

**४.३.३ अर्थाङ्कार : उपमा अलङ्कार**

यस्तो सुन्दा हित प्रिय कुरा कर्णपीयूष जस्तो
दोटै आत्म तदपि दुइको ऐक्य भो बिम्ब जस्तो ।
नारी हृद्को विमल दिलको भूरि सत्कार गर्छन
गन्दै मन्ले समुचित कुरा स्वीकृति धर्म दिन्छन् ।

(श्लोक १७, पृ. १०)

यहाँ नायकले नायिकाका वचनबाणी सधैं मधुरगतिले सुन्छ । उनको वोलि वा मधुरवचन पनि पृय छ, हृदयस्थ छ । ती हितकारी वचन कानमा परेका मृदुल अमृत झैं रसमय छन् । यस्तो किसिमको रसिलो भावनालाई हृदयदेखि सबैले सेवा र सत्कार पनि गरेका छन् । नारीको कोमल हृदयले वाञ्छित कुराको सबैले प्रशंसा गर्दछन् भन्ने भावना यसमा पाइन्छ । यहाँ हित वा कल्याणका कुरालाई अमृत रूपी रससँग समायोजन गरिएको पाइन्छ ।

अर्को उदाहरण

ज्यादै मीठा सरस ति कुरा थ्य त्यहाँ जो भएका
अैले ती नै शर सरि भई विभ्भदछन् धेर तीखा
होला ठान्छु तिमिकन पनि दुःखदायी अतीत
विभ्भने काडाँ सरि ति कहिल्यै संभ्भदै ल्याउँदा त

(श्लोक ३८, पृ. १४)

अन्त्यमा नायकलाई नयिकाले प्रममा धोका दिँदा अगाडिका हाम्रा बचन बद्धता, सल्लाह र जीवनपद्धतिका योजनाहरू किन आज यसरी बाणरूपी बर्षा गरायौ सखे भन्दै आश्चर्य चकित र अचम्मको स्थितिको चर्चा गरेकाले वा यहाँ धोका नै 'वाण' 'सर' को रूपमा प्रतिपादित भएकाले यो अर्थालङ्कारको भाव स्पष्ट हुन्छ ।

## ४.४ भाषाशैली

भाषाशैली बाह्य महत्वपूर्ण तत्व हो । कृतिलाई प्रस्तुत गर्ने माध्यम भाषा हो भने त्यसलाई अभिब्यक्त गर्ने तरिका वा ढाँचा नै शैली हो । अर्थात कविताको शारिरीक गठन कस्तो छ त्यसको सांगठनिक पद्धति नै भाषाशैली हो । भाषाशैलीले कुनै पनि कृति वा कृतिकारलाई सुललित, बढावा वा अग्रस्थानमा प्रभाव पार्ने काम गर्दछ । भाषाद्वारा काव्यिक भावको उत्पति हुने भएकोले पनि यसको महत्व बढी हुन्छ ।

'कविता कामिनि विनोद' खण्डकाब्य अलङ्कारयूक्त मात्र नभई भाषाशैली पनि काब्यनिर्माणमा प्रतिपादित भएको छ । भाषालाई कविले शास्त्रीय ढङ्गमा ढालेको त छदैछ त्यसमा पनि भानुभक्तिय काव्यरचनाका विभक्ति कन्, विषे र क्रियामा भयो लाई 'भो' 'तसै' 'कसै' 'जसै' जस्ता शब्दको प्रयोग गरेको देखिन्छ । जस्तै :

गाँठोको धन पोखी मूर्ख भनिदा कैले कसैले कतै
लाचरीसँग चूप लाग्छ मतिले गर्दा नलाउँदी कसै ।
त्यस्तो भो मति दुःख पूर्ण मकनै मेरी तिमी दूर भै
त्यस्माथि पनि चित्त बिभ्रम हुँदा बाँकी छ भन्नु न क्यै ।

(श्लोक ३६, पृ. १४)

कविले 'झसङ्ग' 'झल्की' जस्ता अनुकराणात्मक प्रभावपरक शब्दको पनि प्रयोग गरेका छन् । कविले बढी भन्दा बढी सरल, सरस, सहज, सम्प्रेष्य, परिस्कृत , शुद्ध नेपाली भाषामा लेखिएको भएपनि प्रायः संस्कृत भाषाका तद्सम शब्द र कतै आगन्तुक हिन्दी भाषाका शब्दको पनि प्रयोग गरेको पाइन्छ । 'सौगन्ध्या' 'प्रणयी', 'कल्मष' जस्ता शब्दले यसको प्रमाण देखाउन सहायकसिद्ध हुन्छ ।

भट्टले यतिमात्र नभएर भानुभक्तिय काव्यरचनाको अनुकरण गरेका छन् । अत्यानुप्रास मिलेकोले काव्यको लय, गति यति सबै मिलेको छ । जस्तै :

काला बादलका घटा विच यहाँ फोस्रोपना देखियो

सादा कागजमा पियास दिलको जो देखियो लेखियो ।

वर्षीया जसरी घटा घनघटा बर्षादको बादल

गाईने नभई न गीत छ कहीँ के बज्दथ्यो मादल ।

(उपसंहार श्लोक ४६, पृ. १६)

यस पद्यांशमा पनि सरल सहज एवं बोधगम्य भाषाशैलीको प्रभाव परेको देखिन्छ । ‘प्यास’ ‘दिल’ ‘वर्षा’ ‘घटा’ शब्दले नेपाली तत्सम शब्दको बोध गराउँछन् ।

यहाँ हरेक विद्याका साहित्यक कृतिको लागि नयाँ शैली र सिर्जनाको प्रयोग नभई परम्परागत काव्यशास्त्रीय आधारमा काव्यको रचना गरेका छन् ।

यसरी उनले यस काव्यमा शिष्ट शृङ्गारिक धारालाई उल्लेख गर्दै प्रेमपूर्ण व्यवहारको पनि सँगसँगै आह्वान गरेका छन् । काव्यको भाषाशैली सरल स्पष्ट र बोधगम्य, लयात्मक र सरल किसिमको छ ।

**४.५ निष्कर्ष**

वि. स. २०४६ सालमा प्रकाशित ‘कविता कामिनि विनोद’ काव्य सानो आकारको भएपनि काव्यिकभान भने शृङ्गारिक एवं शान्तरसयुक्त देखिएको छ किनकी यहाँ नायक नायिकाबीचको प्रेमपूर्ण भावनामा केही ह्रास र मलिनता पनि देखिएको छ । समय र परिस्थितिले गर्दा एक्कासी नायक नायिकाहरू एक आपसमै प्रेमबाट बञ्चित र प्रताडित भएका छन् । यस्तो प्रताडितावस्थाको घटनाको फलस्वरूप शृङ्गारिकताबाट पुनः शोक वा मलिनताको गन्ध कताकता सुमिन आएको छ । यहाँ नारीले देखाएको आदर्श र पुरुषबाट भएको त्यस आदर्शको कद र मनोविश्लेषणात्मक किसिमबाट घटना घटित भएको छ । साथै यसमा नैतिक पक्ष र सामाजिक विसङ्गतिलाई समेत प्रस्टाउने कोसिस गरिएको छ । आदर्शप्रेम गर्न चाहने नायकले विनासित्ति अनादर्श प्रेमको घटना देखाउने र नायिकाले अन्तिमसम्म पन्छिन खोजेको यथार्थता

यसमा देखापरेको छ । प्रेम सधैं स्थिर रहन सक्तैन यसको लामो प्रेमकथा भएकाले पनि यसमा पटक पटक प्रेम र असक्षम प्रेमबाट हुने मानसिक दुर्वलतलाई पनि देखाउने कोसिस गरिएको छ । आखिर संसारिक मोह, बन्धन, प्रेम वियोगको साहचर्यद्वारा काब्यिक प्रवाह अगाडि बढेको देखिन्छ । रसिकजनले पनि यही कुरा बुझ्नु आवश्यक देखिन्छ । सामाजिक, सांस्कृतिक ज्ञान र भाव पिउन लायकको यो काब्यले सामाजिक आदर्श र अनादर्शलाई प्रस्टाउने काम गरेको छ ।

उपसंहार खण्डमा कविले पुरुष वा नारी समूदायका लागि प्रकृति र पुरुषको तादाम्य देखाउनका लागि संयोग र वियोग, प्रेम र मिलनको समाहित गर्न चाहेका छन् । सकेसम्म दुई पात्रको प्रेमको द्वन्द देखाइकन प्रकृतिबाट छुट्टै मानवीय आकांक्षा र जीवन जगत्को भरपुर अध्ययन अनुसन्धान गर्न चाहेका छन् ।

सम्पूर्ण पाठकवर्गका लागि पनि सामाजिक ज्ञान र कीर्ति सबै कुराको काव्यिक उद्देश्य वा लक्ष्य बनोस् यही नै कान्तासम्मित भाव हो भन्ने विचार यस काब्यमा व्यक्त भएको छ । कविले यस उपसंहार खण्डमा चार श्लोकलाई देखाई काब्यानन्द र भाषिक शौष्ठवको प्रतिमूर्तिस्वरूपलाई स्पष्ट गराउन समर्थ भएका छन् । संस्कृत भाषाको गद्य पद्य वा लय, भाषा, शब्द, शब्दावली, गति र यति सवै काब्यिक सामग्रीको उपलब्धिपूर्ण कार्य यस खण्डकाब्यमा अभिब्यक्त भएको छ । यस काब्यको उद्देश्य पनि सुखमा सौन्दर्य र सत्यम् शिवम् र सुन्दरम्को प्रतिभावना यसमा अभिब्यञ्जित हुन गएको छ ।

## **४.५ प्राज्ञिक त्रिवेणी**

प्रस्तुत कृति-लेख संगालोमा लेखक रामचन्द्र भट्टले विविध समयका र विविध पक्षका विषयलाई लिएर धार्मिक, सांस्कृति, दार्शनिक र साहित्यिकमध्ये कुनै गोर्खापत्र , गरिमा र मधुपर्क आदि पत्र-पत्रिकामा प्रकाशित र कुनै अप्रकाशित भएका लेखलाई सङ्ग्रह गरी ‘प्राज्ञिक त्रिवेणीको संज्ञा दिएका छन् । अनेक भाषाका माध्यमबाट अभिव्यक्त गरिएका प्रज्ञापरक-चिन्तनहरूलाई हिन्दी, संस्कृत र नेपाली गरी भाषामयीको समागमले यस कृतिको नामाकरण गरिएको पाइन्छ ।

जम्मा ६० पृष्ठमा रचिएको यस कृतिमा विविध विषयलाई लिएर एघार उप-शीषृकहरू राखिएको छ । जसलाई छोटो चर्चासहित यसप्रकार उल्लेख गरिएको छ ।

डा. रामचन्द्र भट्टद्वारा लिखित 'त्रिवेणी' (२०४६) लेखहरूको संगालोमा जम्मा ११ वटा निबन्धहरू संकलित छन् । जसमध्ये पहिलो लेख समाजको सापेक्षतामा दर्शन हो ।

### ४.६.१ समाजको सापेक्षतामा दर्शन

जम्मा ३ पृष्ठ र १० परिच्छेदमा उल्लिखित यो लेख २०४१ साल चैत्र १७ गते शनिवारको गोरखापत्रमा प्रकाशित भएको थियो । यसमा मानव र प्रकृतिको सम्बन्ध के कस्तो छ ? ती पदार्थहरू मनुष्यका लागि के-कति हानीकारक वा फाइदाजनक छन् ? जीवनलाई भने जस्तो पार्न के-कस्तो साधन चाहिन्छ ? मानव जीवनको सारभूत लक्ष्य के हो ? यी सबै कुराको लक्ष्यप्राप्ति नै मानवीय जीवनको भौतिक सार हो । मानवले संसारमा हरेक कुराको अभावको महसूश गरेको छ । यहीबाट उसको आकाँक्षाहरू अघि बढ्दछन् भन्दै भौतिक पदार्थ भन्दा मानसिक वा आध्यात्मिक चिन्तनबाट उसलाई विश्राम मिल्दछ भन्ने ज्ञानको खोजी यस लेखबाट भट्टले गरेका छन् ।

संसारमा मानवलाई दुःख आउने वा नआउने उसको इच्छाले हुन्छ । सबै दुःखबाट निवृत्ति चाहनु जीवात्माको चाहना हो । यहाँ उसको पूर्वजन्मको कार्य अनुसार दुःख-सुखको भोग गर्न यस संसारमा भड्किरहन्छ । संसारको दुःख-सुख भोगको लागि बहिर्मुखी वृत्ति र अन्तर्मुखीवृत्ति चिन्तनको आवश्यकता पर्दछ । त्यसकारण जन्म-मरणको लक्ष्यप्राप्ति नै प्राणीको अन्तिम लक्ष्य हो भन्ने कुरा यसमा उल्लेख छ ।

भट्ट अगाडि लेख्छन् - दर्शन यथार्थतामा छ । उनले दर्शनलाई मानवको सम्पूर्ण पक्षको ज्ञान वा दीक्षामा गणना गरेका छन् । दर्शनले कुनै पनि ज्ञानचक्षुद्वारा खोतल्ने काम गर्दछ । यही मन वा बुद्धिको मीलन नै दर्शन शब्दको चरितार्थ हो । दर्शनले ज्ञानलाई बुझाउँछ । दर्शनशास्त्रको माध्यमबाट नै जगत्का पदार्थलाई हेर्न सकिन्छ ।

दर्शनशास्त्रका अनुसार परमतत्व प्राप्त गर्न ज्ञानको दृष्टिले हेर्नु पर्दछ । त्यही आत्माद्वारा देखिने तत्त्व नै दर्शन हो । समाजका खराव तत्त्वलाई फ्याँकी सूक्ष्मता दृष्टिकोणले अघि बढ्नु आवश्यक छ । आध्यात्मिक तत्त्व दर्शनबाट सार्थक मानव जीवनको परिकल्पना गर्न सकिन्छ भन्ने कुरा यसमा उल्लेख छ ।

### ४.६.२ एक सन्दर्भ : उपनिषद्को रचनाकाल तथा यसको पाश्चात्य जगत्मा अनुशीलन

दोस्रो लेखको रूपमा रहेको उत्तध्क उप-शीर्षको लेख पृ. ४ देखि पृ. १३ सम्म गरी जम्मा १० पृष्ठमा समेटिएको छ । यसमा उपनिषद्को रचनाकालको चर्चा गर्दै जीवनमा यसले पारेको प्रभावका बारेमा उल्लेख गरिएको छ । यो लेख त्रि-चन्द्र क्याम्पस मासिक पत्रिकाामा प्रकाशित भएको छ ।

रामचन्द्र भट्टको यो लेख त्रि-चन्द्र क्याम्पस मासिक पत्रिकामा प्रकाशित भएको हो । यसमा वेद के हो ? उपनिषद्ले कस्तो प्रभाव पारेको छ ? वेदलाई कस्तो ग्रन्थक रूपमा लिन सकिन्छ ? यी सम्पूर्ण कुराको दर्शन उपनिषद्मा छ भनेका छन् । उनले उपनिषद्को अर्थ 'ब्रह्माविद्या' हो, त्यही ब्रह्माविद्याबाट नै ज्ञानको उदय हुन्छ । वेद स्वतः स्फूरित हुने ज्ञान हो । वेद विश्वकै प्राचीनतम साहित्य पनि हो । वेदमा मुख्य गरेर दार्शनिक एवम् आध्यात्मिक चिन्तन पनि पाइन्छ । तसर्थ वेदको अन्तिम भाग उपनिषद् भएकाले विद्वान्हरूले वेदलाई इ.पू. ६५००-१५०० ई. पूर्वको बीच मानेका छन् ।

भट्टले यस लेखमा २०८ उपनिषद्हरूको संग्रह छ भनी उल्लेख गरेका छन् । पूर्वीय र पाश्चात्य विद्वान्हरूका दृष्टिमा उपनिषद्हरू प्रमाणिक र प्राचीन ठहरिएका छन् । जर्मन विद्वान् पाल डायसनले सम्पूर्ण उपनिषद्हरूलाई चार भागमा बाँडेको उल्लेख छ । भट्टका दृष्टिकोणमा सम्पूर्ण उपनिषद्हरूलाई तीन युगमा विभाजित गरेका छन् :

१. प्रथम युग - ई. पू. १९५७ सम्म

२. द्वितीय युग - ई. पू.१९०० देखि

३. तृतीय युग - ई. पू. १५५६ - ई. पू.१६८५ सम्म

उपनिषद् ज्ञानको भण्डार हो । यसमा आध्यात्मिक एवं मानव ज्ञानका तत्वहरू पनि उल्लेख छन् । तसर्थ मानवीय गुणलाई विश्ववन्धुत्वको भावनामा प्रवृत्त गराउने मुख्य साधन हो । उपनिषद् मानवलाई सधैं खाँचो छ । आजको आणविक युगमा त झन् उपनिषद्को महत्त्व नभइ मनुष्यमा चेतनाको विकास नै हुँदैन । यो चिन्तशील विचारको सार-संक्षेप तत्व पनि हो । नेपालमा मात्र सीमित नरही जर्मन, फ्रान्स, अमेरिका, इटाली र अन्य मुलुकहरूमा उपनिषद्कै प्रभावले सिंगो साहित्यबोध गर्न पाएका छन् । त्यसैले पनि उपनिषद्को आकृष्ट बढेको पाइन्छ ।

यसरी पाश्चात्य तथा पूर्वीय साहित्य, कला र दर्शनको क्षेत्रमा उपनिषद्को प्रभाव रहेको छ । यसले आर्य संस्कृति र दार्शनिक चिन्तलाई समेत बढावा दिएको भन्दै उपनिषदिय प्रभाव व्यापकरूपमा प्रस्तुत गरेका छन् ।

### ४.६.३ उपनिषद् र आजको सन्दर्भ

यो रामचन्द्र भट्टको यस कृतिमा रहेको तेस्रो लेख हो । यो पृ. १४ देखि १६ सम्म रहेको छ । यी तीन ओटा लेख धर्म र दर्शनसँग सम्बन्धित छन् । यस लेखबाट उपनिषदलाई ज्ञानकाण्ड भिन्न अन्तर्निहित भएकाले यसलाई ब्रह्माविद्या भनिएको हो त्यही ब्रह्माविद्याले जन्म मरणको चक्रबाट मुक्ति दिन्छ । यो वाद, जाति, भूगोलबाट माथि उठेर मानवताको हित र चिन्तनलाई बढाउँछ । विश्वशान्तिलाई प्रेरणा दिने काम पनि उपनिषद्ले गर्दछ भनेका छन् ।

भट्टका विचारमा उपनिषद्ले हिन्दू राष्ट्र नेपालको राष्ट्रिय अस्तित्व र स्वरूपलाई सुदृढिकरण गर्दै सनातन संस्कृतिसँग आत्मासात गराउँछ । यसले मानवीय अन्वेषणको पनि काम गर्दछ । यसको श्रवण, मनन र निषिध्यासनद्वारा मानवको कल्याण हुन्छ । यसबाट नैतिक शिक्षा, कर्म र ज्ञानतिर पनि समावेश गर्न सकिन्छ । राष्ट्रिय व्यक्तित्व वा अस्तित्वलाई पनि यसले संक्षरण गर्दछ । अतः उपनिषद्को अनुशीलन, चिन्तन र मननबाट सम्पूर्ण मानवीय चिन्तनको विकास हुन्छ । व्यक्तिले व्यक्तिसँग, राष्ट्रले राष्ट्रसँग बाँच र बचाउ भन्ने वातावरणको सृजना गरिदिन्छ । मानवीय जीवनमा शोषणरहित समाजको चिन्तन गर्न उपनिषद्को प्रचार प्रसारलाई अगाडि बढाउनुपर्दछ भन्ने विचार राखेका छन् ।

यो लेख उनको 'अभिलासा' अन्तर्राष्ट्रिय युवावर्ष १९८५ का उपलक्ष्यमा युवा विशेषांकमा प्रकाशित भएको थियो ।

### ४.६.४ उपनिषद् शिक्षा कति सान्दर्भिक ?

डा. रामचन्द्र भट्टको अर्को लेख उपनिषद् शिक्षा कति सान्दर्भिक ? उपशीर्षकको रहेको छ । जुन पृ. १७ देखि २१ सम्म समेटिएको छ । जुन वर्ष ४, अङ्क २, पूर्णाङ्क ३८ माघ २०४२ गरिमा पत्रिकामा प्रकाशित छ ।

भट्टले यहाँ बेदको अन्तिम भागलाई उपनिषद् भनेका छन् । यो ब्रह्मा विद्या पनि हो । विश्वको प्राचीनतम साहित्य वेद भए जस्तै उपनिषद् पनि त्यति पुरानो साहित्यिक कृति हो । उपनिषद्

तत्वज्ञान र धनश्रोतको रूपमा रहेको छ भनी यसको उपादेयतालाई बढावा दिएका छन् । यसले मनुष्यको जीवनलाई आध्यात्मिक र भौतिक दुवै पक्षबाट सन्तुष्ट दिन्छ । बरु भौतिक आनन्दको अपेक्षा आध्यात्मिक आनन्दको अनुभूति गराउँछ । इहलोक र परलोकमा सन्तुष्ट दिलाउँछ भन्दै ज्ञान, चिन्तन , धर्म वा सबै तत्त्वहरूको मार्गदर्शन पनि गर्दछ । उपनिषद्मा व्यवहार र यथार्थतामा परिणत गर्ने गुण हुन्छ । मानव बन्नका लागि यसको अवलोकनको महत्व अपूर्व छ । ज्ञानका ज्योति मध्ये उपनिषदको ज्योति पनि कम महत्वको छैन । भट्टले सारगर्भित अभिव्यक्ति दिएका छन् - उपनिषद् ज्ञानको ज्योति जगाउने अखण्ड दीप हो, अनुपम प्रकाश हो । हिन्दूदर्शनका जति पनि विद्या छन् ती सबैको निदान पनि उपनिषद नै हो । यसले मनुष्यको जीवनलाई भौतिक र आध्यात्मिक दुवै कुराबाट सन्तुष्टि दिन्छ , मानवको धर्म, संस्कृति र संस्कार वा उदार भावनाको विस्तृतीकरणबाट मानववादलाई टेवा दिन्छ । सच्चरित्रताको निर्माण पनि गर्दछ । सांस्कृतिक एवम् सामाजिक पक्षमाथि प्रकाश पार्दछ । उपनिषद्का विचार सर्वकालिक र सर्वाभौम मानवीय चिन्तनका स्वरूप हुन् । यसको खाँचो जति पहिले थियो त्यति पछि पनि हुनेछ । यसमा तमोजन्य प्रवृत्तिलाई अन्त गर्ने साधना छ । यसले बाँच र वचाऊ (Live and let Live) भन्ने वातावरणको सृजना गर्दछ । मानवलाई आत्मासंयम , आत्मानुशासन र सवल नेतृत्वको चयन गर्न पनि आवश्यक भूमिका खेल्दछ । जबसम्म नैतिक, सदाचार, संयम र कृतज्ञताको भावना जागृत हुँदैन तबसम्म मानवीय चिन्तनको औचित्य हुँदैन, तसर्थ विश्वमै असल सद्भावना कायम राख्न उपषिद्का वाणीले सहयोग पुऱ्याउँछ । विज्ञानको बढ्दो प्रभावबाट मुक्त रहन र मानवजीवनलाई सार्थक गर्न यसले ठूलो योगदान दिन्छ ।

### ४.६.५ उपनिषद् : मानव अस्तित्वको लागि

धर्म, दर्शनसँग सम्बन्धित यो लेख पृ. २२ देखि २४ सम्म समेटिएको छ र २०४२ आषाढ १५ गते शनिवारको गोरखापत्रमा प्रकाशित गरिएको छ । यस लेखबाट उनले उपनिषद् मानव जीवनमा किन महत्वपूर्ण छ ? मानव जीवनको अस्तित्व के-कस्तो छ ? मानवले के - कस्ता तात्विक चिन्तन गर्नुपर्दछ ? भन्ने कुराको उल्लेख गरेका छन् । अविद्याको नाशको उपाय, दुःखको चरम निवृत्ति, सूक्ष्म मानवीय सुखको आवृत्ति प्राप्त गर्न उपनिषदकै प्रमाणिकतालाई मान्छन् । सबै दर्शनको प्रतिपादनका लागि उपनिषदको आवश्यक पर्दछ । उपनिषद मन्त्र भएकाले पनि यसलाई प्रतीकात्मक किसिमले बुझ्न सकिन्छ । ब्रह्मद्वारा ज्ञानको अभिप्राय देखिन्छ

। विश्व र मानवीय चेतनाको रक्षा गर्दछ । झन हिन्दू संस्कृतिमा साधना, ध्यान वा विधानको पूर्णता गर्नका लागि यसको अति आवश्यक छ किनकि पूजा विधि, व्यवहार र उपदेश यसबाट ज्यादै पाइन्छ । यही वेदान्त दर्शनबाट मानवीय जीवनको पनि सही मार्ग देखिन्छ । त्यसैले भट्टले उपनिषद्को चर्चा गरेका छन् । मानवीय चिन्तन परिपाटीमा आध्यात्मिक शक्तिको व्याख्या र महत्त्व देखाइ उपनिषद्कै चर्चा गर्नु उनको विशेषता रहेको छ । यस लेखको अन्तमा भट्टले के भनेका छन् भने उपनिषद ब्रह्मा ज्ञान हो, जुन ज्ञान हाम्रो विचार देखि पर रहेको हुन्छ । यसको अर्थमा हामीले अध्ययन गर्नुपर्दछ । विश्व मानवीय चेतनालाई अस्तित्वमा राख्नुपर्दछ, भन्दै उपनिषदको केन्द्रीय दृष्टि केवल ब्रह्मालाई मात्र मानेका छन् ।

### ४.६.६ चित्रमेव हि संसरः तत्प्रत्ययनेन शोधयेत

संसारको स्वरूप र मनको प्रतिविम्ब शीर्षकको लेख भट्टको ब्रह्मचिन्तनमा आधारित हो । ‘स्मरण’ पत्रिकामा प्रकाशित यस लेखको प्रकाशन तिथि उल्लेख छैन । जम्मा आठ अनुच्छेदमा विभक्त यस लेखमा भट्टले चिन्तन, सुख, शान्ति र सम्बृद्धि प्राप्त गर्नका लागि वासनायुक्त संस्कारका मनलाई शुद्ध राख्नुपर्दछ । भन्ने सन्देश हो । विश्वमा सबै भन्दा ठूलो तत्व मन भएकाले हाम्रा एघार इन्द्रियहरूको नियन्त्रण वा स्वतन्त्र दुवै राख्दछ । जसमा पाँच कमेन्द्रिय , पाँच ज्ञानेन्द्रिय साथै अन्तस्करणमा मनलाई ग्रहण गर्दछ । त्यसैले इन्द्रियहरू इन्द्रियहरूलाई संयमी र धर्यशील बनाउनु योग्य पुरुषहरूको कर्तव्य हो । मनबाट नै संसर प्रपञ्चको विस्तार हुन्छ । मन बढी चञ्चलन भएमा उसका भौतिक आवश्यकता पनि बढी नै हुन्छन् । सबै सक्रियता वा निष्क्रियता हाम्रो कर्ममा भर पर्दछ । यही मनलाई सही कार्यमा लगाए सृजनात्मक कार्य हुन्छ स धनलाई सही कार्यमा लगाउन सकएन भने दुर्व्यसनीमा पनि पर्न सक्दछौ । त्यसकारण सुख र दुःखको मूलकारण मन नै हो । मनलाई अनुशासित राख्नु सबैको कर्तवय हो । ज्ञान , शिक्षा र सदाचारले हाम्रो मनलाई अनुशासित राख्दछ । यही मनको प्रसङ्गमा बुद्ध धर्मावलम्बी अश्वघोषले सौन्दर्यरान्द काव्यमा बुद्धको उपदेशलाई काव्यात्मक ढङ्गले प्रतिपादित गरेका छन् । त्यस्तै गीताले पनि चित्र वा मनलाई नै आदि कारण भएको तत्व मान्दछन् । अतः मनलाई राम्रो बाटोमा लग, मन नै हाम्रो भित्र हो, मन नै हाम्रो शत्रु हो भन्नु पनि यस लेखको सार्थकता देखिन्छ ।

### ४.६.७ जनजीवनमा प्राकृतको प्रभाव

रामचन्द्र भट्टको अर्को संकलित लेख हो । यो 'मधुपर्क', पुष २०३५ वर्ष ९९ अङ्क ८ मा प्रकाशित भएको हो । यसमा भट्टले प्राकृतको महत्वलाई तीन भागमा बाँडेका छन्- भाषिक महत्त्व, सांस्कृतिक महत्त्व, र साहित्यिक महत्त्व ।

**भाषिक महत्व** : भाषिक महत्व अन्तर्गत संस्कृत, द्रवीड देशी, विदेशी, एवं सबै भाषाबाट प्राप्त भाषिक विशेषताहरू आउँछन् ।

**सांस्कृति महत्व** : यस अन्तर्गत प्राकृतिक साहित्यको १०० वर्षको इतिहास समाज, राजनीति, कला र संस्कृतिका पूरालेख जस्ता शिलालेखको अवधि मानिन्छ । उनले भनेका छन् - प्राकृतिको मुख्य क्षेत्र जैन धर्म पनि हो । यसले भारतीय इतिहासलाई पनि प्रभाव पारेको छ ।

**साहित्यिक महत्व** : प्राकृति साहित्यमा पाइने मृदुपन, सात्विकता, नैतिकता, आध्यात्मिकता र विचार गाम्भीर्यताको साथै रोचकता यस अन्तर्गत आउँछन् । जस्तो : कुवलयमाला कथा, मारपाल प्रतिबोध कथा आदि ।

प्राकृत साहित्यमा भाषाहरूको ऐतिहासिक तुलना र वर्णनात्मक विवरण पनि पाइन्छ । चन्द्रकृत, प्राकृत, लक्षण, आचार्य, हेमचन्द्र, सिद्धहेमचन्द्र आदि उत्तरकालका सबभन्दा प्रसिद्ध ग्रन्थ हुन् । भट्टले केही महाराष्ट्रिका कृतिहरूको विषयमा पनि चर्चा गरेका छन् ।

'सेतुबन्ध' सर्वोत्कृष्ट महाकाव्य हो । जसको उत्तरार्धमा रावणबध सम्मका घटना रहेका छन् । यसमा रामको चिन्ता, रामको क्षोम, सीताको पतिब्रता विभीषणको कृतज्ञता आदि मानवीय भावनालाई रावणमार्फत् देखाइएको छ ।

त्यस्तै यसमा 'गाथा सप्तशती, गौडवहो' आदि ग्रन्थहरूको पनि उल्लेख गरिएको छ ।

### ४.६.८ श्री शैलेश्वरी : एक परिचय

रामचन्द्र भट्टको अर्को लेख श्री शैलेश्वरी : एक परिचय पनि हो । यो लेख डोटी दपर्ण २०४२ मा प्रकाशित भएको छ यस कृतिमा पृ. ४१ देखि पृ.४८ सम्म समेटिएको छ । यसमा डोटी जिल्लाको सिलगढीमा अवस्थित श्री शैलेश्वरी मन्दिरको बारेमा उल्लेख गरिएको छ । यो

मन्दिरलाई 'शिलादेवी मन्दिर' पनि भनिएको छ। 'शिलादेवी' नामबाट सिलगढी भएको हो भन्ने भनाई शब्दको व्युत्पन्नबाट स्पष्ट हुन्छ । शिला र गढी दुवै शब्दको सहयोगबाट शिलागढी नामकरण भएको हो भन्ने विवरण पनि पाइन्छ । भट्टले शैलेश्वरीको सम्बन्धमा दुई प्रकारले व्याख्या गरेका छन् । एउटा संरचनात्मक र अर्को भावात्मक । त्यसैले ईश्वरीको सम्बन्धमा पनि दुई प्रकारले व्याख्या गरेका छन् । ईश्वरीय शक्तिका रूपमा र कसैले तत्सम्बन्धी गुणको चर्चा छ। तैपनि शैलेश्वरी देवीको प्रसङ्ग स्कन्ध पुराणको मानस खण्डको पाँचौ अध्यायमा उल्लेख छ। कार्तिक शुल्क पूर्णिमाका दिन शैलेश्वरी मन्दिरमा पूजा-ब्रत बसिन्छ भन्ने उल्लेख पाइन्छ । श्री कृष्णजन्माष्टमीमा भगवान् कृष्णलाई भगवतीको यात्रा वा नृत्यको रूपमा पनि यिनको पूजा गरिने उल्लेख पाइन्छ । यस मन्दिरको पूजा गर्ने चलन सं १७७१ वि.सं. तिर डोरीका राजा पहाडी शाहीले संस्थागत रूपमा राखेको उल्लेख छ।

संरचनागत रूपमा हेर्दा यो मन्दिर दुई तलामा निर्मित भएको छ । मन्दिर वरिपरि बगैंचा र पाटी-पौवाहरू पनि रहेका छन् । छानाको चारै कुनामा पाँच टाउके नागहरू राखेको उल्लेख पनि गरेका छन् । यसको गर्भगृहभित्रको मुख छ इन्चको शिवलिङ्ग र २ वटा शालिग्राम भएको चर्चा गरेका छन् । शिवलिङ्ग सँगै गणेशको शिरमा किरीह मुकुट, शरीरमा जनै, एकहातले फर्सा र अर्का हातले माला समातेको देखिन्छ । यस मन्दिरको अगाडि ४० मिटर टाढा भष्ट देवताको २५×२८ फीटको करिब ९० फिट अग्लो ढुङ्गाकै छाना जुन नेपाली शैलीमा निर्मित भएको उल्लेख गरेका छन् । यसरी भट्टले शैलेश्वरी मन्दिरलाई डोटी जिल्लाको प्रमुख देवीको रूपमा पुजिँदै आएको ख्यातिप्राप्त मन्दिरको रूपमा चिनाउने प्रयत्न गरेका छन् । काठमाडौँको पशुपतिनाथ, गुह्येश्वरी मन्दिर गोरखको मनकामना जस्तै डोटी जिल्लाको शैलेश्वरी मन्दिर पनि निकै प्रख्यात रहेको कुरा उल्लेख गरेका छन् ।

### ४.६.९ **नेपाली साहित्यका क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल**

रामचन्द्र भट्टको यो लेखमा जम्मा ७ पृष्ठमा पृ. ४९ देखि पृ. ५५ सम्म समेटिएको छ। यो लेख हिन्दी भाषामा उल्लिखित छ । यहाँ रिमाललाई क्रान्तिकारी समालोचक, स्वतन्त्र

व्यक्तित्व काव्यजगत्का सृजना कर्ताका रूपमा उल्लेख गरेका छन् । उनी प्रगतिवादी कवि हुन् । प्रगतिवादी साहित्यिक चिन्तनबाट रिमाल चिनिन्छन् ।

गोपालप्रसाद रिमाललाई भट्टले यस लेखमा काठमाडौँ लगनटोलमा जन्मिउका मध्इमवर्गीय परिवारमा जन्मिएका सचते युवा नेताका रूपमा चिनाएका छन् । सामाजिक कुसंस्कारको विरोधी, उनी सन्त कवि दयानन्द सरस्वती, महात्मा गान्धी आदिको समाजसेवी भन्ने प्रवृत्ति पायन्छ । १९९७ सालमा तत्कालिनी राणा निरंकुश शासनकद्वारा चार शहीदलाई फाँसी दिइयो , त्यहीबाट रिमालमा पनि क्रान्तिकारी विचार धारामा संलग्न भए । रिमाल समालोचक , विचारक र उचच दृष्टा हुन् । उनले विरोध, आक्रोश, गरिबप्रति सहानुभूति देखाउँथे उच्च विचारका व्यक्तत्व पनि भनिन्छ । उनले तत्कालीन शासकको शासनको खिलाफ गर्दछन् । उनले प्रत्यक्ष विरोधको व्यङ्ग्यपूर्वक अभिनयात्मक ढङ्गले प्राथना गरेका छन् ।

म गर्छु देश सेवा बल देऊ लौ मलाई

म बाट होस् सबको आनन्द औं मलाई

कवि रिमाल नेपाल आमाको मनोदशा, उनको पीडा , र आकाँक्षाको सशक्त बोलीलाई उजागर गरेका छन् । क्रान्तिपुरुषको उच्च मूल्याङ्कन गरेका छन् । नेपाली जनताको आकाँक्षा बेदना वा स्वतन्त्रताको क्रान्तिकारी भावनाको व्यक्त गरेका छन् । उनले क्रान्तिदिवसको प्रतिक्षामा व्यङ्ग्य गर्दै लेखेका छन् -

'एक दिन एक चोटी आउँछन मा

सुतें भनी संभिएका सुरुसुरु हिड्छन्

मरेँ भनी फ्याकिएका जुरु जुरु उठ्दनछन् ।

यसरी गद्य साहित्इमा रिमालको 'मसान' 'यो प्रेम', नाम पूर्णाङ्गी नाटक लेख शिल्प विधानका दृष्टिले राणाकालीन सामाजिक पृष्ठभूमिको विलासितालाई पनि स्थान दिएका छन् । यो लेख भट्टको काशी हिन्दु विश्वविद्यालय भारतीय भाषा विभागमा २२ मार्च १९९० मा आयोजित राष्ट्रि सेमिनारमा 'क्रान्तिकारी कवि' को शीर्षकको लागि पढिएको थियो ।

## ४.६.१० नेपाली भाषा शिक्षणमा प्राथमिकदेखि प्रमाणपत्र तहका कक्षागत उद्देश्य तथा क्रियाकलाप'

नेपाली भाषा शिक्षणमा प्राथमिकदेखि प्रमाणपत्र तहका कक्षागत उद्देश्य तथा क्रियाकलाप शीर्षक या लेख पृ. ३३ देखि पृ. ४० सम्म जम्मा ८ पृष्ठमा समेटिएको यो लेख त्रि.वि. पाठ्यक्रम विकास, पूर्णाङ्क १७, २००२ सालमा प्रकाशित गरिएको छ ।

यसमा खासगरी भाषाशिक्षणको पाठ्यक्रम किन पढाउने ? कुन कुन अवस्थामा विद्यार्थीहरूलाई के कस्तो कुरा सिकाउने आदि कुरामा यसको विषय प्रस्तुति पाइन्छ ।

❖ **निम्न माध्यमिक कक्षामा नेपाली भाषा पाठ्यक्रमको उद्देश्यः**

-विद्यार्थीलाई बोल्ने , पढ्ने र अध्ययन कालमा दक्ष बनाउने ,

– भाषिक सिकाइमा रुचि जगाउनु, भाषिक सुन्दरतामा विकसित गराउनु,

– साहित्यप्रति रुचि जगाउनु

– भाषाको उत्तम प्रयोगद्वारा आत्मा सन्तुष्टि प्राप्त गर्न सघाउ पुऱ्याउनु

– भाषिक सीपको वृद्धि गराउनु

यही राष्ट्रिय उद्देश्य अनुरूप माध्यमिक तहको उद्देश्यलाई औंल्याउँदा

– श्रमप्रति श्रद्धा भाव जगाउनु आदि ।

– यसरी देशभक्ति राजभक्ति , तथा ईश्वरभक्तिप्रति आकृष्ट गराउने लक्ष्य रहेका छन् ।

❖ **प्रमाणपत्र तहमा भाषिक शिक्षणको उद्देश्य :**

– वर्ण विन्यास, सङ्गति, शासन, शब्द र वाक्य गठन स्तरीय, कथ्य वस्तुको शिक्षणमा जोड, ,

- व्याकरणमा आवश्यकता अनुरूप शब्द निर्माण प्रक्रिया, स्तरीय तत्सम शब्द विविध प्राविधिक शब्दावली, वाक्यपद्धति, उखान, वाक्यका आधारभूत तत्त्वका बारेमा जानकारी लिनु ,
- ज्ञान-विज्ञानका फाँटमा जानकारी लिनु,
- बोध र अभिव्यक्ति प्रणाली ज्ञान आदि

प्रमाणपत्रतहमा उल्लिखित उद्देश्य पूर्ण भएमा विद्यार्थीहरूका लागि सिकाईका बोध प्रणालीमा सघाउ पुग्दछ भन्ने निर्क्यौल भट्टको रहेको छ ।

### ४.७ समीक्षाको नौलो पाइला

यो कृति वि. स. २०४६ सालमा नेपाल चेयर काशी हिन्दू विश्वविद्यालय वाराणसीमा अतिथि प्राध्यापक रहँदा लेखक आर.सी. भट्टका नामबाट प्रकाशित भएको हो । प्रस्तुत कृतिमा समीक्षाको सैद्धान्तिक पक्ष भन्दा प्रयोगिक पक्षलाई ध्यानमा राखेर साहित्यका विविध विधा कविता, कथा, निबन्ध जस्ता रचना वा कृतिहरूको सङ्क्षिप्त समीक्षा गरिएको छ । यसबाट साहित्यका विद्यागत रचना गर्ने प्रणालीको जानकारी पाउन सकिन्छ । नेपाली साहित्यका केही न्यूनाधिक कृतिमाथि समीक्षा गरेर विधागत प्रायोगिक समीक्षा प्रणाली दर्शाउने अभिप्रयाले र बोध तथा अभिव्यक्ति अन्तर्गत समीक्षाको बोध गराउने तात्पर्यले यस्तो प्रयास गरेको देखिन्छ । भट्टले यसका लागि उदाहरण स्वरूप प्रा. घटराज भट्टराईका 'प्रतिभैप्रतिभा र नेपाली साहित्य' बाट चयन गर्ने क्रममा प्राज्ञिक प्रतिभा मध्ये डा. डिल्लीराम तिमसिनालाई रोजेका छन् ।

यस समीक्षात्मक कृतिमा भट्टले डा. तिमसिनाको कविता, कथा अनुदित कृति तथा प्रबन्ध र निबन्ध, सम्पादन कार्य समीक्षा गरी जम्मा चार परिच्छेदमा उल्लेख गरेका छन् । जसलाई ४४ पृष्ठमा समेटिएको छ ।

परिच्छेद एकमा **कविता समीक्षा** अन्तर्गत 'कवि र कविता' 'सम्झना कविताहरूको समीक्षा', 'विर्सन्न विर्सन्न है' कविताको समीक्षा र 'शाोभा' कविताको समीक्षालाई पृ. तीनदेखि छब्बीस सम्म समेटिएको छ ।

तिमसिनाको 'सम्भना' कविता संग्रह वि.सं. २०२७ पहिलो 'कविता कुसुमहरू' को पहिलो फूलबारी हो भन्ने कुरा भट्टले उल्लेख गरेका छन् । यस कृतिका बारेमा धेरै विद्वान् समालोचकहरूले टीका टिप्पणी गरेको देखिन्छ । यस कवितासंग्रहमा २२ वटा कविताहरू रहेको देखिन्छ ।

१. जानु बाटो कति, २) ट्यापी भ्याली ३) हाम्रो विहा (प्रणय साहित

४. भिक्टोरिया छाँगो ५) दशैं आयो (सांस्कृतिक) ६) टाइगर हिल

७) प्रतिक्षा ८) हामी के गरौं ९) अरुणोदय

१०) नाग (सुधारात्मक, सन्देशपरक) ११) मेरो प्यारो एक चेपा (देशभक्ति)

१२) अब के कविता लेखौं ? १३) तिम्रो मन क्यै सन्केला ,

१४) वर्चहिल १५) एकविचार १६) सम्भना १७) स्नेहप्रदीप

१८) नहेप १९) बालबालिकाहरूप्रति २०) नेपालप्रति (देशभक्तिपरक)

२१) च्यौता २२) बादलसित

**विर्सन्न-विर्सन्न है** कवितासंग्रह तिमसिनाको दोस्रो कविता संग्रह भएको र यसमा पद्यात्मक र गद्यात्मक गरी दुवै किसिमका कविता रहेको कुरा समालोचक भट्टले यहाँ उल्लेख गरेका छन् । यस कवितासंग्रहमा पद्य कविताअन्तर्गत (१) संवाद (२) मेरो गाउँको छेउछाउ (३) विर्सन्न विर्सन्न है ४) आत्मिक आनन्द ६) नेपाल भारत मैत्री ७) रविकिरण, ८) सिक्किम हेर्दा , ९) देश र तर्पण,

गद्यअन्तर्गत

१. कल्पना २. ढिल्याई ३. सुख ४ जीवन दर्शन

५. आसाम घुम्दा ६. हाम्रो राजधानी ७) आफ्नू आयु राख्न भुलेंछु ।

८. नयाँ पीढि ९. भानूदयप्रति १० रुनु-हाँस्नु ११. स्वार्थी मान्छे

१२. सगरमाथा

**शोभा** (२०३४) तिमसिनाको तेस्रो लघुकाव्य कविताको निजी घटनाको अनुभवको उपज हो । जुन आफ्नी सुपुत्री शाोभाको सम्झनामा उब्जिएको हो भनी भट्टले बताएका छन् । उक्त काव्य तिमसिनाकी १६ वर्षिया नवयौवना छोरी शोभाको निधन पश्चात उनको सम्झनास्वरूप जम्मा १६ वटा श्लोकमा आवद्ध गरिएर लेखिएको कुरा भट्टले उल्लेख गरेका छन् ।

परिच्छेद अन्तर्गत रामचन्द्र भट्टले **कथा संग्रह समीक्षा** शीर्षक दिएर पृ. २७ देखि ३१ सम्म तिमसिनाका ३ वटा कथासंग्रह 'चौबन्दी चोलो', फुटेको ऐना' र 'चिप्लेटी ढुङ्गो' को छोटो समीक्षा व्यक्त गरेका छन ।

यी तीन ओटै कथा 'त्रिवेणी' कथासङ्ग्रह जुन १९६० इ. मा पं. परमानन्द शर्माज्यू द्वारा वाणारसी दीपक प्रेसबाट छापिएको छ । 'चौबन्दी चोलो' भारती र चिप्लेटी ढुङ्गो', 'दीपक' पत्रिकामा प्रकाशित भैसकेको कुरा भट्टले तिमसिनाको कथासंग्रह अन्तगर्त उल्लेख गरेका छन् ।

परिच्छेद तीन अन्तर्गत '**अनूदित कृति तथा प्रबन्ध र निबन्ध समीक्षा**' शीर्षक राखी पृ. ३२ देखि ४० सम्म प्राचीन साहित्य, भाषा र साहित्य, काशी, प्रबन्धलता, बनारसको चिठी, बसिविँयालो, उपशीर्षकमा समावेश गरेका छन् ।

**प्राचीन साहित्य** : रवीन्द्रनाथको समीक्षात्मक र शोधनिबन्धहरूको नेपाली अनुवाद- भएको ई. १९६१ मा दार्जिलिङ्गबाट प्रकाशित यसमा पुराना साहित्यिक रचनाहरू (क) शाकुन्तल, ख) रामायण ग) धम्मपद, घ) गीता ङ) कुमारसम्भव च) मेघदूत इत्यादिको बङ्गाली भाषामा लेखिएको समीक्षाहरूको नेपाली अनुवाद भएको कुरा उल्लेख गरिएको छ ।

**भाषा र साहित्य**-यो किताब भाषिक चिन्तन खण्ड र साहित्यिक गरी दुई खण्डमा विषयवर्ग विभाजन गरिएको र २०४० मा प्रकाशित , निबन्धप्रबन्धहरूको सङ्कलन हो भनी उल्लेख गरिएको छ । पहिलो खण्ड भाषा र वर्णमा (१) भाषाविज्ञान : परिचायक (२) लिपि र वर्ण ३) संस्कृत पक्ष ग्रन्थहरूमा वर्णोच्चारण विधि र ध्वनि ४) आधुनिक भाषाविज्ञानका .....५) शैलीविज्ञान, ६) व्यतिरेकी विश्लेषण ७) नेपाली भाषाको विकासको वृत्तान्त ८) नेपाली र हिन्दी भाषाको ऐतिहासिक सम्बन्ध, र दोस्रो खण्डअन्तर्गत साहित्यपरक लेखहरू १) नेपाली वाङ्मयको अनुकल्पना र संरक्षण २) नेपाली साहित्थ्यका इतिहासको इतिहास ३) ... साहित्य स्रोत ४) समालोचना र समालोचक ५) मीनबहादुर राणा : एक चिनारी ६) धरणीधर शर्मा कोइरालाका

दुई ओटा पत्र ७) मानसका सम्बन्धमा भानुभक्तको नेपाली रामायण ८) हिटरल र यहुदी एक अध्ययन ९) औचित्य सम्प्रदायका प्रर्वतक महाकवि क्षेमेन्द्र १०) नेपाली साहित्कि पत्रपत्रिका आदी उपशीर्षक रहेको कुरा भट्टले उल्लेख गरेका छन् ।

'**काशी**' १९८८ मा प्रकाशित ३ ओटा निबन्धको सङ्कलन भएको र यसको दोस्रो संस्करण २०४६ मा प्रकाशित भएको र यसमा सांस्कृतिक नगरी वारणसीमा विद्या र धर्मको मूलभूत काशीको महत्वमाथि प्रकाश पारिएको छ ।

'**प्रबन्धलता**' - २०१० मा प्रकाशित र दार्जिलिङ्गमा बस्दा लेखिएको प्रबन्धहरूको सँगालो हो । जसमा १) लता २) अध्ययन २) साहित्य और राजनीति ४) गौतमबुद्ध र उनको सन्देश शिक्षा ५) छात्र आन्दोलन ६) देवकोटाः एक अध्ययन ७) हाम्रो तीन मनुष्यहरू ८) भानुभक्तको दार्शनीक पक्ष ९) विश्वकवि रवीन्द्र १०) भानुभक्तका छन्दको प्रभाव ११) नेपाल र संस्कृत शिक्षा १२) नेपाली सङ्गीतको एक झल्को गरी १२ वटा निबन्धहरू सङ्कलित रहेको कुरा उल्लेख गरेको देखिन्छ ।

'**बनारसको चिठी**' डा. तिमसिना बनारसमा रहँदा २०२५ मा आवासमै लेखिएको पत्रात्मक निबन्धसंग्रह बनारसको चिठ्ठीमा (१) नेपाली जीवनमा बनारस (२) नव नेपालमा साहित्यकारहरूको दायित्व (३) बद्री - केदारयात्रा (४) आसाममा नेपाली साहित्यसम्बन्धी काङ्ग , (५) नेपाली समालोचना साहित्यसम्बन्धी विचार (६) काव्य साहित्य र नेपाली साहित्य (७) कुमारी विलाप र सतिको सराप (८) तमिल भाषा र साहित्य (९) महामना मानवीय र काशी हिन्दु विश्वविद्यालय गरी नौ सय चिठ्ठीहरूको शीषृक उल्लेख गरिएको छ ।

**वसिवियालो** २०३० सालमा वाराणसीमा लेखिएको यो शोधपरक , भाषिक साहित्यिक शैक्षिक आदि विषयपरक निबन्ध प्रवन्धहरू सङ्लित गरिएको कृति हो । यसमा विषयक्रम अनुसार प्रत्येक खण्डमा क्रमशः भाषाविषयक ३ ओटा शिक्षाविषयक २ ओटा र विविध खण्डअन्तर्गत विषय वैविध्य अनुरूपको १६ ओटा विषय शीर्षकहरूमा म लेखिएका मलेखहरू प्रस्तुत गरि एको कुरा समालोचक भट्ट उल्लेख छन् । परिच्छेद चार अन्तर्गत सम्पादनकार्य समीक्षा शीर्षक राखि प्र. ४१ देखि ४४ सम्म वाणी साधना, काव्य मीशोध र ज्ञान विज्ञानको दिशा विज्ञानको दिशा उपशीर्षक म रहेका छन् ।

पुस्तक सम्पादन अन्तर्गत ज्ञान विज्ञानको दिशा (२०३३) र काव्य मीमांशा देखिन्छन् भने पत्रिका सम्पादन अन्तर्गत वाणी साधना (२०३८-२०३९-४०) (संयुक्त, २०४१(२०४२ (संयुक्त) गरी पँच अङ्कहरू प्रकाशित गरिएको कुरा उल्लेख गरिएको छ ।

'**काव्यमीमांशा**'- ने.रा.प्र. को काठमाडौँको प्रकाशनमा वि.सं. २०३० मा नेपालीमा संस्कृत ग्रन्थहरूको अनुवाद गर्दै ने.रा.प्र. प्र. को उद्देश्य मुताविक संस्कृत साहित्यको लाक्षणिक ग्रन्थ कविराज, राजशेखरको काव्यमीमांशाको नेपालीमा प्रकाशन गर्ने कार्य तिमसिनाले गरेको कुरा भट्टले यहाँ उल्लेख गरेका छन् ।

'**ज्ञान–विज्ञानको दिशा**' को सङ्कलन र सम्पादन २०३५ वाणारसीमा रहँदा गरेको प्रतिनिधिले लेखहरूको सङ्कलन हो भनी समालोचक भट्टले औंल्याएको पाइन्छ ।

समग्रंमा 'समीक्षाको नौलो पाइला' साहित्यिक कृति समीक्षा (मौलिक) तिमसितना र नेपाली साहित्य र शीर्षकमा लेखक आर.सी. भट्टद्वारा लिखित र वि.सं. २०४६ वाणारसीबाट प्रकाशित यस कृतिमा जममा ४४ पृष्ठ छन् । पाँच परिच्छेदमा पाँच शीर्षक कविता समीक्षा परिच्छेद एक अन्तर्गत चार कथासंङ्ग्रह समीषा परिच्छेद दुईमा , तीन अनूदित कृति तथा प्रबन्ध र निबन्ध समीषा , परिच्छेद चारमा तीन उपशीर्षक राखेर समालोचनक रामचन्द्र भट्टले समीषाको सैद्धान्तिक पक्षलाई भन्दा प्रायोगिक पक्षलाई ध्यानमा राखी डा. डिल्लीराम तिमसिनाको साहित्यिका विविध पाटालाई समीक्षाको नमुनाका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.८ . पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक

रामचन्द्र भट्टको एउटा महत्वपूर्ण समालोचनात्मक कृतिको नाम हो - पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक (केही पक्ष) । यस पुस्तकको प्रकाशन २०५६ वैशाख महिनामा भएको हो । प्रकाशको रूपमा सगरमाथा फाइनान्स सहकारी संस्था लि. ललितपुरबाट प्रकाशन भएको हो । उमा जम्मा ११५ पृष्ठ छन् । दुई भागमा बाँडिएको यस कृतिको भाग १ मा 'समालोचना सिद्धान्त' उपशीर्षक राखि दश अङ्कमा समावेश गरिएको छ ।

यस पुस्तकमा भट्टले शब्दशक्ति विमर्शअन्तर्गत अभिधा, लक्षणा र व्यञ्जनाको प्रारूप देखाई शब्द र अर्धको बारेमा उल्लेख गरिएको पाइन्छ । यो तीन (लक्षण, व्यञ्जना र ठानिधाको)

प्रारूपलाई एकीकृत गर्न यो सफल अध्याय मानिन्छ । यसमा भट्टले यी शब्द शक्तिका रुवरूप परिभाषा, भेदउपभेद, लक्ष्यार्थ र व्यङ्ग्यार्थ आदि तत्वलाई चिनाउने प्रयास गरिएको छ ।

यस पुस्तकको पहिलो अङ्कमा भट्टले शब्दशक्ति विमर्शअन्र्तगत अभिधा, लक्षणा र व्यञ्जनाको प्रारूप देखाई शब्द र अर्थको बारेमा उल्लेख गरिएको पाइन्छ । यो तीन (लक्षण, व्यञ्जना र अविधाको) प्रारूपलाई एकीकृत गर्न यो सफल अध्याय मानिन्छ । यसमा भट्टले यी शब्द शक्तिका स्वरूप परिभाषा, भेदउपभेद, लक्ष्यार्थ र व्यङ्ग्यार्थ आदि तत्वलाई चिनाउने प्रयास गरेका छन् । दोस्रो अङ्कमा अलाङ्कार सम्बन्धि विमर्श उपशीर्षक राखी अलङ्कारको परिभाषा, वर्गीकरण र औचित्य विकासक्रम र अलङ्कारबादको मूल्याङ्कन तेस्रो अङ्कमा ‘काब्य सम्बन्ध’ अन्तर्गत विभिन्न पूर्वीय विद्वानहरूले काव्यका वारेमा दिएका परिभाषाहर उल्लेख गरेका छन् भने चौथो अङ्कमा काव्य सृजनाको हेतु र काब्य प्रयोजनका बारेमा उल्लेख गरेका छन् । पाँचौ अङ्कमा ‘काव्य गुण’ अन्नार्तत गुणको चिनारी, त्रिगुणवादको स्थापना काव्यशोभाकारकतत्व रूपमा गुणको भूमिका पर्दछन् ।

छैटौं अङ्कमा प्रायशः रस रस सिद्धान्तसम्बन्धी विवरण प्रस्तुत गरिएको छ । जसमा रसको सङ्क्षिप्त परिचय दिंदै साधरणीक सरको रुवरूप, रसास्वादन प्रक्रिया , सर निष्पत्तिका प्रमुख मान्यता र प्रवृत्तिबारे पनि उललेख गरिएको देखिन्छ ।

सातौ अङ्कमा ध्वनि विमर्शअन्तर्गत (ध्वनि सिद्धान्तको परिचय, ध्वनि सम्प्रादायको परिचय, ध्वनि सिद्धान्तको प्रयोजन र रस सिद्धान्तजस्ता विषयमा केन्द्रित रहेको पाइन्छ ।

आठौं अङ्कमा प्रायः काव्यदोष शीर्षक रहेको छ । जसमा काव्यदोषको मुख्य अभिप्रायः र काव्यदोषहरूको प्रमुख परिचय दिने काम यसमा भएको छ । उनले देखाएका ती काव्यिक दोषका भेदहरूलाई पददोष, पदांश दोष, वाक्यदोष, अर्थदोष, रसदोष अन्तर्गत राखेका छन् । यसरी काव्यिक दोषहरूबारे उनले स्पष्ट पार्ने काम गरेका छन् ।

त्यस्तै नवौ अङ्कमा रीतिसिद्धान्तको परिचय र व्याख्या दिने काम भएको छ । जसअन्तर्गत रीतिको परिभाषा, स्वरूप र उपादेयतालाई पनि यसमा उल्लेख गरेको देखिन्छ । उनले गौढी, पाञ्चाली र वैदर्भी रीतिको पनि वर्गीकरण गर्दै काव्यिक गुणको बारेमा चर्चा परिचर्चा पनि

गरेका छन् । उनले रीति र शैली, रीति र गुण, रीति र मार्गको पनि स-विस्तार उल्लेख गर्ने काम गरेका छन् ।

अङ्क दशअन्तर्गत यहिँ बक्रोक्ति सिद्धान्त को परिचय काव्यले वक्रताका विषयमा वर्ण विन्यास, पद पूर्वार्द्ध प्रत्यायाश्रित, वाक्य वक्रता, प्रकरण वक्रता, प्रबन्धवक्रता गरी जम्मा ६ वटा अवान्तरभेद-उपभेद देखाउने प्रयास गरेका छन् ।

यस ग्रन्थको भाग २ अन्तर्गत पौरस्त्य (संस्कृत) साहित्यको भलक मा पौराणिक संस्कृत लोककथा, लोकगाथा, धार्मिक ग्रन्थ वा नीतिकयात्रा विधिविधान अन्तर्गत राखिएको पाइन्छ । रामचन्द्र भट्टले धीमदुभगवत् गीताको दोस्रो अध्यायअन्तर्गत गीताको दार्शनिक अर्थ र त्यसको कार्यव्यापारको बारेमा उल्लख गरिएको पाइन्छ । यस ग्रन्थबाट भट्टले गीतालाई कर्मवादीचिन्तन, चिन्तन, श्रवण र मननको रूपमाचिनिन्छ । यसमा गीतालाई निष्काम कर्मयोगका रूपमा परिचित गराइएको छ । कर्मयोगदेखि विमुख हुने अर्जुनलाई श्रीकृष्णले उजागर गराएको सन्देश यसमा देखाइएको छ । यसमा सर्वोपरी कर्मयोगको बारेमा उल्लेख गरिएको छ ।

यसअन्तर्गत भट्टले ‘कुमारसंभव’ महाकाव्य, यसको कथानाक र समीक्षण, कथााि आदिका चर्चा पनि पाइन्छ । यसमा साथै यसको पद्यानुवाद पनि गरेको पाइन्छ ।

भट्टले स्वप्नावासवदत्त’ नाटकको पनि चर्चा गरेका छन् । स्वप्नवासवदत्त नाटकमा खासगरी प्रथमोध्यायले श्लोकलाई अर्थमा रूपमान्तरण पनि गरेका छन् । यसरी नै रामचन्द्र भट्टले यस पुस्तकारबाट संस्कृत वाङ्मयका विविध अंशलाई एकीकृत गरी पूर्वीय दर्शनशास्त्रको आधारमा हेर्ने प्रयत्न गरेको छ । यस्तो कृतिबाट प्राप्त भावबाट साहित्यको पूर्वीय सिद्धान्तलाई पनि प्रतिपादित गरेको पाइन्छ । यस पुस्तकमा संस्कृत साहित्यको परम्परित ग्रन्थको अनुवाद गर्ने कार्यबाट पनि प्रभावित भएको पाइन्छ । यसरी यस कृतिले समग्र संस्कृत वाङ्मयको परिचय दिने कार्य गर्दछ । यरी यहाँ स्वप्नवासवदत्तलाई अनुवादको मूल पाठसँग मिलाई यसलाई परिशिष्ट भागमा राख्ने काम भट्टले गरेका छ ।

यसरी यस समालोचना कृतिमा काव्यमा अलङ्कार, काव्य परिभाष, हेतु र प्रयोजन, काव्यका गुण-दोष रसस्वरूप, ध्वनि, रीति एवम् बक्रोक्तिसिद्धान्तको पनि परिचय दिने काम भएको छ । यहाँ आनन्दवर्धनकमो ध्वन्यानार्थक कुन्तकको वक्रोक्ति मम्मटको काव्यप्रकाश ,

विश्वनाथको साहित्यदर्पण जस्ता आलोचनात्मक ग्रन्थहरूबाट विविध विषय पनि प्रस्तुत गरिएको छ ।

### ४.९ साहित्येत्तर कृतिको अध्ययन

रामचन्द्र भट्टले साहित्यिक कृतिका साथसाथै केही साहित्येतर कृतिको पनि रचना गरेका छन् । जसको छोटो जानकारी सहित अगल-अलगरूपमा यसरी उल्लेख गर्न सकिन्छ -

### ४.९.१ श्री पशुपतिनाथ एक परिचय

रामचन्द्र भट्ट धर्म-कर्मप्रति निकै आस्था र प्रतिष्ठा राख्दछन् । भगवानप्रति उनी अत्यन्तै विश्वास राख्दछन् । तसर्थ भगवान पशुपतिनाथको स्तुतिगान गाइएको लेखक, रामचन्द्र भट्ट 'शास्त्री' र प्रकाशक सहप्राध्यापक नारायणप्रसाद भट्टका नाममा उक्त कृति रचना गरेको पाइन्छ । प्रस्तुत कृति '**पशुपतिनाथ : एक परिचय**' एउटा राष्ट्रदेवप्रतिको समपर्ण हो । यो पशुपतिनाथको सम्बन्धमा उठेको जिज्ञासा समाधान गर्ने क्रममा तयार भएको एउटा समान्य प्रयास हो । मोटामोटी रूपमै भए पनि सर्वसाधारणलाई पशुपतिनाथका बारेमा बढी जानकारी दिलाई धर्मप्रति आस्था जोगाउन प्रयास गरिएको छ ।

यस कृतिमा जीवात्माको इहलौकिक र पारलौकिक कल्याणका लागि धर्मभन्दा अरु कुनै पदार्थ ठूलो छैन भन्दै 'धर्म एकोहि निश्चल' उक्ति अनुसार सबै वस्तुहरू चञ्चल वा अस्थिर हुन्छन् । धर्म नै केवल स्थिर रहन्छ, जो देहको अवसानपछि पनि आत्माको साथ संस्कार बनेर पछि लाग्दछ । यो कृति बाट लेखकले धर्मप्राण एवमं समस्त श्रद्धालु साक्षर पुरुष तथा महिलाहरू लाभाविन्त हुने आशा व्यक्त गरेका छन् ।

२०४६ सालमा प्रकाशित र २०४७ मा द्वितीय संस्करणका रूपमा प्रकाशित यस कृतिमा भट्टले रुद्धाक्ष महात्म्य र स्नेयहरू सन्विेश गर्दै पाइएका सामग्रीबाट वस्तु संग्रह एवम् संग्रह गरी समन्वय गरी लेखेको पाइन्छ । यस कृतिमा प्राक्कथन, द्वितीय संस्करणमा भनाई सहित जम्मा ३२ पृष्ठ छन भने पशुपति शब्दको निर्वचन, प्राग्ऐतिहासिकता, ऐतिहासिकता, मूर्ति स्वरूप र आस्था , दर्शन, ध्यान र पूजा विधि, विशेष पर्व र यात्रा पशुपतिक्षेत्र, रुद्राक्ष महात्म्य, गणेश स्तुति, शिवमानस पूजा, बाबा पशुपतिनाथको आरती, भगवती स्तोत्र (गुह्येश्वरी स्तोत्र) धार्मिक क्षेत्रहरू गरी जम्मा १३ वटा उपशीर्षकमा पशुपतिनाथको स्तुति गाइएको पाइन्छ ।

हेर्दा निकै छोटो देखिएता पनि भगवान् पशुपतिनाथका बारेमा जान्न चाहने र धर्मप्रति आस्था राख्ने हर कोहीलाई उक्त कृति निकै उपयोगी देखिन्छ ।

### ४.९.२ प्रूफ रिडिङ्ग कला

संकलन तथा सम्पादन पं. रामजी भट्ट र प्रकाशक प्रा. रामप्रसाद मिश्र रहेको उक्त प्रूफ रिडिङ्ग कला' २०५१ सालमा प्रकाशित भएको हो । यसमा जम्मा १२ पृष्ठ छन् । यो कृति सम्पादन र कार्यको प्रयोजनका निम्ति लेखिएको हो । यसका साथै मुद्रण वर्ण विन्यासको शुद्धाशुद्धीको नमुना पनि यसमा देखाइएको छ ।

# पाचौँ परिच्छेद

## उपसंहार

वि.स. १९९८ भाद्र ३ गते सोमार अर्थात १८ अगष्ट १९४१ इ. मा डोटी जिल्लाको सदरमुकाममा रहेको दि.सि.न.पा. वडा नं. १ सिलगाउँमा पिता उमाकान्त भट्ट र माता विनोदिनी देवी भट्टका चार भाइ छोराहरूमध्ये साहिला सुपुत्रका रूपमा जन्मेका रामचान्द्र भट्टको बाल्यकाल आफ्नै घरमा कुनै आपतविपत विना सुखसयलका साथ बितेको देखिन्छ । उच्चमध्यम वर्गीय परिवारमा जन्मेका भट्टको अक्षरारम्भ घरमै बुवा प.उमाकान्त भट्टबाट गराइएपछि भट्ट कक्षा एक र दुई नपढीकनै सिधै स्थानीय पद्मपब्लिक मा.वि. मा कक्षा तीनमा भर्ना भए र सोही स्कुलबाट टेष्टपरीक्षा उत्तीर्ण गरी चौखण्डा उच्च मा.वि. बारबणसीबाट म्याट्रिक उत्तिर्ण गरे । बोर्ड आफ हाइस्कुल एण्ड इन्टरमिडियट एजुकेशन उत्तर प्रदेश इलाहाबादबाट पूर्ण गरेपछि त्रि.वि. बाटै नेपाली विषयमा एम. ए.पि.एचाडी. गरेका छन् । त्यसबेलाको ठिकै तर हालको निकै छिटो १७ वषको उमेरमा १२ वर्षकी मन्दाकिनी जोशीसँग लगनगाँठोमा बाँधिएका रामचन्द्र भट्टका ती सन्तान डमरुचन्द्र भट्ट, भरत भट्ट र पार्वती भट्ट छन् ।

आर्थिक हिसाबले सम्पन्न परिवारकै भए तापनि रामचन्द्र भट्टले २०१६ सालदेखि नै स्थानीइ पद्मपब्लिक मा.वि.बाट नै जागिरे जीवन प्रारम्भ गरी पढाइलाई पनि उत्तिके महत्व दिदै एम. ए. उत्तिर्ण गरी विभिन्न ठाउँमा रहको त्रि.वि. अर्न्गतका क्याम्पसहरूमा प्राध्यापन पेशाका विभिन्न आहदामा रही अन्तमा त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्राध्यापक भई २०६१ साल चैतमा औपाचारिक रूपमा जागिरे जीवनबाट अनिवर्य अवकास लिएका छन् । स्थाथी वसोवास र पुर्ख्यौली थलो डोटीमै भए पनि २०३३ सालमा काठमाडौंको बत्तिसपुतलीमा सानो घर बनाएर वसोवास गर्दै आएका भट्ट अवकास पछिका दिनमा भट्ट कहिले डोटी त कहिले काठमाडौं बस्दै आएका छन् ।

आध्यात्मवादका कट्टर पुजारी रामचन्द्र भट्ट एक सादा जीवन र उच्च विचारका व्यक्ति हुन् । आफूलाई सधै अध्ययन अध्यापनमा संलग्न गराई राख्ने भट्टको परिवार एक सभ्य, सुसंस्कृत र शिक्षित भएकाले पढाई प्रति उनी पहिले देखि नै तीक्ष्ण बुद्धिका थिए र एक ब्राह्मण परिवारमा जन्मेकाले उनलाई पौरत्स्य साहित्यको निकै राम्रो दखल छ । अत्यन्त मिलनसार, लगनशील, इमानदार र कर्मठ व्यक्ति रामचन्द्र भट्टलाई साहित्य लेखनतर्फ सर्वप्रथम पारिवारिक

पृष्ठभूमिले नै अभिप्रेरित गरेको उनी दर्शाउँछन् । ततपश्चात् अध्ययन, अध्यापन गर्दै जाने क्रममा पूर्वेली र पाश्चात्य साहित्य र साहित्यकारको प्रभाव र प्रेरणाले उनलाई साहित्यिक व्यक्तित्व प्रदान गरेको देखिन्छ ।

बाह्य रूपमा हेर्दा रामचन्द्र भट्ट पाँच फिट दुई इन्च अग्ला, गहुँगोरो वर्ण, सानो कद, गोल खैरा आँखा लाम्चो नाक, साना कान, सेतो फुलेको कपाल, जम्मा ५२ किलोग्राम तौल, प्राकृतिक दाँत, हँसमुख देखिन्छन् । जति वाह्य व्यक्तित्व आकर्षक र प्रभावकारी देखिन्छ त्यसभन्दा बढी आन्तरिक व्यक्तित्व अझ उच्च र प्रभावकारी रहेको छ ।

साहित्यका क्षेत्रमा फाटफुट रूपमा विविधपत्र पत्रिकामा लेखहर प्रकाशित हुँदै आए तापनि २०४२ माघको गरिमा पत्रिकामा 'नेपालीको विकासमा श्री ५ विरेन्द्रको व्यक्तित्व' शीर्षकको निबन्धात्मक लेख पहिलो लेखका रूपमा देखापर्छ । पुस्तकाकार रूपमा नेपाली साहित्यमा भट्ट खासै देखा नपरे तापनि २०४६ मा आफ्नी आमाको अवसान पश्चात उनैको सम्झना स्वरूप 'आमाको सम्झना' नामक खण्डकाब्य प्रकाशित गरेका छन् । त्यसपछि 'कविता कामिनी विनोद' खण्डकाव्इ हुँदै 'प्राज्ञिक त्रिवेणी' निबन्धात्मक कृति, पौरत्स्य समालोचना सिद्धान्त, समीक्षाको नौलो पाइला समीक्षात्मक कृतिका साथै केही सात्यित्तर कृति र अनवाद र सम्पादन पनि गरको छन् । कथा, उपन्यासका क्षेत्रमा भने भभ्ट्टको कलम चलेको देखिदैन । यद्यपि उनी अहिले सम्म साहित्यमा साधनारत छदैछन् तसर्थ यी विधाका कृतिहरू नआउलान भन्न सकदैनन् रामचन्द्र भट्टको पहिलो प्रकाशित पुस्तकाकार कृति आमाको सम्झना (२०४६) खण्डकाव्य हो । पहिलो र दास्रो उद्वास री दुई भागमा विभक्त उक्त कृति निकै छोटो अर्थात जम्मा १८ पृष्ठ र ५६ श्लोक अनि विविध छन्दहरू रहेका छन् । यो खण्डकाल्इात्मक कृता हो कसै-कसैले यसलाई शोककाव्य पनि भनेका छन् । आफ्नी आमाको देहावसान पश्चात उनको सम्झनामा लेखिएको भट्टको यो एक उत्कृष्ट काव्य हो ।

छोटै खण्डकाव्यमा रूपमा २०४६ सालमै भट्टको 'कपविता कामिनी विनोद, शीर्षक रहको दोस्रो खण्डकाव्यात्मक कवित प्रकाशित भएको देखिन्छ । यो पनि जममा १६ पृष्ठ र ४८ श्लोकमा वस्तु निर्देश, उपभक्रम र कथानक गरी तीन चरणमा विभाजन गरिऐ छ । यसमा कलि प्रेमी, प्रेकि वा नायक, नयिकाको मिलन विछोडको सन्दर्भलाई बडो कलात्मक तरिकाले

देखापर्ने मनमुटाव शंका उपशंकालाई राम्रोसँग केलाएका छन् । सत्यम् शिवम् र सुन्दरमको भाव यसमा प्रतिबिम्बित हुन गएको छ ।

तेस्रो कृतिमा रामचन्द्र भट्टले साहित्यको विधा परिवर्तन गरी विविध पत्रपत्रिकामा छरिएर रहेका आफ्ना निबन्धात्मक लेखहरूलाई सङ्ग्रह गरी २०४६ सालमै ११ वटा निबन्ध रहेको निबन्ध सङ्ग्रह 'प्राज्ञिक त्रिवेणी' नाम दिई प्रकाशन गरेको देखिन्छ । हिन्दी संस्कृति र नेपाली गरी तीनवटा भाषामा लेखिएका लेखहरू रहेकाले सो नाम रहेको उल्लेख गरिएको छ । जसमा जम्मा ६० पृष्ठ छन् । अधिक लेख धार्मिक प्रकृतिका रहेका छन् ।

'समीक्षाको नौलो पाइला' नामकरण गर्दै समीक्षाको सैद्धान्तिक पक्षभन्दा प्रायोगिक पक्षलाई महत्त्व दिंदै २०४६ सालमा डा. डिल्लीराम तिमसिनालाई रोजेर अर्को समालोचनात्मक कृति प्रकाशन गरेका छन् । जुन कृति कविता कथा र निबन्धको समीक्षा गरी तीन परिच्छेदमा विभक्त छ ।

रामचन्द्र भट्टले २०५६ सालमा 'पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक' नामकरण गरी समालोचनात्मक कृति प्रकाशन गरेका छन् । जुन कृति पूर्वीय साहित्य सिद्धान्तका बारेमा जान्न चाहने हरकोहीलाई सहायकसिद्ध हुन जान्छ र नेपाली विषय अध्ययन गर्ने विद्यार्थीको पाठ्यपुस्तकका लागि सहायक देखिन्छ ।

समग्रमा भन्नुपर्दा रामचन्द्र भट्ट स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व हुन् । स्रष्टा व्यक्तित्व अन्तर्गत थुप्रै विधामा कलम नचलाए तापनि उनले थोरै भए पनि काव्य र निबन्धका फाँटमा योगदान प्रदान गरेका छन् । निबन्धका क्षेत्रमा फाटफुट निबन्धका साथै एघारवटा निबन्ध रहेको 'प्राज्ञिक त्रिवेणी' नामक निबन्ध सङ्ग्रह २०४६ सालमा प्रकाशित गरेको यी निबन्धहरूलाई अध्ययन गर्दा वस्तुपरक , चिन्तनशील, विचारशील, तार्किकता भन्दा पनि हार्दिकता, आदर्श, धार्मिक भावनाले ओतप्रोत भएका देखिन्छन् । समय सापेक्ष अनुसार आफूलाई परिमार्जित गर्न सक्नुपर्छ भन्ने विचार अभिव्यक्त गर्ने भट्ट परिष्कारवादी निबन्धकार हुन् । उनका प्रायः जसो निबन्धहरू आध्यात्मिक भएबाट पनि यस कुराको पुष्टि हुन्छ । यिनका निबन्धहरूमा भाषिक प्रोढता, शैलीगत सचेतता, सुगठित विषयवस्तु पाउन सकिन्छ ।

आमाको सम्झना (२०४६), कविता कामिनी विनोद (२०४६) नामक दुईवटा छोटा खण्डकाव्यमार्फत काव्यकार बन्न पुगेका रामचन्द्र भट्टका काव्यमा भाव, भाषा, शैली, छन्द,

अलङ्कार र प्रसाद गुणजस्ता काव्यका गुणहरू प्रचुर मात्रामा पाइन्छन् । उनका काव्यमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । श्रृङ्गारिक र करुण रसले ओतप्रोत उनका काव्यमा छन्द, अलङ्कार आदि काव्यिक तत्वहरूको निकै कुशलतापूर्वक प्रयोग भएको पाइन्छ । जीवनका क्रममा आइपर्ने सुख-दुःख, आँशु-हाँसो, उकाली-ओराली, माया-पिरती, मिलन-विछोड आदिको यथार्थ प्रस्तुति साथै हृदय छुने व्यक्तिगत जीवनका संस्मरणीय भाव उनका काव्यात्मक कृतिहरू पाउन सकिन्छ । चरित्र अनुरूपको विचार अभिव्यक्त गर्ने रामचन्द्र भट्ट सादा जीवन उच्च विचारका एक कुशल व्यक्तित्व हुन् । उनका काव्यहरूमा प्रयोग गरिएका पात्रहरू चाहे ती नारी हुन् वा पुरुष उच्च विचारका साथ देखा परेका छन् र वसुदैव कुटुम्बकम्को भावनाले प्रेरित छन् ।

अन्य व्यक्तिका कृतिहरूलाई पूर्वीय शास्त्रीय मान्यताको कडीमा राखेर सूक्ष्मातिसूक्ष्म ढङ्गबाट विवेचना र समालोचना गर्ने भट्ट आफ्ना कृतिको पनि सोही अनुरूप आलोचना गरियोस् भन्ने चाहन्छन् । साहित्यिक क्षेत्रमा पनि चाकडी र चाप्लुसि प्रथा विद्यमान रहेकाले र स्तुतिपरक समालोचना कायमै रहेकाले यसको घोर विरोधीका रूपमा उनी देखापर्दछन् । धर्म र आध्यात्मप्रति निकै अभिरुचि राख्ने रामचन्द्र भट्ट आफ्ना कृतिहरू मार्फत सांसरिक विषयवस्तु र भोग लालसामा भुल्नु भ्रमको खाडलमा रहनु मात्रै हो । यसबाट हामीले मुक्त रहनुपर्दछ भन्ने अभिमत प्रकट गर्दछन् । मरणशील जीवनलाई सार्थक तुल्याउनका लागि आफ्नो धर्म र संस्कृतिको अध्ययन र मनन गर्दै पूर्वजहरूले बनाएको पद्धति अनुसार चरित्र र आचरण निर्माण गरी मोक्ष प्राप्त गर्नु नै जीवनको लक्ष्य हो र यसैबाट सवैको जीवन सफलीभूत हुन्छ भन्ने जीवनदर्शन रामचन्द्र भट्टको रहेको छ ।

अन्तयमा रामचन्द्र भट्ट नेपाली साहित्यको एउटै विधामा मात्र निरन्तर कलम नचलाइकन विधा परिवर्तन गर्दै काव्य, निबन्ध हुँदै समीक्षासम्म पुगेका छन् । थोरै भए पनि यी विधामा भट्टले योगदान प्रदान गरेका छन् ।

## सम्भावित शोध शीर्षकहरू

(क) रामचन्द्र भट्टको व्यक्तित्वको अध्ययन,

(ख) काव्यकमार रामचन्द्र भट्ट,

(ग) निबन्धकार रामचन्द्र भट्ट ।

## सन्दर्भसामग्री सूची


आचार्य, विश्वनाथ, **साहित्य दर्पण** दो.सं. वाराणसीः चौखम्बा विद्याभवन, सन् १९६० ।

ओझा, रामनाथ र गिरी, मधुसुधन, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र**, काठमाडौं, न्यू हिराबुक्स इन्टरप्राइजेज, २०५८ ।

उपाध्याय, रामजी, **कविता कामिनी विनोद**, अच्युत सुवेदी, दूधविनायक वाराणसी, २०४६ ।

घिमिरे, तीर्थराज, **दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्तानकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

ढुङ्गाना, लावण्यप्रसाद र दाहाल घनश्याम, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,** काठमाडौं, भुँडीपुराण प्रकाशन, २०५७ ।

दाहाल, टीकादत्त, **जगन्नाथ शर्मा त्रिपाठीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

पाठक, मुकुन्दप्रसाद **भरतराज शर्मा 'मन्थलीय' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५६ ।

भट्ट, रामचन्द्र, **आमाको सम्झना** आँसुः शोककाव्य, वाराणसीः सर्व हितैषी कम्पनी, २०४६ ।

----, आर.सी., **साहित्यिक कृति समीक्षा**, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, २०४६ ।

----, रामचन्द्र **प्राज्ञिक त्रिवेणी**, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, २०४६ ।

----, -------, **पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक**, सगरमाथा फाईनान्स सहकारी लिमिटेड ललितपुर, काठमाडौं, २०५६ ।

मैनाली, नर्वदा, **डी.पी. अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५६ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** अप्रकाशित, विद्यावारिधि शोधबन्ध, काठामाडौंः त्रिभुवन विश्वविद्यालय, २०५८ ।

-----, ------------, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान , २०६० ।

सिलवाल, आनन्दराज, **प्रेम छोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

सुवेदी, हेमराज, **राजेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

शर्मा, अलका, **नयराज पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

----, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **शोधविधि**, दोस्रो संस्क काठमाडौंः साझा प्रकाशन, २०५५ ।

श्रेष्ठ , ईश्वरकुमार, **पूर्वीय तथा पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यता, वाद र प्रणाली,** साझा प्रकाशन, २०५१ ।

त्रिपाठी, वासुदेव र अन्य , सम्पा. **नेपाली कविता भाग ४,** तेस्रो संस्क. साझा प्रकाशन, २०५४ ।